**शोधनिर्देशक**
श्री मुकुन्दप्रसाद गुरागाई
(शिक्षण सहायक)
नेपाली विभाग
महेद्ररत्न बहुमुखी क्याम्पस इलाम

# साहित्यकार याम थुलुङ (राई) को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तरगत महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाम नेपाली
विभाग अन्तरगत स्नातकोत्तर तह (एम.ए.) दोस्रो
वर्ष दशौं पत्रको प्रयोजनका लागि
तयार पारिएको

# शोधपत्र

शोधार्थी
लोकराज लिम्बू
परीक्षा रोल नं. १००१६
कक्षा रोल नं. ११
त्रि.वि. दर्ता नं. : ९-२-१-८९८-२००२
शैक्षिक वर्ष २०६४/०६६ (ई.सं. २००७/००९)



शोधनायक
साहित्यकार याम थुलुङ्ग (राई)

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको छात्र लोकराज लिम्बूले **साहित्यकार याम थुलुङ्ग राईको जीवनी, व्यक्तित्व र कृत्तित्वको अध्ययन विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । निक्कै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम, नेपाली विभागसमक्ष सिफारिश गर्दछु ।

मिति :- वि.सं. २०७०/१०/२०

**मुकुन्दप्रसाद गुरागाई**
(शिक्षण सहायक)
नेपाली विभाग
महेन्द्ररत्न बहुमुखी क्याम्पस
इलाम

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनार्थ तयार पारेको हुँ यसको लेखन श्रद्धेय गुरु मुकुन्दप्रसाद गुरागाईंको कुशल निर्देशनमा सम्पन्न भएको हो । उहाँको यो शोधपत्र तयार गर्ने सन्दर्भमा आई परेका समस्याहरुको निराकाराणर्थ अत्यन्त सम्वेदनशील भई अघि बढ्न उत्प्रेरित गर्नका साथै विविध कार्यलाई थाँती राखि प्रयाप्त समय दिन भएकोमा सर्वप्रथम त वहाँ प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चहान्छु ।

यस शोधपत्रको विषय छनौट गर्ने कार्यमा सहयोग गर्नुका साथै शोधप्रस्ताव स्वीकृत गर्नुहुने मेरा आदरणीय गुरु तथा पूर्व विभागीय प्रमुख स्व. बुद्धिप्रसाद घिमिरेप्रति म कृतज्ञ छु । विशेष सल्लाह एवम् आवश्यक सामाग्री उपलब्ध गराउनु हुने श्रद्धेय साहित्यकार तथा गजलकार याम थुलुङ्ग (राई) प्रति हार्दिक आभार प्रकट गर्दछु ।

मेरो शोध कार्यमा अति आवश्यक सामाग्री पहिचान, उपलब्ध गराईदिनुहुने साहित्यानुरागी कान्छाबाजेप्रति ऋणीछु । शोधपत्र तयार गर्न घरका सम्पूर्ण व्यवहारिक बोझ आफुले सम्हाली समय उपलब्ध गराउने श्रीमती सुष्मा लिम्बू र शोध कार्यमा चासो राख्ने छोरो सुलोन लिम्बूप्रति सहृदय साधुवादछ ।

यस धर्तीमा जन्म दिएर उच्च शिक्षा हासिल गराउनुहुने श्रद्धेय पीता कर्णवीर लिम्बू र माता फिपरानी लिम्बूप्रति पनि कोटी कोटी प्रणाम टक्रयाउन चहान्छु । शुद्ध सङ्ग टङ्कण गरी साथ दिनुहुने इलाम डेक्सटप सेन्टर इलामका युवराज थामीप्रति हार्दिक धन्यवाद टक्रयाउन चहान्छु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मुल्याङ्कनको लागि म.र.ब. क्याम्पस इलाम, नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।



**शोधार्थी**

लोकराज लिम्बू

नेपाली विभाग

एम.ए. दोस्रो वर्ष

त्रि.वि. दर्ता नं. : ९-२-१-८९८-२००२

परीक्षा २०६५-०६६ (२००९ ई.)

म.र.ब. क्याम्पस, इलाम


मिति :- २०७०।१०।२५

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्काय
नेपाली विभाग

# महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

## स्वीकृति पत्र

स्नातकोत्तर तहको छात्र लोकराज लिम्बूद्वारा प्रस्तुत गरिएको **साहित्यकार याम थुलुङ्ग (राई)को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण** शीर्षकको स्नातकोत्तर तहको दशौं पत्रको परिपूर्तिका लागि प्रस्तुत गरिएको शोधपत्रलाई स्नातकोत्तर उपाधिका निमित्त स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| | नाम,पद | हस्ताक्षर |
|---|---|---|
| विभागीय प्रमुख | **रामप्रसाद गुरागाई**<br>उप-प्राध्यापक<br>नेपाली विभाग<br>म.र.ब. क्याम्पस, इलाम | |
| बाह्य परीक्षक | **गुरुप्रसाद पोखरेल**<br>उप-प्राध्यापक<br>पद्मकन्या बहुमुखी क्याम्पस<br>बागबजार, काठमाण्डौं | |
| शोध निर्देशक | **मुकुन्दप्रसाद गुरागाई**<br>शिक्षण सहायक<br>नेपाली विभाग<br>म.र.ब. क्याम्पस, इलाम | |

मिति : २०७०।११।०८
ई.सं. २०१४।०२।२०

..........................

**विभागीय प्रमुख**

रामप्रसाद गुरागाईं

सह-प्राध्यापक

श्री म.र.ब. क्याम्पस, इलाम

............................

**बाह्य परीक्षक**

............

.............

...............

.............................

**शोध निर्देशक**

श्री मुकुन्दप्रसाद गुरागाईं

(शिक्षण सहायक)

म.र.ब.क्याम्पस, इलाम

मिति २०७०/११/०४

ईं.सं. : २०१४/०२/१६

# सङ्केत सूची

| सङ्केत | पूरा रूप |
|---|---|
| अ. | अध्याय |
| अनु. | अनुवादक/अनुवाद |
| ई.सं. | इस्वी सम्वत् |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| तृ.स. | तृतीय संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| द.स. | दशौं संस्कण |
| प.नि.का. | परीक्षा नियन्त्रण कार्यालय |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| वि.सं. | विक्रम सम्बत् |
| म.र.ब. | महेन्द्र रत्न बहुमुखी |
| सम्पा. | सम्पादक/सम्पादन |

# सन्दर्भ सूची

## क. सन्दर्भ पुस्तकहरुको सूची


अधिकारी, हेमंगराज र बद्री विशाल भट्टराई, ***प्रयोगात्मक नेपाली शब्दकोष,*** विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

ओझा, घनेन्द्र, ***नेपाली गजल र विवेचना,*** बी.एन. पुस्तक संसार प्रा.लि., अदैतमार्ग काठमाण्डौं, २०६७ मंसिर ।

गौतम, कुलचन्द्र, ***राघवालङ्कार,*** काठमाडौं : नेपाल एकेडेमी, २०१५ ।

ढुङ्गेल, शम्भुप्रसाद, ***शुम्भ भजन माला,*** बनारस : गोर्खा एजेन्सी ।

थापा, डा. हिमांशु, ***साहित्य परिचय, पाँचौं संस्कारण,*** काठमाडौं : साझा प्रकाशन, २०६६ ।

दीक्षित, कमल, ***माध्यमिक नेपाली पद्‌य दोस्रो संस्करण,*** ललितपुर : साझा प्रकाशन, २०४९ ।

न्यौपाने, डा. घनश्याम, ***गजल सौन्दर्य मीमांसा,*** सनसाइन आवासीय उच्च मा.वि., सिद्धार्थनगर रुपन्देही नेपाल, २०६४ जेठ ।

पन्त, भरतराज, ***हातको तकिया, हातको तकिया,*** काठमाडौं २०४१ ।

पन्थी, देवी, ***गजल सिद्धान्त र समालोचना,*** विविध वाङ्मय प्रकाशन, विराटनगर, २०५९ ।

पन्थी देवी, ***मनको बह,*** वाणी प्रकाशन, विराटनगर, २०५६ ।

पन्थी देवी, ***मेची दपर्ण,*** विर्तामोड, २०५५ ।

बराल, ईश्वर र अरु (सम्पा.), ***नेपाली साहित्य कोरा,*** काठमाडौं : नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

बराल, डा. कृष्णहरि, ***गजल सिद्धान्त र परम्परा,*** साझा प्रकाशनको छापा, पुल्चोक ललितपुरः दोस्रो संस्करण, २०६८ ।

बराल, डा. कृष्णहरि, ***जुनकीरिको उडान,*** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६२ ।

बराल, डा. कृष्णहरि, ***भित्र कतै दुख्छ भने भूमिका,*** काठमाडौं : दोभान प्रकाशन, २०६० ।

ब्राजाकी, मनु, ***खण्डहरु नयाँनयाँ एक दृष्टिकोण,*** काठमाडौं : साझा प्रकाशन, २०४९ ।

राना, बुँद, ***रातो मलाई प्यारो,*** राष्ट्रिय जनसाँस्कृतिक मञ्च, २०५६ ।

रावल, ललिजन, ***समकालीन नेपाली गजल,*** काठमाडौं, बगर प्रकाशन, २०४७ ।

लोहनी, गोपीनाथ र अन्य, ***सङ्गीत चन्द्रोदय,*** काठमाडौं : स्वयम् वि.सं. १९६९ ।

शर्मा, ताना, ***नेपाली साहित्यको इतिहास,*** दोस्रो संस्करण काठमाडौं : संकल्प प्रकाशन, २०३९ ।

शर्मा, शरद चन्द्र, ***नेपाली साहितयको इतिहास,*** काठमाडौं : त्रि.वि.पा.वि.के., २०३७ ।

श्रेष्ठ, डा. दयाराम र मोहनराज शर्मा, ***नेपाली साहित्यको संक्षिप्त इतिहास,*** साझा प्रकाशन काठमाडौं : नेपाल, २०३४ ।

श्रेष्ठ डा. दयाराम, ***नेपाली साहित्यका केही पृष्ठ,*** दोस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन, २०४१ ।

सुवेदी, सुरेश र मण्डलीका सदस्यहरु, ***नेपाली गजल विगत र वर्तमान अनाम मण्डली*** काठमाडौं २०६४ ।

क्षेत्री, दुवसु, ***समसामयिक नेपाली गजल,*** काठमाडौं : बसुन्धारा प्रकाशन, २०५० ।

त्रिपाठी, बासुदेव, ***कृषु क्षेत्रीको गजलयात्रा र उनको नवीनतम् गजल सङ्ग्रह अर्ध मुद्रित आखाहरु,*** काठमाडौं : बसुन्धरामान प्रतिष्ठान, २०५९ ।

त्रिपाठी, बासुदेव र अन्य (सम्पा.) *नेपाली बृहत शब्द कोष,* काठमाडौं : ने.रा.प्र.प्र. ।

## ख. पत्रपत्रिकाहरुको सूची

दहाल, खेम, ***पूर्वका मोतीराम,*** रचना मासिक, आषाढ, २०६० ।

नेपाल, देवी र अन्य, ***उत्कृष्ट गजलहरु पल्लव पत्रिका,*** गजल अंक,२०६४ ।

न्यौपाने, डा. घनश्याम 'परिश्रमी', ***गजल, शिल्प, शैली र रचना विधान,*** अनुराग, बर्ष १ अंक ४ ।

न्यौपाने, डा. घनश्याम, ***गजल, शिल्प, शैली र रचना विधान,*** अनुराग, बर्ष १ अंक ४

न्यौपाने, डा. घनश्याम ***'परिश्रमी' बहर केन्द्रीत कुराकानी,*** गजलयात्राका सहयात्रीहरु संयुक्त राष्ट्रिय गजलसङ्ग्रह २०६५, बैशाख ।

न्यौपाने, डा. घनश्याम, ***गजलमा मात्रागिरावट सक्षिप्त चर्चा,*** पलाँस दैमासिक बर्ष ४ अंक १ वि.सं.(२०६३ असोज, कार्तिक) ।

न्यौपाने, डा. घनश्याम, ***'परिश्रमी', गजलको स्वरुप र वहरहरुको चिनारी तथा नेपाली गजल परम्पारको सक्षिप्त अभिरेखाङ्कन,*** गजल प्रवाह वि.सं (२०६० चैत्र) नेपालगञ्ज ।

पन्थी, देवी, जनआवाज ।

पन्थी, देवी, समाचारपत्र, २०६० ।

बन्धु, चुडामणि सेखिमन मोतीराम भट्ट, ***एकटिपोट, नौलो नेपाली,*** बर्ष ४ अंक १ (२०३९ माघ/फागुन)

ब्राजाकी, मनु, ***गजलगाथा,*** समकालीन साहित्य बर्ष ३ अंक २ (२०५० बैशाख/जेठ/असार)

श्रेष्ठ, दयाराम, ***नेपाली गजल परम्पारको पुरानो अध्यायन,*** घिमिरे, बर्ष २४, अंक ८ २०५२ ।

## ग. शोधपत्र सूची

भट्टराई सीतादेवी, अप्राशित शोधपत्र, ***साहित्यकार देवी पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,*** नेपाली शिक्षण विभाग स्नातकोत्तर क्याम्पस, विराटनगर २०६४ ।

रिजाल, दामोदर, अप्रकाशित शोधपत्र, ***गजकार भीमनिधि तिवारी,*** नेपाली केन्द्रीय शिक्षण विभाग, त्रिभुवन विश्व विद्यालय कीर्तिपुर काठमाडौं नेपाल, २०४५ ।

**घ. अन्तर्वाता दिने व्यक्तिहरुको नाम**

थुलुङ्ग याम राई

दाजु माहिला

राई निर्मला

सावदेन लखमती

# विषय सूची


| विषय | | पृष्ठ |
|---|---|---|
| | **पहिलो परिच्छेद** | **१–८** |
| | **शोध-परिचय** | १ |
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोधपत्रको प्रयोजन | १ |
| १.३ | शोध विषयको परिचय | १ |
| १.४ | समस्या कथन | १ |
| १.५ | शोध पत्रको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | ३ |
| १.७ | शोधकार्यको औचित्य, महत्व र उपयोगिता | ७ |
| १.८ | शोध कार्यको सीमाङ्कान | ७ |
| १.९ | सामग्री सङ्कलन तथा अध्ययन विधि | ७ |
| १.१० | शोध पत्रको रूपरेखा | ८ |
| | **दोस्रो परिच्छेद** | **९-१९** |
| | **याम थुलुङको जीवनी** | ९ |
| २.१ | पृष्ठभूमि | ९ |
| २.२ | जन्म र जन्मस्थान | ९ |
| २.३ | बाल्यकाल | १० |
| २.४ | बाल्यकालको स्वभाव | १० |
| २.५ | शिक्षा दीक्षा | १० |
| २.६ | विद्यार्थी जीवनका प्रमुख गतिविधि | ११ |
| २.७ | संस्कार कर्महरू | १२ |
| | २.७.१ न्वारन | १२ |
| | २.७.२ नामकरण | १२ |
| | २.७.३ ब्रतवन्ध | १२ |
| | २.७.४ विवाह | १२ |
| २.८ | कर्मक्षेत्रमा प्रवेश | १३ |
| २.९ | दाम्पत्य जीवन र पारिवारिक स्थिति | १३ |

| | | |
|---|---|---|
| २.१० | आर्थिक स्थिति | १४ |
| २.११ | रुचि | १४ |
| २.१२ | साहित्यिक लेखन प्रेरणा र प्रभाव | १६ |
| २.१३ | प्रथम रचना र प्रकाशित पुस्तकाकार कृतिहरू | १७ |
| २.१४ | प्रकाशित कृतिहरूको सङक्षिप्त सूची | १७ |
| २.१५ | पुरस्कार तथा सम्मान | १७ |
| २.१६ | जीवन र साहित्य सम्बन्धी धारणा | १८ |
| | **तेस्रो परिच्छेद** | **२०–२७** |
| | **साहित्यकार याम थुलुङको व्यक्तित्वका विविध पक्षहरू** | २० |
| ३.१ | पृष्ठभूमि | २० |
| ३.२ | बाह्य व्यक्तित्व | २० |
| ३.३ | आन्तरिक व्यक्तित्व | २१ |
| | ३.३.१ सम्पादक व्यक्तित्व | २१ |
| | ३.३.२ कवि व्यक्तित्व | २२ |
| | ३.३.३ गजलकार व्यक्तित्व | २२ |
| | ३.३.४ रुवाई व्यक्तित्व | २३ |
| | ३.३.५ गीतकार व्यक्तित्व | २४ |
| | ३.३.६ धार्मिक व्यक्तित्व | २४ |
| | ३.३.७ सामाजिक व्यक्तित्व | २५ |
| | ३.३.८ सांस्कृतिक व्यक्तित्व | २५ |
| | ३.३.९ निवन्धकार व्यक्तित्व | २६ |
| | ३.३.१० कथाकार व्यक्तित्व | २६ |
| | ३.३.११ समीक्षक व्यक्तित्व | २६ |
| | **चौथो परिच्छेद** | **२८–३९** |
| | **साहित्यकार याम थुलुङ (राई) को साहित्यिक यात्रा** | २८ |
| ४.१ | पृष्ठभूमि | २८ |
| ४.२ | लेखन कार्यका निम्ति प्रेरणा र प्रभाव | २९ |
| ४.३ | कविताको विकासक्रमको सर्न्दभमा याम थुलुङको उपस्थिति र योगदान | ३० |
| | ४.३.१ नेपाली कविताको विकासक्रममा याम थुलुङको उपस्थिति र | ३४ |

| | | |
|---|---|---|
| | योगदान | |
| | ४.३.२ गजल विधाको विकासक्रमको सर्न्दभमा याम थुलुङको उपस्थिति र योगदान | ३५ |
| ४.४ | साहित्यकार याम थुलुङ (राई) को साहित्यिक यात्राको चरण विभाजन | ३६ |
| | ४.४.१ पृष्ठभूमिकाल | ३६ |
| | ४.४.२ प्रथम चरण (वि.सं. २०५८ देखि वि.सं. २०६२ सम्म) | ३७ |
| | ४.४.३ दोस्रो चरण (२०६३ देखि हाल सम्मको समय) | ३८ |
| | **पच्छिेद-५** | ४०–११६ |
| | **साहित्यकार याम थुलुङको साहित्यिक कृतिहरु (गजल सङ्ग्रहहरुको) अध्ययन** | ४० |
| ५.१ | गजल परिचय | ४० |
| ५.२ | गजल संरचना | ४१ |
| | ५.२.१. मतला (पहिलो भाग) | ४१ |
| | ५.२.२. शायरी (मध्य भाग) | ४३ |
| | ५.२.३. मकता | ४४ |
| | ५.२.४ काफिया | ४४ |
| | ५.२.५. रदिफ | ४७ |
| | ५.२.६. तखल्लुस | ४८ |
| | ५.२.७. बहर वा (छन्द) | ४९ |
| | ५.२.७.१. बहरको निर्माणका लागि आवश्यक तत्वहरु | ५० |
| | ५.२.७.२ गजलमा छन्दको स्थान | ५० |
| | ५.२.८. भाषा प्रयोग | ५१ |
| | ५.२.८.१ काव्यात्मक व्यवस्थापन | ५२ |
| | ५.२.८.२. विचलन | ५२ |
| | ५.२.८.३. भाषाको सरल तथा स्वभाविक प्रयोग | ५२ |
| | ५.२.८.४ सूत्रात्मकता तथा संक्षिप्तता | ५३ |
| | ५.२.८.५. वर्ण प्रयोग | ५४ |
| | ५.३.१ 'आँसुका थोपाहरु' गजल सङ्ग्रहको विवेचना | ५५ |
| | ५.३.२ 'आँसुका थोपाहरु' गजलसङ्ग्रहमा उपयुक्त गजलको संरचना | ५६ |
| | ५.३.२.१ मतला | ५७ |

| | | |
|---|---|---|
| | ५.३.२.२ गजलको मध्यमाग (शायरी) | ५९ |
| | ५.३.२.३ काफिया | ६१ |
| | ५.३.२.४ रदिफ | ६१ |
| | ५.३.२.५ मकता वा अन्तिम शेर | ६३ |
| | ५.३.२.६ तखल्लुसको प्रयोग | ६४ |
| ५.४. | आँसुका थोपाहरु गजल सङ्ग्रहमा भावतत्व | ६४ |
| | ५.४.१. श्रृङ्गारिक भाव | ६५ |
| | ५.४.२ विद्रोही भाव | ६७ |
| | ५.४.३ राष्ट्रिय भाव | ६७ |
| | ५.४.४ प्रकृति सम्बन्धी भाव | ६८ |
| ५.५ | रित्तो आकाश गजल सङ्ग्रहको विवेचना | ६९ |
| | ५.५.१ 'रित्तो आकाश' गजल सङ्ग्रहमा उपयुक्त गजलको संरचना | ७१ |
| | ५.५.२ मतला | ७१ |
| | ५.५.३ गजलको मध्यभाग (शायरी) | ७२ |
| | ५.५.४ काफिया | ७३ |
| | ५.५.५ रदिफ | ७५ |
| | ५.५.६ मक्ता वा अन्तिम सेर | ७६ |
| | ५.५.७ तखल्लुस | ७७ |
| ५.६ | रितो आकाश गजल सङ्ग्रहमा भाव तत्व | ७८ |
| | ५.६.१ श्रृङ्गारिक भाव | ७८ |
| | ५.६.२ सामाजिक विसंगति भाव | ८० |
| | ५.६.३ प्रकृति सम्बन्धी भाव | ८१ |
| | ५.६.४ राष्ट्रिय भाव | ८१ |
| | ५.६.५ मानवीय संवेदना सम्बन्धी भाव | ८३ |
| | ५.६.६ व्यावहारिक जीवन सम्बन्धी भाव | ८४ |
| | ५.६.७ राजनीतिसम्बन्धी भाव | ८५ |
| ५.७ | अरक्षित यात्रा गजल सङ्ग्रहको विवेचनम | ८६ |
| | ५.७.१ अरक्षित यात्रा गजलसङ्ग्रहमा उपयुक्त गजलको संरचना | ८८ |
| | ५.७.२ मतला | ८८ |

५.७.३ मध्य भाग (शायरी) ८९
५.७.४ काफिया ९०
५.७.५ रदिफ ९१
५.७.६ मकता वा अन्तिम सेर ९४
५.७.७ तखल्लुस ९४
५.८ अरक्षित यात्रा गजल सङ्ग्रहमा भाव तत्व ९५
५.८.१ श्रृङ्गारिक भाव ९५
५.८.२ क्रान्तिकारी भाव ९६
५.८.३ साहित्य सम्बन्धी भाव ९७
५.८.४ राष्ट्रियतासम्बन्धी भाव ९८
५.८.५ व्यङ्ग्य भाव ९९
५.८.६ समसामयिक भाव सम्बन्धी १००
५.९ दोभान संयुक्त कविता सङ्ग्रहमा सङ्ग्रहित कविताको अध्ययन र विश्लेषण १०१
छैटौ परिच्छेद ११७–१२०
उपसंहार
६.१ साहित्यकार याम थुलुङको समग्र मूल्याङ्कन ११७
६.२ सम्भावित अध्ययनका निम्ति शोध शीर्षक १२०
सन्दभ्रग्रन्थ सूची

# शोधसार

**शोधशीर्षक:** साहित्यकार तथा गजलकार याम थुलुङ (राई) को जीवनी, व्यक्तितव र कृतित्वको अध्ययन र विश्लेषण

**शोधप्रयोजन:** त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो बर्ष म.र.व. क्यामपस इलाम नेपाली विभाग दसौं पत्रको प्रयोजनको लागि ।

**शैक्षिक सत्र**

**प्रस्तुत मिति:** २०७०/११/८ गते

यस शोधपत्रलाई जम्मा ६ परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेदमा **'शोधपरिचय'** राखिएको छ । यस परिच्छेदभित्र शोधशीर्षक, शोधकार्यको प्रयोजन, शोध विषयको परिचय, समस्या कथन, शोधपत्रको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोध कार्यको औचित्य, महत्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन र सामग्री संकलन तथा अध्ययन विधि र शोधपत्रको रुपरेखा जस्ता उपशीर्षक राखेर चर्चा गरिएको छ ।

त्यसै गरी दोस्रो परिच्छेदमा **साहित्यकार याम थुलुङको जीवनी** मूल शीर्षक अन्तर्गत जन्म स्थान, बाल्यकाल, बाल्यकालको स्वभाव, शिक्षा दीक्षा, विद्यार्थी जीवनका प्रमुख गतिविधि, संस्कार कर्महरु, विवाह, कर्मक्षेत्रमा प्रवेश, दाम्पत्य जीवन र पारिवारिक स्थिति आर्थिक स्थिति, रुचि, साहित्यिक लेखन प्रेरणा र प्रभाव, प्रथम रचना प्रकाशित पुस्तकाकार कृतिहरु प्रकाशित कृतिहरुको सङ्क्षिप्त सूची पुरस्कार तथा सम्मान र जीवन र साहित्य सम्बन्धी धारणा अर्न्तगत रहेर याम  थुलुङको जीव्नी अध्ययन गरिएको छ। शोधपत्रको तेस्रो परिच्छदेमा साहित्यकार तथा गजलकारका याम थुलुङको व्यक्तित्व शीर्षक अर्न्तगत बाह्य सम्बन्धी चर्चा गरिएको छ । साथै आन्तरिक व्यक्तित्वमा सम्पादनक व्यक्तित्व, कवि व्यक्तित्व, गीतकार व्यक्तित्व, रुवाई व्यक्तित्व, गीतकार व्यक्तित्व, धार्मिक व्यक्तित्व, सामाजिक व्यक्तित्व, साँस्कृतिक व्यक्तित्व, निबन्धकार  तथा कथाकार र समीक्षक व्यक्तित्व उपशीर्षक राखी याम थुलुङको व्यक्तित्व अध्ययन गरिएको छ ।

चौथौं परिच्छेदमा साहित्यकार तथा  गजलकार याम थुलुङको साहित्यिक यात्रा मूल शीर्षक अर्न्तगत पृष्ठभूमि, लेखनकार्यको निमित प्रेरणा र प्रभाव, कविताको विकासक्रमको सन्दर्भमा याम थुलुङको उपस्थिति र योगदान, गजल विधाको विकासक्रमको सर्न्दभमा याम थुलुङको उपस्थिति र योगदान, साथै साहित्यिक सिद्धान्त याम थुलुङको साहित्यिक यात्राको

विभाजन यस अर्न्तगत वहाँका पृष्ठभूमि काल प्रथम चरण र दोस्रो चरण आदिको चर्चा गरिएको छ ।

पाँचौ परिच्छेदमा साहित्यकार याम थुलुङको साहित्यिक कृतित्वहरको अध्ययन मूल शीर्षक अर्न्तगत  गजलको सैद्धानितक परिचय, गजल संरचना यस उपशीर्षक अर्न्तगत मतला, शायरी, मक्ता र गजलका आन्तरिक उपकरण पर्ने काफिया, रदिफ, तखल्लुस, बहर तथा बहर निर्माणका लागि आवश्यक तत्वहरु, भाषा प्रयोग साथै उनका पुरस्काकार प्रकाशित कृतिहरुको विवेचना, गजल संरचना भाव तत्व र कविता सङ्ग्रहको सामान्य अध्ययन र विश्लेषण गरिएको छ ।

शोधपत्रको छैटौं परिच्छेदमा याम थुलुङले कविता विधा र गजल विधामा दिएका योगदान बारेमा वहाँको समग्र मूल्याङ्कन (उपसंहार) को चर्चा गरिएको छ । शोधपत्रको समापन खण्डमा परिशिष्ट र सन्दर्भ ग्रन्थ सूची राखेर शोधपत्रको अन्त्य गरिएको छ ।

# पहिलो परिच्छेद

# शोध-परिचय

## १.१ शोध शीर्षक

यस शोध कार्यको शीर्षक "साहित्यकार याम थुलुङ (राई)को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण" गरिएको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग म.र.व. क्याम्पस, इलाम स्नातकोत्तर तह (एम.ए) दोस्रो बर्ष नेपाली विषयको दशौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ शोध विषयको परिचय

भुटानी नेपाली साहित्यिक जगतका दर्विला स्रष्टा तथा गजलकार याम थुलुङ (राई) को जन्म पिता धनप्रसाद थुलुङ राई र माता लाखमती सावदेन राईको कोखबाट वि.सं. २०३३ साल असोज २५ गते आइतबार दोभान गाउँ निचुला ब्लक, सभाङ जिल्ला दक्षिण भूटान देशमा भएको थियो । नेपाली गजल विधालाई नयाँ शिराबाट उच्च स्थानमा पुऱ्याउन सफल गजलकार याम थुलुङ राईले विभिन्न पत्रपत्रिकाको सम्पादन गर्दै र आफ्ना रचनाहरू प्रकाशन गर्दै साहित्यको फाँटमा कलम चलाएका हुन् । 'थुलुङ' राईले वि.सं. २०५८ सालमा 'दोभान' नामक कविता सङ्ग्रह संयुक्त रूपमा प्रकाशन गर्न पुगे भने वि.सं. २०६० सालमा "आसुँका थोपाहरू" दोस्रो गजल सङ्ग्रह साथै वि.सं. २०६२ सालमा "अरक्षित यात्रा" गजल सङ्ग्रह, वि.सं. २०६७ सालमा सम्झनाका खण्डित आकृतिहरू सयुंक्त कविता सङ्ग्रह र वि.सं. २०६७ सालमा "शब्द अस्त्र" संयुक्त रुवाइ सङ्ग्रह प्रकाशित गरी नेपाली साहित्यक यात्रामा अझ चमकका साथ उदाएका छन् । साहित्यकार तथा गजलबार याम थुलुङ राईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिएको छ ।

## १.४ समस्या कथन

यस शोधकार्य अन्तर्गतका समस्याहरू निम्न अनुसार रहेका छन् :-

क) साहित्यकार तथा गजलकार याम थुलुङ राईको जीवनी के, कस्तो छ ?

ख) साहित्यकार याम थुलुङ राईको व्यक्तित्व के कस्तो रहेको छ ?

ग) विधागत दृष्टिले याम थुलुङका पुस्तकाकार, रूपमा प्रकाशित कृतिहरू के, कस्ता छन् ?

घ) साहित्यकार याम थुलुङको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको समग्र मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

ङ) साहित्यकार याम थुलुङ राईको नेपाली साहित्यमा साहित्यिक यात्रा, प्रवृत्ति र योगदान कस्तो छ ?

यिनै माथि उल्लेखित समस्याहरूमा केन्द्रित रहेर जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन मूल्याङ्कन र विश्लेषणका लागि प्रस्तुत शोध शीर्षकको छनौट गरिएको छ ।

## १.५ शोध पत्रको उद्देश्य

नेपाली साहित्यका साधक याम थुलुङ राईले वि.सं. २०५८ सालदेखि हालसम्म निरन्तर रूपमा कलम चलाई हालसम्म उनका एकल र संयुक्त गरी ५ ओटा कृतिहरू प्रकाशित भएका छन् । तर यी रचनाहरू उचित मूल्याङ्कनको अभावमा लुप्त हुने अवस्थामा देखिन्छन् । अतः उनको जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पक्षहरूको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ । यस शोध कार्य अन्तर्गत उपर्युक्त समस्या कथनसँग सम्बन्धित निम्न लिखित उद्देश्यहरू राखिएका छन् :

क) याम थुलुङका जीवनका प्रमुख पक्षहरू र कार्यहरू बारे स्पष्ट पार्नु ।

ख) याम थुलुङका व्यक्तित्वका विभिन्न पाटाहरू केलाउनु ।

ग) याम थुलुङका पुस्तकाकारका रूपमा प्रकाशित कृतिहरूको विधागत वर्गीकरण गर्नु ।

घ) याम थुलुङ (राई) का साहित्यिक कृतिहरूको अध्ययन गर्नु ।

ङ) साहित्यकार तथा गजलकार याम थुलुङ (राई) का साहित्यिक योगदानको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकार याम थुलुङ (राई) का बारेमा जीवनी, व्यक्तित्व र कृतित्वको गहन अध्ययन र विश्लेषण आजसम्म कसैबाट नभएकोले यसैसँग यो शोधपत्र सम्बन्धित रहेकोछ । याम थुलुङ राईको बारेमा गरिएका समीक्षात्मक विवरण र कृतिका भूमिका लेखनका सर्न्दभमा उपलब्ध भएका उल्लेखनीय विवरण यस प्रकार छन्:

क) “दोभान” कविता सङ्ग्रहको भूमिका, देवदास राई झापा दमक बेलडाँगी-१, शरणार्थी शिविरका भाईद्वय याम थुलुङ (राई) र नैंनसिंह सारु (मगर) “दोभान” कविता सङ्ग्रहका पाण्डुलिपि लिएर म कहाँ आउनु भई “भूमिका” लेखी दिने आग्रह गर्नु भयो छोटो अवधिमा “भूमिका” कसरी लेख्ने ? के लेख्ने ? अन्योलमा परे । तै पनि सङ्ग्रहित कविताहरू एक पटक सरसरी पढेँ । सुख दुःखका अनुभूतिलाई समेटेर लेखिएका कवितका पंक्तिहरू पढ्दा राम्रै लाग्यो । याम थुलुङ (राई)को “भूटान हो मातृभूमि” ले शरणार्थी बन्नु भन्दा पहिले बसेको आफ्नो देश (भूटान) प्रति सच्चा आदर गरेको देखिन्छ । यसरी “आमाको ममता” ले पनि आफ्नी आमासँग प्रेममय भएर जिउने सन्देश दिइरहेका छन् । विरोध-विरोधको निम्ति होइन सुधारको निम्ति हुनुपर्छ भन्ने सद्भावी भावलाई स्पष्ट संकेत दिएको छ ।[१]

ख) “दोभान” कविता सङ्ग्रहको शुभेच्छा गंगाराम लामीटारेः “दोभान” कविता सङ्ग्रह प्रकाशन हुन गई रहेको देख्न पाउँदा अत्यन्तै खुशी लागेको छ । र यस कार्यले “नेपाली भाषा परिषद भूटान” को साहित्यिक प्रगतिमा एउटा इँटा थपेको छ । मातृभूमिको ११ वर्षे वियोग सहनु पर्दाका छटपटी, भुटभुटी र हुटहुटीलाई कवितात्मक अभिव्यक्ति दिएका छन् । कवितामा मातृभूमि प्रति अगाध मोह, भाषा, साहित्यक र जातिप्रतिको अथाह माया, राष्ट्र र राष्ट्रियता प्रतिको प्रतिवद्धता कवितामा छुताछुल्ल भएर पोखिएका छन् । लेखकहरू कहिले भूटानी आमाका काखमा लुटपुट गर्न पुगेका छन् भने कहिले समस्या ग्रस्त जीवनबाट पलायन हुन पुगेको छन् । नवीन दृष्टिकोणलाई प्रतिस्थापन गर्नु भन्दा बढी बाहिरी सतहमा कविहरू अलमलिएका छन् । कविले बढी जसो अभिव्यक्तिको माध्यम स्वतन्त्र मुक्त छन्दलाई बनाएका छन् । साथै यस कवितामा समस्याबाट ग्रस्त जीवनका कारुणिक र मार्मिक पक्षलाई कविताले उद्घाटन गरेका छन् भने कतै अल्लारे भावुकता पनि उत्तिकै बगेको हुनाले कुनै कुनै कवितामा त्यत्ति ध्यान नपुऱ्याए पनि शब्द चयनमा राम्रो ध्यान पुऱ्याएका छन् । गद्यात्मक शैलीलाई प्राथमिकता दिई भूटान र भूटानीको समस्यालाई विषयबस्तु बनाएर लेखिएका कविताका महत्वपूर्ण विशेषताहरू मौलिकता, सरलता, लयात्मक, मार्मिकता र नवीनताहरू रहेको पाइन्छ ।[२]

---

[१] याम थुलुङ्ग, **दोभान कविता संग्रह**, पृष्ठ-क

[२] याम थुलुङ्ग, **दोभान कविता संग्रह**, पृष्ठ-ग

कविहरुको पहिलो प्रयास भएकाले केही कमजोरीहरू त भई हाल्छन् । गल्ती हुन्छ भनेर लेख्नै छाड्ने र कृतिहरु प्रकाशन गर्ने काम छाड्नु चाँहि भएन । वहाँहरूको यो कार्य एकदमै अतुलनीय र प्रशंसनीय छ । लेखकद्वयको प्रस्तुत प्रकाशन सफल बनोस् । यत्रो त्याग र तपस्या र साधानाबाट सिर्जिएको प्रस्तुत "दोभान" कविता सङ्ग्रह भूटानीहरूको लागि उत्प्रेरणा अविरल गतिमा अगाडि बढ्दै जाओस् भन्ने कामना सहित शुभेच्छा समेत अपर्ण गर्न चाहन्छु ।

ग) "आशुका थोपाहरू गगांराम लामिटारे"नेपाली साहित्यमा यसरी मौलाउन थालेको "गजल" साहित्य भूटानी नव युवाहरूमा पनि जुरमुराउन थालेको छ । यसको उदाहरण हुन्:- नव प्रतिभा याम थुलुङ र उनको "आसुँका थोपाहरू" भन्ने गजल सङ्ग्रहको प्रकाशनबाट साहित्य जगतमा उदाएको थुलुङले विभिन्न पत्र पत्रिकामा "गजल" छापेर एक चर्चित गजलकार बनिसकेका छन् । आँसु, हाँसो र बेदनाका मार्मिक कवि थुलुङका गजलहरूले शरणार्थी युवाहरूका छटपटी, तृष्णा, आँसु र हाँसोलाई सहजरूपले उठाएका छन् । अथक साधनाद्वारा तयार पारिएको र प्रकाशन हुन लागेका "आँसुका थोपाहरू" नामक गजल सङ्ग्रहको प्रकाशन कार्य सफल बनोस् भूटानको नेपाली साहित्यलाई एक छुट्टै एक नवीन आयामको कृति लेखेर योगदान पुऱ्याएकोमा उत्तरोत्तर प्रगति र समुन्नतिको कामना गर्दै भूटानका प्रथम गजलकार याम थुलुङ प्रति शुभेच्छा समेत व्यक्त गर्न चाहन्छु ।[घ]

घ) "आँसुका थोपाहरू" देवदास राई मन्तव्य दुईः-

आत्माको मेल मात्र नसम्झ गजल
भावना पोख्ने साहित्य पनि हो गजल
सङ्कुचित घेरामा मात्र नबाँध गजल
सबैतर्फ बग्ने विचार पनि हो गजल

वास्तवमा गजलमा यस्ता धेरै राम्रा राम्रा कुराहरू लेखिएको पाउँदछौं । भाई याम थुलुङले लेखेको उक्त चार पंक्तिले हामीलाई दिशाबोध गरेका छन् । गजलको बास्तविकता बुझ्न सक्यौं भने सत्य कुरालाई उदघाटित गरेको पाउँदछौं । हो हामीले गजल पढ्न पर्दछ यसमा साहित्यिक अभिव्यक्ति पनि रहेको हुन्छ । अन्त्यमा

[३] याम थुलुङ्ग, **आँसुका थोपाहरु गजल संग्रह**, पृष्ठ-ग

गजल लेख्नका लागि उत्प्रेरणा गर्ने र तदनुरूप व्यवहारमा उतार्नु "आसुँका-थोपाहरू" ले साहित्यिक घडेरीमा एउटा ईंटा थप्ने काम गरेका छन् । गजका ढोकाहरूबाट छिर्न र निस्कनका लागि यसले सिर्जनात्मक सवक दिएका छन् । अतः यस गजल लेख्न अभियानलाई भाई याम थुलुङले निरन्तरता दिन सक्नु पर्दछ । एकदिन योग्य र इमान्दारको मूल्याङ्कनको कसीमा पर्नु हुने छ । यसमा सन्देह छैन । अव "आँसुका थोपाहरू" मौलिकताको परिचायक बन्न सकोस् अनि भाई याम थुलुङको हृदयपटलमा आत्मिक सन्तोषको ज्योति बन्न सकोस् यस्तै शुभकामना व्यक्त गर्दै मेरो मन्तव्य यहीँ टुंग्याउँछु ।[४]

**गजल सङ्ग्रह**

ङ) "अरक्षित यात्रा" बूँद राना शुभकामना गजल पढैं राम्रो लाग्यो । समानविधामा कमल चलाउने सहयात्रीसित भेट हुँदा मन प्रसन्न नहुने कुरै भएन । यति भएपछि उहाँको गजल सङ्ग्रहका निम्ति शुभकामना माग्दा इन्कार गर्ने कुरै भएन । शुभकामना दिन्छु, तपाईको उत्साहले तपाईलाई उत्कृष्ट गजलकार बन्नमा सहयोग पुऱ्याओस् । अर्को भेटमा मैले एउटा सुप्रसिद्ध गजलकारको रूपमा भाइ याम थुलुङलाई भेट्न सकूँ ।[५]

च) "अरक्षित यात्रा" गजल सङ्ग्रह डा. घनश्याम परिश्रमी शुभेच्छा नेपाली बाहिरका नेपालीद्वारा लेखिएको सम्भवतः दोस्रो गजल सङ्ग्रह हो । यस अघि पनि याम थुलुङकै आसुँका थोपाहरू प्रकाशित भएको छ । याम थुलुङको "अरक्षित यात्रा" प्रकाशित गरी इतिहास बनाउँदै गरेको भूटान गजल मञ्चबाट आगामी दिनहरूमा पनि यस्ता कृतिहरू छापिरहने छन् भन्ने म आशा गर्दछु । अन्तमा यस कृतिको प्रकाशनका लागि पहल गर्ने भूटान गजल मञ्चलाई धन्यवाद दिंदै गजलकार याम थुलुङको साहित्यिक यात्रा सुरक्षित र गतिशील होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।[६]

छ) "अरक्षित यात्रा" गजल सङ्ग्रहमा ज्ञानुकवार पौडेललेः- "गजलले जसरी मलाई भावुक बनायो त्यसैगरी तपाईं सबै पाठकहरूले देश दुखेको अनुभव गर्नु हुनेछ भनी विचार प्रकट गर्नुभएको छ ।"

---

[४] याम थुलुङ्ग, **आँसुका थोपाहरु गजल संग्रह**, पृष्ठ-च

[५] याम थुलुङ्ग, **अरक्षित यात्रा गजल संग्रह**

[६] याम थुलुङ्ग, **अरक्षित यात्रा गजल संग्रह**, पृष्ठ-४

ज)	"अरक्षित यात्रा" गजल सङ्ग्रहमा धनकुटे कान्छालेः- "मानवीयताका केन्द्रीयतामा सिर्जित यिनका गजलहरूले भौगोलिक सीमा नाघेर विश्वीकरणमा प्रयासरत देखिन्छन् भनी आफ्नो विचार राख्नु भएको छ ।"

झ)	"अरक्षित यात्रा" "गजल संग्रहमा प्रकाश आङ्देम्बेले सभवत भुटानमा गजल भित्र्याउने थुलुङ्ग सभवत भूटानमा गजल भित्राउने थुलुङ पहिलो गजल श्रष्टा हुन् । हुन त आज सयौं गजलकार छन् भुटानमा तर पनि थुलुङको देन मुख्य र उल्लेख्य पाइन्छ भनि चर्चा गर्नुभएको छ ।"

ञ)	"रित्तो आकाश" जगल सङ्ग्रह, भूमिका बूँद राजाः- आफ्नो माटो जहाँ जन्मियो, जहाँ लडिबडी खेलियो, जहाँ हुर्कियो, जसलाई मेरो आफ्नो भनेर फर्कियो त्यसलाई आफ्नो भन्नबाट बञ्चित हुनु जस्तो पीडा मानिसका निम्ति अरु कुनै हुनै सक्दैंन । यो पीडाको पर्वत व्यहोरि रहनु भएका याम थुलुङ बर्वर राज्य रात्तबाट खोसिएको आफ्नो नागरिक हक बिरानो भूमिका धुई पतालसित, खोजिरहनु भएको छ कहिले यो कहिले त्यो शरणार्थी शिविरहरूमा ।

सपना खोसिएका आँखा, बेदनाले थिप्थिलिएको मुटु बोकेर पनि विद्रोह ओकल्ने हतारो गरिहालेका छैनन् याम थुलुङले । हडबडमा गडबड यस उक्ति प्रति सेचत देखिन्छन् उनी । यसको अर्थ मौन साधेर बसेका छन् त्यसो पनि होइन । उनकै शब्दमा :

न हिँड्दा त पुगिदैन पुग्नु हिँड्नै पर्छ
एकै कदम भएपनि चालेर त हेर ।

निकै धीरोदात बनेर लक्ष्य प्रतिको यात्रामा निस्कनु भएको तपाईंको प्रत्येक कदम सफलताका कदम होउन्-शुभकामना दिन्छु ।[७]

यस अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा याम थुलुङको चर्चा गरिएको छ तर ती सामग्रीका प्रकाशन वर्ष, अङ्क टुङ्गो नलागेकोले उल्लेख गर्न सकिएन ।

[७] याम थुलुङ्ग, **रित्तो आकाश गजल संग्रह**, पृष्ठ-ङ

## १.७ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

यस शोधकार्य मार्फत साहित्यकार तथा गजलकार याम थुलुङ (राई) को जीवनी व्यक्तित्व र कृतित्वको बारेमा जानकारी मिल्नुको साथै उनले नेपाली साहित्यमा के कति योगदान दिएका छन् भन्ने बारेमा पूर्ण जानकारी मिल्ने छ । यस शोधकार्यले नेपाली साहित्यकै गहन अध्ययन र विश्लेषण परम्परामा एउटा इँटा अवश्य थप्ने भएकाले यो शोधपत्र औचित्यपूर्ण रहने छ । याम थुलुङ (राई) को जीवनी व्यक्तित्व र कृतित्वको बारेमा जान्न खोज्ने जिज्ञासु पाठक तथा साहित्य चिन्तक सम्पूर्ण व्यक्तिहरूका लागि यो शोध पत्र उपयोगि रहने छ । त्यसैले यो शोधकार्य औचित्यपूर्ण, महत्वपूर्ण एवम् उपयोगी हुने छ ।

## १.८ शोध कार्यको सीमाङ्कन

यस शोधकार्यमा साहित्यकार याम थुलुङ (राई) को जीवनी, व्यक्तित्वका विविध पाटाहरूको जानकारीका साथै हालसम्म पुस्तककारका रूपमा प्रकाशित कृतिहरूको बारेमा परिचयात्मक अध्ययन गरी प्रकाशन पारिएको छ ।

## १.९ सामग्री सङ्कलन र शोध विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न सामग्री सङ्कलन सम्बन्धित व्यक्ति (शोध नायक) प्रत्यक्ष भेट, उनका पारिवारिक व्यक्ति, समकालिन व्यक्ति, विज्ञहरूसँगको मौखिक सरसल्लाह, सुझाव तथा तथा लिखित अन्तर्वार्ता, प्रश्नावली, पत्रपत्रिका, विश्व विद्यालयका अप्रकाशित शोधपत्र आदिबाट गरिएको छ । यस शोध कार्यमा निम्न विधिहरु अपनाईएको छ ।

क. भ्रमण र वर्णात्मक संकलन विधि

ख. भेटघाट र छलफल विधि

ग. पुस्तकालयीय विधि

## १.१० शोध पत्रको रूपरेखा

शोधकार्यलाई स्पष्ट, सुव्यवस्थित गर्न एवम् सुसङगठित पार्न विषयबस्तु अनुसार निम्न लिखित परिच्छेद र शीर्षकमा विभाजन गरिएको छ :

-पहिलो परिच्छेद :- शोधपत्रको परिचय

-दोस्रो परिच्छेद :- साहित्यकार याम थुलुङ्को जीवनी

-तेस्रो परिच्छेद :- साहित्यकार याम थुलुङको व्यक्तित्व

-चौथो परिच्छेद :- साहित्यकार याम थुलुङको साहित्यिक यात्रा

-पाचौं परिच्छेद :- साहित्य सिद्धान्त एवम् साहित्यकार याम थुलुङको साहित्यिक कृतिहरूको अध्ययन

-छैटौं परिच्छेद :- उपसंहार

**समयावधि**

सामग्री सङ्कलन : १ महिना

विश्लेषण : २ महिना

टंकण र गातावन्दी : २ महिना १५ दिन

व्यवस्थापन : १५ दिन

★

# दोस्रो परिच्छेद
# याम थुलुङको जीवनी

## २.१ पृष्ठभूमि

'जीवनी' शब्द 'जीवन' बाट बनेको हो । अङ्ग्रेजी भाषामा जीवनीलाई बायोग्राफी (Biography) भनिन्छ । ग्रिसेली शब्दहरूमा बायो (Bio) र ग्राफिया (Graphia) को संयोजनबाट 'बायोग्राफी' शब्दको निर्माण भएको हो । बायोले 'जीवन' लाई र 'ग्राफिया' ले लेखनलाई बुझाउँछ ।[८] यसरी यसले कुनै पनि व्यक्तिविशेषको जीवनको लेखन भन्ने अर्थ्याउँछ । संक्षेपमा यसको अर्थ जीवनी नै भन्ने बुझिन्छ । नेपालीमा जीवनलाई जीवन चरित्र वा जीवन चरित्र र जीवन वृतान्त पनि भनिन्छ ।[९] यसर्थ जीवनी साहित्यलाई इतिहासको एक अंश मात्र मान्न सकिन्छ । व्यक्ति विशेषको सम्बन्ध समाज, संस्कृति, राजनीति आदिसँग हुने भएकाले जीवनीबाट तत्कालीन सामाजिक सांस्कृतिक वा राजनैतिक परिवेश बुझ्न सकिन्छ ।[१०] वास्तवमा जीवनीले जीवनका यथेष्ट प्रमुख भागको चर्चालाई आत्मसाथ गरेको छ ।[११] जीवनी भनेको जीवनभर गरेका कामकुराको क्रमवद्ध लेखन वा कथन हो ।[१२] तसर्थ यी माथिका परिभाषाबाट जीवनीमा नायकको जन्मदेखि जीवन भरका कामहरू विभिन्न क्रियाकलापहरूको सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक लगायतका जीवनका विविध पक्षहरूको अध्ययन गरिन्छ । प्रस्तुत शीर्षकमा साहित्यकार याम थुलुङको जीवनीका विभिन्न पक्षहरूको अध्ययन गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

पिता धनप्रसाद थुलुङ (राई) र माता लखमती सावदेन (थुलुङ) का कान्छा छोराका रूपमा याम थुलुङको जन्म भएको हो । कवि याम थुलुङ (राई) को यथार्थ जन्ममिति प्राप्त अनुसार वि.सं. २०३३ असोज २५ गते हो । यो विवरण उनका प्रमाण पत्रहरूमा समेत उल्लेख छ । साहित्यकार याम थुलुङ्को जन्मस्थान दोभान गाउँ निचुला ब्लक सर्भाङ जिल्ला दक्षिण भुटानममा रहेको छ ।[१३]

## २.३ बाल्यकाल

---

[८] प्रा.डा. मोहन हिमांशु थापा, **साहित्य परिचय,** पाँचौं संस्करण (साझा प्रकाशन २०६६) पृ. २०२ ।

[९] ऐजन ।

[१०] डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, (आठौं संस्करण काठमाण्डौ साझा) प्रकाशन २०६३) पृ. १७० ।

[११] कृष्ण चन्द्र सिंह प्रधान, **नेपाली साहित्य कोष** (काठमाण्डौ, ने.रा.प्र.प्र. २०५५) पृ. २९९ ।

[१२] कृष्णप्रसाद पराजुली, **नेपाली वृहद शब्दकोष**, (का.ने.रा.प्र.प्र.) पृ. ४९७

[१३] शोधनायकबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।

चारजना दाजुहरु एक दिदी र १ बहिनीका कान्छा भाइका रूपमा रहेका याम थुलुङको बाल्यकाल सामान्य परिवारमा नै वितेका पाइन्छ । पिताको अनौपचाीरक अध्ययन भएपनि थुलुङ (राई) लाई पिताबाट ५ वर्षको उमेरमा घरमै अक्षराम्भ गराउनु भएको थियो भने दाजु दिदीको पनि प्रयाप्त सहयोगले गर्दा 'बालकको घर पहिलो पाठशाला हो' भने चरितार्थ पाएको देखिन्छ । याम थुलुङ कान्छो छोरो भएकाले बुबा, आमा, दाजु र दिदीहरूबाट उचित हेरचाहार एवम् भरणपोषणका कारण थुलुङको बाल्यकाल अनुकूल वातावरणमा रहेको देखिन्छ ।[१४]

## २.४ बाल्यकालको स्वभाव

याम थुलुङ्को बाल्यकालको स्वभाव चकचके, चञ्चले, राउसे साथी भाइसँग झै झगडा गर्ने अरुसँग निडर र साहसका साथ बोल्ने र प्रकृतिको काखमा विचरण गर्न बढी मन पराउने साथै कल्पनाशील नयाँ कुराको खोजी गर्ने जिज्ञासु स्वभाव देखिन्छ ।[१५]

## २.५ शिक्षा दीक्षा

घर परिवारबाट अक्षराम्भ गरिसकेका याम थुलुङले ५ वर्षको उमेरबाट औपचारिक शिक्षामा पाइला टेक्ने अनुकूल वातावरण पाएका थिए । उनले अध्ययन आरम्भ गरेको विद्यालयको नाम धनसे प्राइमरी विद्यालय धनसे गाउँ हो ।[१६] जुन विद्यालय भूटान सरकार र स्थानीय जनताको सक्रियतामा सञ्चालन भएको थियो । याम थुलुङले कक्षा १ देखि कक्षा ५ सम्मको प्राथमिक शिक्षा यही धनसे प्राथमिक विद्यालयबाट हासिल गरेका हुन् । त्यसपछिको शिक्षा भूटान देश तथा मातृभूमिलाई त्यस देशको क्रुर शासकले भूटानी नेपालीलाई लखेट्नु परेको पीडा भोग्दै नेपालको शरण लिई झापा जिल्लाको दमक नगरपालिकाको बेलडाँगीमा शरणार्थी जीवन विताई भूटानी शरणार्थीलाई रेखदेख गर्ने क्यारीतास नेपाल नामक संस्थाले शैक्षिक क्षेत्रमा सहयोग गरी सो संस्थाबाट गजलकार थुलुङ राईले S.L.C सम्म अध्ययन गर्ने मौका पाएर प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुन् ।[१७] त्यसपछि उच्च शिक्षाको लागि भारतको सिलिगडीमा अवस्थित नेपाली साहित्य परिषदबाट साहित्य अलङ्कार (BA) सरह उपाधि पाएको पाइन्छ । यसरी विभिन्न संस्थाबाट शिक्षादिक्षा हासिल गर्ने क्रममा थुलुङ (राई) ले

---

[१४] ऐजन

[१५] शोधनायकको दाजु माहिलाबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।

[१६] शोधनायकबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।

[१७] ऐजन

विभिन्न साहित्यिक गोष्ठीहरूमा सहभागी भई आफ्ना साहित्यिक रचनाहरू वाचन गरेको साथै विभिन्न पत्र पत्रिकामा पनि कथा, कविता र गजलहरु प्रकाशन गरेको पाइन्छ ।[१८]

## २.६ विद्यार्थी जीवनका प्रमुख गतिविधि

यास गुरुङका परिवार शिक्षाप्रति सचेत भएकाले उनलाई ५ वर्षको उमेरमा नै भूटान देशको सर्भाङ जिल्ला दक्षिण भूटान धनसे गाउँ अवस्थित श्री धनसे प्राथमिक विद्यालयमा भर्ना भएका विद्यार्थी हुन् । उनको त्यस विद्यालयमा अध्ययनरत रहँदा चालचलन गतिविधि र क्रियाकलाप राम्रै रहेको देखिन्छ ।[१९] साथै विद्यालयमा रहँदा वस्दा अध्ययनशील र जिज्ञासु स्वभाव भएको पनि पाइन्छ । त्यसपछि सन् १९९० मा नेपाल फर्काइ भएपछि क्यारीतास नेपाल नामक संस्थामा अध्ययनरत रहँदा पढाइको अतिरिक्त विभिन्न गोष्ठी, सेमिनार विद्यालय स्तरीय प्रतियोगितामा भाग लिने र साहित्यिक गतिविधिमा संलग्न हुने इमान्दार, सहनशील र गम्भिर भावुक भएर अरुको कुरा सुन्ने, विभिन्न पत्रपत्रिका पढ्ने गरेका देखिन्छ ।[२०] त्यसपछि उच्च शिक्षाका लागि साहित्य परिषद (अलङकार) संस्थामा अध्ययनरत रहँदा पनि साहित्यिक गतिविधिमा सक्रिय रहेर काम गरेको पाइन्छ । यसका साथै फूलबारी त्रैमासिक पत्रिकाको प्रधान सम्पादक भई नेपाली भाषा साहित्यको लागि महत्वपूर्ण योगदान गरेको पाइन्छ ।[२१]

यसरी घरपरिवारबाट र विद्यार्थी कालमा गुरु र साहित्य अनुरागी मित्रहरूबाट प्रेरणा पाई उनले ४ दर्जन जति स-साना प्रतियोगिताहरुमा सहभागिता देखाउँदै पुरस्कृत भएको र कि.ध. तथा सा.उ.सं. केन्द्रीय कार्य समितिबाट पनि उत्कृष्ट गजलकार वि.सं. २०५८ को सम्मान पनि हात पार्न विद्यार्थी जीवनमै याम थुलुङ सफल देखिन्छन् ।[२२]

## २.७ संस्कार कर्महरू

### २.७.१ न्वारन

थुलुङको न्वारन जन्म स्थान दोभान गाउँ निचुला ब्लक सर्भाङ जिल्ला दक्षिण भूटान नै धुमधामसँग मनाएको पाइन्छ ।[२३]

### २.७.२ नामकरण

---

[१८] ऐजन ।

[१९] शोधनायकको दाजु माहिलाबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।।

[२०] शोधनायकबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।।

[२१] ऐजन ।

[२२] ऐजन ।

[२३] शोधनायकको आमाबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।

गजलकार याम थुलुङको किरात धर्म संस्कार अनुसार ४ दिनमा न्वारन गरेर पण्डितले जुराएको नाम याम राई राशिफल वृश्चिक ज्येष्ठ नक्षेत्र हो भने घर परिवारले बोलउने नाम पनि यामे नै हो जुन नाम पछि गएर उनलाई चिनाउने सशक्त नाम बन्न गयो । उनका योग्यताका प्रमाणपत्रहरूमा समेत याम थुलुङ (राई) नाम नै रहेको पाइन्छ ।[२४]

### २.७.३ ब्रतवन्ध

याम थुलुङ्को ब्रतवन्ध भने किरात धर्म संस्कार अनुसार वि.सं. २०३६ सालमा ४ वर्षको उमेरमा आफ्नो जन्मेको घरमा सक्रियतामा भूटानको दोभान गाउँ निचुलामा भएको थियो ।[२५]

### २.७.४ विवाह

याम थुलुङको जन्म भुटानमा भएको यथार्थता छँदैछ । समयको क्रमसँगै भुटानी नेपाली त्यस देशका शासकले देश द्रोहीको नामममा उनीहरूलाई शरणार्थी जीवन विताउन विवश बनाए यसरी जन्मभूमिलाई जवर्जस्ती त्याग्नु परेका पीडा थुलुङको जीवनमा जीवन्त रहेको पाइन्छ ।[२६] उनको सानै देखि साहित्य प्रति झुकाव र लगाव भए तापनि उनले १९ वर्षको उमेरमा मोरङ् जिल्लाको शनिश्चरे शरणार्थी शिविरमा अवस्थित पिता गोपाल सिंह राई माता आशदेवी राईका ४ भाइ छोरा र ३ बहिनी छोरीहरू रहेको मध्ये कान्छी सुपुत्री निर्मला राईसँग किरात धर्म संस्कार अनुसार विधिपूर्वक विवाह वि.सं. २०५० साल बैशाख १४ गते सम्पन्न भई याम थुलुङ दाम्पत्य जीवनमा बाँधिएका हुन् ।[२७] उनीहरुको जोडी झापा जिल्ला दमकमा बसोबास गरिरहेको पाइन्छ ।[२८]

## २.८ कर्मक्षेत्रमा प्रवेश

साहित्यकार यामथुलुङ विद्यार्थी कालदेखी नै विभिन्न साहित्यिक कृतिहरू रचना गर्न अग्रसर देखिनुहुन्थ्यो । वहाँले औपचारिक अध्ययन नेपाली साहित्य परिषद अलङ्कार सिलगुडीबाट BA सरह उत्तीर्ण गरी वि.सं. १९९९ सालबाट झापा जिल्लामा अवस्थित दमक नगरपालिकाको वेलडाँगी २ मा रहेको आफूले अध्ययन गरी प्रवेशिका परीक्षा उत्तीर्ण गरेको क्यारीतास नेपाल संस्थामा सन् २०६३ सालसम्म शिक्षण पेशामा संलग्न हुनुभयो । यसरी यस संस्थामा अध्यापन कार्यमा संलग्न भइ रहँदा उहाँले आफूमा रहेको सिर्जनालाई

---

[२४] ऐजन ।

[२५] ऐजन ।

[२६] शोधनायकबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।

[२७] ऐजन ।

[२८] ऐजन ।

कहिले पनि ओइल्याउन दिनुभएन । वहाँ निरन्तर रूपमा साहित्यिक वातावरणमा रमाउनु भयो । त्यसको फलस्वरूप वि.सं. २०५८ सालमा दोभान कविता संग्रह संयुक्त र वि.सं. २०६० सालमा 'आँशुका थोपाहरू' गजल संग्रह प्रकाशित गरेको पाइन्छ ।[२९] त्यसपछि विभिन्न पत्रपत्रिकाका प्रधान सम्पादन भई सम्पादन कार्य गरेको पाइन्छ । जस्तै वि.सं. २०५८ सालमा 'फूलबारी साहित्यिक त्रैमासिक पत्रिका', 'प्रतिविम्व पत्रिका' (२०५७) आदिको गरेका थिए । त्यसै गरी वि.सं. २०६३ सालमा याम थुलुङ (राई)ले झापा जिल्ला अन्तर्गत दमक नगरपालिका वडा नं. १२ मा श्रष्टा छापाखाना खोली मानव सेवा र नेपाली साहित्यमा कलम चलाउँदै आउनु भएको छ ।[३०]

## २.९ दाम्पत्य जीवन र पारिवारिक स्थिति

मानव जीवन सङ्घर्षमय जीवन हो । उसले सङ्घर्ष गर्दै जाँदा जीवनका अनेकौ मोडहरू र विभिन्न अनुभूतिहरू सङ्गाल्दै जान्छन् । साथै परिवार समाज र राष्ट्रले व्यक्तिको जीवनसँग प्रत्यक्ष अप्रत्यक्ष अन्तरसम्बन्ध कायम गरेकै हुन्छ । समाज, राष्ट्र र विश्वका विविध गतिविधिले व्यक्तिको मष्तिष्कमा पारेको प्रभावहरूलाई साहित्य वा कलाका माध्यमले प्रस्फुटन गर्न घर परिवारको सहयोग र प्रोत्सहान पनि निकै महत्वपूर्ण रहेको पाइन्छ ।

यसरी हेर्दा साहित्यकार याम थुलुङ्को जीवन सङ्घर्षमय लगनशील र भावुक स्वभावको थियो । तथापि कान्छा छोरा भएको कारण बुबा आमा, दाजु दिदीको प्रयाप्त माया पाएर हुर्किएका याम थुलुङले पारिवारिक स्नेह धेरै पाएको देखिन्छ ।[३१] यसरी विवाह पश्चात उनी झापा जिल्लाको दमक नगरपालिकामा आनन्दमय तरिकाले दाम्पत्य जीवन विताउँदै आउनु भएको छ । वास्तवमा निर्मलासँगको सहयात्राले याम थुलुङ (राई) को पारिवारिक जीवनमामात्र नभएर साहित्यिक जीवनमा पनि निकै ठूलो प्रेरणा र हौसला प्राप्त हुँदै आएको छ । हाल साहित्यिक लेखन प्रकाशनमा अर्धाङगीनीबाट गजलकार याम थुलुङ (राई) लाई पूर्णरूपमा सहयोग हुँदै आएको पाइन्छ ।[३२]

## २.१० आर्थिक स्थिति

साहित्यकार याम थुलुङ (राई) को पुर्खा मध्यम् वर्गीयको रूपमा रहेको पाइन्छ । उनका बुबा परदेश जाने क्रममा भूटान पुगेको र त्यहाँ नै आजीवन रही जीवन गुजारेको

[२९] ऐजन ।

[३०] ऐजन ।

[३१] शोध नायकको आमाबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।

[३२] ऐजन ।

कारण सुरुको अवस्थामा आर्थिक अवस्था कमजोर भएपनि बुबा लगनशील र उद्यमशील भएकाले उहाँको घरायसी आर्थिक अवस्था मजबुद हुँदै गएको देखिन्छ ।[३३] हालको अवस्था सबै दाजु भइ प्राविधिक क्षेत्रमा भएका कारण सबै आ-आफ्ना खुट्टामा उभिएका छन् । साथै शोधनायक पनि श्रष्टा छापाखाना उद्योग खोली जीवन गुजारा गर्न सहज रहेको देखिन्छ ।

## २.११ रुचि

मान्छेलाई सफलताको मार्गमा पुऱ्याउन उसमा रहेको रुचि हो । रुचि विना कुनै पनि लक्ष्यमा पुग्न सकिदैन । तसर्थ कुनै ठोस् लक्ष्य वा उद्देश्य प्राप्ति व्यक्तिको अन्तरआत्माको रुचिले नै मानिसको जीवन निर्धारण गर्दछ । अन्तः व्यक्तिको सम्पूर्णता बुझ्नका लागि उसको रुचि क्षेत्रको अध्ययन पनि नितान्त देखिन्छ ।

साहित्यकार याम थुलुङ एक असल तथा कुशल व्यक्तित्व बन्नुका पछाडि उनका बाल्यकाल देखिका रुचिहरू नै प्रमुख जिम्मेवारी रहेको पाइन्छ । याम थुलुङमा सानै देखि नै साहित्यकार बन्ने उनका लक्षणहरुबाट देखिन्छ ।[३४] उनले सानै उमेरमा कविता वाचन गर्दा लयवद्ध रूपमा वाचन गर्न अभ्यास गर्ने साथै प्राथमिक कक्षामा नेपाली पुस्तकमा भएका कविताहरू शिक्षकले लयवद्ध रूपमा वाचन गर्दा ध्यान दिएर सुन्ने र जस्ताको तस्तै लयवद्ध वाचन गर्न सक्ने गर्दथे ।[३५] जब मा.वि. तहमा अध्ययन गर्थे उनी कविता र गजल रचना गर्ने र साहित्यिक गोष्ठी र सेमिनारमा भाग लिने पनि गर्थे ।

याम थुलुङ यौवन अवस्थामा प्रवेश गरेसँगै उनका जीवनमा युवा अवस्थाका रुचिहरू पनि देखिन्छन् । यस अवस्थामा जोसिला, जुझारु, निडर, निर्भिक र सामाजिक परिवर्तनका लागि केही गर्नुपर्दछ भन्ने धारणा भएकाले त्यतैतिर रुचि गएको देखिन्छ ।[३६] साथै नयाँ नयाँ पुस्तकहरू खोजी खोजी पढ्ने र विभिन्न पत्रपत्रिकाहरू पढ्ने एवम् नयाँ ठाउँको भ्रमण गर्ने र साहित्य सिर्जना गर्ने तर्फ लाग्ने सभ्य, समुन्नत समाज निर्माणका लागि साहित्य अध्ययन गर्नु पर्दछ भन्ने मान्यता बोक्ने तथा साहित्य मार्फतमात्र समाज परिवर्तन गर्न सकिन्छ भन्ने चाहाना भएकाले याम थुलुङ एक दर्विलो साहित्यकार बन्न सफल भए ।[३७] जिज्ञासु स्वभावका याम थुलुङ (राई) आफूलाई नबुझेका नजानेका कुराहरू निर्धक्क भएर राख्नुहुन्छ भने १० वर्ष सम्म शिक्षण पेशामा संलग्न भएका कारण कक्षामा

---

[३३] शोध नायकको आमाबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।

[३४] शोधनायकबाट प्राप्त जनकारी २०६९।१२।५, दमक झापा ।

[३५] ऐजन ।

[३६] ऐजन ।

[३७] ऐजन ।

अध्यापन गर्दा विद्यार्थीको रुचि र आकांक्षा अनुसार सचेत भई शिक्षण गरेको पाइन्छ ।[३८] साथै कक्षा शिक्षणका क्रममा पढाइलाई अर्थपूर्ण तथा प्रभावकारी तुल्याउन पौराणिक कथाहरू र पश्चात्य कथाहरू एवम् थुप्रै उदारणहरू प्रस्तुत गर्ने र मनोरञ्जन पूर्ण ढङ्गले विद्यार्थीहरूलाई विषयवस्तुप्रति आकर्षित गरी शिक्षण कार्यलाई प्रभावकारी तुल्याउनु पर्छ भन्ने स्वभावका हुनुहुन्छ । त्यस्तै समाज प्रति सकारात्मक विचार भएका याम थुलुङ सहयोगी देखिनु हुन्छ । त्यसै गरेर मानवीय कलङ्कका रूपमा रहेका जात-पात, छुवा-छुत (आदि)को अन्त्य हुनु पर्दछ अनि मात्र समाज सभ्य र सक्षम हुन सक्छ साथै आधुनिक नेपालको कल्पना गर्नु सकिन्छ भन्ने भाव साथै याम थुलुङ निर्धा निमुखा असाहय अपाङ्ग र पीडामा परेका मानिसहरूको मन, वचन र कर्मले सेवा र सहयोग गर्नु पर्दछ अनिमात्र मोक्ष प्राप्त गर्नु सकिन्छ भनी प्रस्तुत हुने निडर र स्वाभिमानी स्वभावका हुनुहुन्छ ।[३९]

## २.१२ साहित्यिक लेखन प्रेरणा र प्रभाव

नेपाली साहित्यिक विधामा नै BA सम्म अध्ययन गरेका याम थुलुङ विद्यालय तहमा पढ्दा कवि भूपी शेरचनको ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ कविता सङ्ग्रहमा संग्रहति एक उत्कृष्ट कविता ‘सहिदहरुको सम्झना’बाट प्रभावित भई साहित्य लेखनमा प्रेरणा जागेको पाइन्छ । त्यसको फलस्वरूप ‘द भूटान टाइम्स’मा ‘जीवन घडी’ शीर्षक कविता प्रथम पटक प्रकाशित गरेर नेपाली साहित्य लेखनमा औपचारिक रूपमा कविता विधाबाट लेख्न सुरु गरेको पाइन्छ ।[४०] त्यसपछि क्रमशः फूलबारी, प्रतीत, मानस, जागरण, सन्देश, सूर्योदय र विहानी आदि पत्रपत्रिकामा उनका प्रसस्तै फुटकर कविता र गजलहरू छपाउन सफल देखिन्छन् । त्यसबाट झन उनमा साहित्य लेखन प्रति मोह जागेर आएको पाइन्छ ।[४१] यसरी कलम समातेर सृजनामा निरन्तर सक्रिय रहेर वि.सं. २०५८ सालमा ‘दोभान’ कविता सङ्ग्रह संयुक्त रूपमा प्रकाशित गर्न सफल भए र यो उनको पहिलो पुस्तक आकारको रूपमा प्रकाशित कृति हो । यसरी आदिवासी जनजाति राई परिवारबाट नयाँ सर्जक उदय भएकामा उनलाई वि.सं. २०५८ सालमा किरात धर्म तथा साहित्य उत्थान संघ केन्द्रीय

---

[३८] ऐजन ।
[३९] ऐजन
[४०] ऐजन
[४१] ऐजन

कार्य समितिले पुरस्कार तथा सम्मान गर्‍यो । यो सम्मानले याम थुलुङलाई साहित्य सिर्जनामा उर्जा थप्ने काम गरेकाले साहित्य साधनामा अविरल रूपमा कलम चलाउने प्रेरणा प्रदान गरेको पाइन्छ । साहित्यका विविध विधामा कलम चलाउँदै जाँदा हाल झापा जिल्लाको दमक नगरपालिकामा बसेर श्रष्टा छापाखाना उद्योग खोली समाज सेवाका अतिरिक्त नेपाली साहित्यलाई उमार्दै फलाउँदै फुलाउँदै मूलतः गजल विधामा कलम चलाउँदै महत्वपूर्ण युवा गजलकारका रूपमा दरिन पुग्दछन् । गजलकार याम थुलुङ मानवतावादी प्रगतिवादी प्रयोगवादी श्रृंगारिक तथा समसामयिक कवि तथा गजलकार हुन । उनका कवितामा गजलमा उच्चमानवीय अस्तित्वको मूल्य स्थापना र समस्याबाट ग्रस्त जीवनका कारुणिक र मार्मिक पक्षलाई पनि कवितामा उद्घाटन गरेको पाइन्छ । गजल विधामा छन्दवद्धतामा आधारित कलम चलाउने याम थुलुङ वि.सं. २०६४ सालमा उत्कृष्ट साहित्य साधना अलंकार नामक पुस्तकार साहित्य अलंकार गुठी भूटानबाट सम्मान गरेर सो पुस्तकाकारले साहित्य सिर्जनामा अझ प्रेरणा पाएको बुझिन्छ । पछिल्ला समयमा उनका गजलहरुमा वर्तमान अवस्थाका समसामयिक सन्दर्भलाई समेटेर विषय बनाई गजलहरू रचना गर्दै आएको पाईन्छ ।[४२]

## २.१३ प्रथम रचना र प्रकाशित पुस्तकाकार कृतिहरू

साहित्य लेखन कार्यमा १६, १७ वर्षबाट नै कलम समातेर सिर्जनामा लागेका याम थुलुङ (राई) ले विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर कविता र गजलहरू लेखेको पाइन्छ । उनका प्रथम प्रकाशित कविता वि.सं. २०५५ सालमा 'जीवन घडी' शीर्षक कविता द भूटान टाईम्समा प्रकाशित छ ।[४३]

## २.१४ प्रकाशित कृतिहरूको सङक्षिप्त सूची

| क्र.सं. | कृति | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | 'दोभान' (संयुक्त कविता सङ्ग्रह) | कविता | वि.सं. २०५८ |
| २ | 'आँसुका थोपाहरू' (गजल सङ्ग्रह) | गजल | वि.सं. २०६० |
| ३ | 'अरक्षित यात्रा' (गजल सङ्ग्रह) | गजल | वि.सं. २०६२ |
| ४ | 'रित्तो आकाश' (गजल सङ्ग्रह) | गजल | वि.स. २०६९ |
| ५ | 'सम्झनाका खण्डित आकृतिहरू' (संयुक्त कविता सङ्ग्रह) | कविता | वि.सं. २०६७ |
| ६ | 'शब्द अस्त्र' (संयुक्त रुवाई सङ्ग्रह) | रुवाई | वि.सं. २०६७ |

[४२] ऐजन ।
[४३] ऐजन ।

## २.१५ पुरस्कार तथा सम्मान

याम थुलुङले साहित्यिक जगतमा संलग्न भएर थुप्रै पुरस्कारहरू प्राप्त गरेका छन् । ती पुरस्कारहरू निम्न लिखित छन् ।

क) कि.ध. तथा सा.उ.स. केन्द्रीय कार्य समीति वि.सं. २०५८ सालमा सम्मान तथा पुरस्कार

ख) अर्न्तराष्ट्रिय नेपाली साहित्य भूटान च्याप्टरबाट वि.सं. २०६१ अभिनन्दन तथा पुरस्कार ।

ग) साहित्य अलङ्कार गुठी भूटान वि.सं. २०६४ उत्कृष्ट साहित्य साधना अलङ्कार पुरस्कार तथा सम्मान ।

घ) भूटान सितोरियो कराते संघ शाखा वेलडाँगी-१ वि.सं. २०६३ मा सम्मान

ङ) युवा मैत्री केन्द्र बेलडाँगी सम्मान वि.सं. २०६४ ।

च) स्व लगनशील किरात समाज भूटान वि.सं. २०६४ मा सम्मान ।

छ) दमक क्याम्पस साहित्यिक मञ्च वि.सं. २०६६ मा सम्मान ।

ज) झकास अर्न्तराष्ट्रिय पुरस्कार सन् २०११ मा सम्मान तथा पुरस्कृत ।

झ) किरात लोजिस्ट तथा इतिहासकार इमानसिंह चेम्जोङ्ग १०८ औं जन्म जयन्ती २०६४ फाक्तेप पाँचथरबाट सम्मान ।

## २.१६ जीवन र साहित्य सम्बन्धी धारणा

हामी जीवन फरक-फरक शैलीमा बाच्छौं । एउटा मान्छेको विचारको क्षितिज अर्को मान्छे भन्दा भिन्नरूपले चलायमान हुन्छ । मन भित्र तरंगित हुने बैचारिक तरङ्गहरूमा एउटा सुन्दर प्रतिभा लुकेको हुन्छ । कसैले आफूभित्र भएको प्रभावित प्रतिभालाई चिन्छन् र परिश्रमको रङ्गले सजाउँछन् तसर्थ जीवन श्रम र सिर्जनाको कलात्मक बगैंचा हो । साहित्य भन्नाले समाज, व्यक्ति र नीतिको त्रिकोणात्मक सम्बन्धले सिर्जना गरिनु पर्छ । कतै पनि कृति वा लेखकले एउटा स्पष्ट उद्देश्य बोकेको र मौलिकतामा सिर्जिएको हुनुपर्दछ ।[४४] साहित्यमा सरल भाषा शैलीको महत्व रहँदैन यस गहन तथा विशिष्ट भाषाको माध्यमबाट

[४४] ऐजन ।

जीवन र जगतका प्राप्त विभिन्न भावना र अनुभूतिको अभिव्यक्ति हुन्छ भावना र अनुभुति अभिव्यक्ति हन्छ त्यसैले साहित्य त एउटा लोक हो अनि आलोक हो ।[४५]

[४५] ऐजन ।

### निष्कर्ष

याम थुलुङ (राई) को ३६ वर्षे जवानी यात्रा केही सुखमय त केही जटिल तथा संघर्षशील वातावरणमा घुलमिल भई वितेको छ । २२ वर्ष देखि साहित्य सिर्जनामा सक्रिय भई लागेका याम थुलुङ (राई) ले आजसम्म पनि उक्त कार्यलाई निरन्तरता दिँदै नेपाली साहित्यका विधि विधामा संलग्न भई निकट भविष्यमा नै अर्को नयाँ कविता सङ्ग्रह, गजल सङ्ग्रह र रुवाई सङ्ग्रह विधाको कृति प्रकाशन गर्ने तयारीमा लाग्नु भएको छ ।[४६]

साहित्यकार थुलङ (राई) नेपालमा साहित्य काल संस्कृतिप्रति सामेल आफूलाई गराउँदै जाँदा तन, मन, वचन धन र कर्मले अनवरत साहित्य सिर्जनामा समर्पित भई लागि रहनु भएका स्रष्टा थुलुङ भूटानी साहित्याकाशमा पहिलो गजलकारको रूपमा उदाउन सफल हुन भएको छ । यो उहाँको नेपाली साहित्यिक जगतमा लगनशीलता र अनुरागको उपज हो ।

★

[४६] ऐजन ।

# तेस्रो परिच्छेद

## साहित्यकार याम थुलुङको व्यक्तित्वका विविध पक्षहरू

### ३.१ पृष्ठभूमि

समाजमा प्रशंसा लायक बन्नुमा व्यक्तिमा रहेको उसको व्यक्तित्वले ठूलो भूमिका खेलेको हुन्छ सामान्य व्यक्तित्व भनेको शारीरिक बनावट, लवाई, बानी, व्यवहार, सामाजिक कार्य र पेशा आदि कुरा भन्ने बुझिन्छ । यही कुशल व्यक्तित्वकै कारण समाजमा व्यक्ति उदाहरणीय तथा अनुकरणीय बनिरहन्छ । यसरी हेर्दा साहित्यिक राजनैतिक, सम्पादन, शिक्षक, धार्मिक सामाजिक आदि क्षेत्रमा सक्रिय भूमिका निर्वाह गरिरहेका याम थुलुङ विविध व्यक्तित्वका धनी मानिन्छन् । यहाँ उनका यिनै व्यक्तित्वका विविध पक्षलाई चिनाउने कोशिस गरिएको छ ।

### ३.२ बाह्य व्यक्तित्व

व्यक्तिको बाह्य व्यक्तित्व अन्तर्गत उचाई मोटाई आकार, रूप बानी आदि शारीरिक वनावटको प्रतिनिधित्व गर्दछ । शारीरिक संरचनाका दृष्टिले याम थुलुङको तौल ६२ केजी रहेको बताउँछन् । ५ फूट ४ इन्चको उचाई गहुँगोरो वर्ण एवम् हसिलो चेहरा भएको पाइन्छ । स्वास्थ्य राम्रो मोटो शरीर लाम्चो अनुहार रहस्यमय आँखा र टाउको अनुसार र छोटो केश काटेको याम थुलुङको व्यक्तित्व निकै आकर्षक देखिन्छ । घरमा रहँदा बस्दा साधरण पहिरनमा रहन चाहने याम थुलुङ घरबाट बाहिर हिड्दा सर्ट पाइन्टको पोसाक कम्मरमा छालाको पेटी खुट्टामा सामान्य छालाको कालो जुत्तामा विशेष रुचीका साथ सज्जिएर हिड्ने गर्दछन् । वरपर छरछिमेकी तथा साथीभाइसँग सरल स्वाभिमानी सहयोगी प्रवृत्तिको व्यवहार गर्दछन् । सुकोमल बोली मिठासयुक्त सौहार्द तथा नम्र सरल व्यवहार भएका व्यक्ति थुलुङ (राई) आफू जन्मेको मातृभूमि भूटानको औधी माया र ममता साथै नेपालमा शरणार्थी जीवन भोग्नु परेका पीडाहरू व्यक्त गर्दछन् ।[४७]

### ३.३ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व अन्तर्गत कुनै पनि व्यक्तिको गुण वा विशेषतालाई बुझिन्छ । मानिसले पृथ्वीलोकमा आँखा खोलेपछि उसको जीवन यात्रा सुरु हुन्छ । यही यात्रामा एउटा

[४७] शोधनायकबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।

व्यक्तिले आफ्नो व्यक्तित्व स्थापित गर्दछ । कुनै पनि मानिसको भोगाइमा आउने विभिन्न घटना जीवनका उत्तारचढाव, घात प्रतिघात, आरोह अवरोह तथा क्रिया प्रतिक्रियाले व्यक्तिको प्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ । साथै व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक पृष्ठभूमि सामाजिक, सांस्कृतिक, स्थिति, रुचि, इच्छ शक्ति आकाङक्षा अभिवृत्ति, तत्परता, प्रेरणा पेशा र शिक्षा दीक्षाले उल्लेख्य सहयोग पुऱ्याएको हुन्छ ।[४८] याम थुलुङको व्यक्तित्वमा पनि उल्लेखित कुराहरूले प्रभाव पारेको देखिन्छ ।

### ३.३.१ सम्पादक व्यक्तित्व

याम थुलुङले साहित्यिक लेखनको सुरुवात देखि नै सम्पादन कार्यलाई अगाडि बढाएका थिए । यिनले सर्वप्रथम वि.सं. २०५७ सालमा 'प्रतिविम्व' भित्ते पत्रिका नामबाट सम्पादन कार्यमा विशेष हात हालेको पाइन्छ । यसका साथै फूलबारी त्रैमासिक पत्रिकाको वि.सं. २०५७ र २०५८ सालसम्म प्रधान सम्पादक भई काम गरेको । वि.सं. २०६१-२०६४ सम्म 'मानस' मासिक पत्रिकाको प्रधान सम्पादक 'प्रतिक मासिक पत्रिका'को वि.सं. २०६६-२०६९ सम्म प्रधान सम्पादक, 'सूर्योदय' जागरण पाक्षिक समाचार पत्र र सन्देश साप्ताहिक समाचार पत्रको सम्पादक भई काम गरेका थिए । यसरी आधा दर्जन भन्दा बढी पत्रपत्रिकाको प्रधान सम्पादकको कार्य भार समाली याम थुलुङलाई  दर्विलो सम्पादक व्यक्तित्वको रूपमा चिन्न सकिन्छ ।[४९] यिनै कुराले उनको साहित्यप्रतिको अभिरुचि र साधना प्रदर्शित गर्दछ । तर उनको सिर्जना पक्ष भने अलग्गै छ ।[५०]

यसरी हेर्दा साहित्यिक पत्रिकाहरूको क्षेत्रमा याम थुलुङको सम्पादन कार्यको व्यक्तित्व निकै दृढ भएर देखा परेको पाइन्छ ।

### ३.३.२ कवि व्यक्तित्व

कवि व्यक्तित्व याम थुलुङ (राई) को महत्वपूर्ण व्यक्तित्व हो । जुन व्यक्तित्वको बीजारोपण कवि भूपी शेरचनको 'घुम्ने मेचमाथिको अन्धो मान्छे' कविता सङ्ग्रहमा सङ्ग्रहित 'सहिदको सम्झना' कविताबाट प्रभावित भएको पाइन्छ । साथै विभिन्न साहित्यिक गोष्ठी सेमिनारमा साहित्यिक कर्मीहरूबाट भेटघाट र सम्पर्कले गर्दा उनी कविता विधामा आकृष्ट भएको पाइन्छ । कवि याम थुलुङ (राई) को नेपाली साहित्यको लेखन वि.सं. २०५५

[४८] ऐजन ।
[४९] ऐजन ।
[५०] ऐजन ।

साल देखि सुरु गरी 'जीवन घडी' शीर्षक कविता द भूटान टाइम्समा प्रकाशित २०५७ उनको पहिलो कविता हो ।[५१] त्यसपछि फूलबारी मानस प्रतीत, सूर्योदय प्रतिविम्व, विहानी, सम्झना, खण्डित आकृति कविता सङ्कलन जागरण समाचारपत्र, सन्देश समाचार पत्र आदि पत्रपत्रिकाहरूमा प्रसस्तै मात्रामा अढाई दर्जन जति कविताहरू प्रकाशित भएको पाइन्छ । पुस्तकाकार रूपमा प्रकाशित उनको पहिलो कविता सङ्ग्रह 'दोभान (२०५८) संयुक्त रूपमा प्रकाशित भएको हो । यस कविता सङ्ग्रहमा कवि याम थुलुङ्को जम्मा १३ वटा कविताहरू समावेश छन् ।[५२] उक्त कवितहरू गद्यात्मक शैलीलाई प्राथमिकता दिई भूटान र भूटानीको समस्यालाई विषयवस्तु बनाएर लेखिएका कवितामा मातृभूमिको ११ वर्षे वियोग सहनु पर्दाको छटपटी भुटभुती छुटछुटीलाई कवितात्मक अभिव्यक्ति दिएका छन् । कवितामा मातृभूमि प्रति अघात मोह, भाषा साहित्य र जातिप्रतिको अथाह माया राष्ट्र र राष्ट्रियता प्रतिको प्रतिवद्धता कवितामा छताछुल्ल भएर पोखिएका छन् ।[५३]

समग्रमा भन्दा यस कविता सङ्ग्रहका कविताहरूको ढाँचा आफ्नै किसिमको मौलिकतामा निमित्त रहेको छ । साथै काव्यात्मक सम्वेदना र कलाका पक्षहरूमा सरलता, लयात्मक, मार्मिकता र नवीनताहरू प्रयोग गर्न कवि याम थुलुङ्को आफ्नै विशेषता हो ।

### ३.३.३ गजलकार व्यक्तित्व

साहित्यकार याम थुलुङ्को मूलविधा तथा मन पर्ने विधा भनेको गजल विधा हो । उहाँले यस विधाबाट साहित्यिक यात्रा प्रारम्भ आसुँका थोपाहरू (२०६०) गजलसङ्ग्रह प्रकाशित गरी यस विधामा उदयमान भएको पाईन्छ । यस सङ्ग्रहमा जम्मा २६ वटा गजलहरू छन् । यो गजल सङ्ग्रह नेपाल बाहिरका नेपालीद्वारा लेखिएको दोस्रो गजल सङ्ग्रह पनि हो ।[५४] यस गजलमा भूटानी शरणार्थी युवाहरूका छटपटी तृष्णा, आँसु र हाँसोलाई सहजरूपले उठाइएका छन् । त्यसपछि उनको दोस्रो गजल सङ्ग्रह वि.सं. २०६२ सालमा 'अरक्षित यात्रा' प्रकाशित भएको पाइन्छ । साथै वि.सं. २०६७ मा 'रित्तो आकाश' गजल सङ्ग्रह प्रकाशित गर्न सफल हुनु भयो । यसरी पुस्तकाकारका रूपमा जम्मा गजल विधाबाट तीन वटा कृति प्रकाशित भई सकेका छन् । यसका साथै उनका फुटकर रचनाहरू धेरै पत्रपत्रिका, विशेषाङ्कमा प्रकाशित छन् ।

---

[५१] ऐजन ।

[५२] **दोभान कविता सङ्ग्रह**बाट साभार गरिएको, पृ. ज ।

[५३] ऐजन पृ. घ ।

[५४] शोधनायकबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।

गजलकार थुलुङ्का गजल सङ्ग्रहहरू गजलहरूको अन्तर वस्तु वा विषय वस्तुमा विविधता पाइन्छ । गजलकारले अरु गजलकार कै परम्परालाई पछ्याउँदै प्रेमपूर्ण विषयवस्तुलाई महत्व दिएका छन् यसका साथै प्रेम बाहेक जीवनका सुख दुःखको अनुभूतिहरू प्रशस्त मात्रामा समेटिएका छन् । यसका अतिरिक्त उनका कोही गजलले देश भक्ति भावना र शरणार्थी जीवनमा भोग्नु परेका पीडा, रोधनहरु पनि व्यक्त गरेका छन् ।[५५] यसर्थ साहित्यकार थुलुङलाई नेपाली भाषा र साहित्यको लागि एक मुर्द्धन्य स्रष्टा हुन् । गर्विला पात्र हुन्, उदारणीय विम्व हुन ।

## ३.३.४ रुवाई व्यक्तित्व

यो विधा विश्व सहित्यमा हजार वर्ष पूर्व फारासी भाषा साहित्यबाट आरम्भ भएको विधा हो । यस विधाको ईतिहासलाई खोतल्दा एघारौं शताब्दीका चिन्तक, दार्शनिक, स्वतन्त्र विचारक तथा लेखक उमर खैयाम सम्म पुग्नु पर्दछ । वहाँको विशेष योगदानबाट हाल रुवाई विदाले एक छुट्टै स्वतन्त्र विधाको रुपमा चिनिने काम गरेका छन् ।

नेपाली साहित्यमा यस विधाले पनि महत्वपूर्ण स्थान ओगटेको पाइन्छ । यस विधामा साहित्यकार याम थुलुङले पनि कलम चलाउने एक दर्बिलो श्रष्टाको रुपमा चिन्न सकिन्छ । साहित्यकार राईले ‘शब्द अस्त्र’ वि.सं. २०६७ मा संयुक्त रुवाई सङ्ग्रह प्रकाशित गरी यस विधामा सक्रिय भई निरन्तर कलम चलाई रहेको पाइन्छ ।[५६] यस संयुक्त सङ्ग्रहमा राईका तीस वटा रुवाई रहेका छन् । यस अतिरिक्त उनका रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा र विशेषाङ्कहरूमा दुई दर्जन जति प्रकाशित भई सकेका छन् ।

रुवाई विधामा कलम चलाउने विशेष गरी प्रकाश आङ्देम्बे, दावा तामाङ, विदुर पौड्याल आदि साहित्यकारहरुबाट प्रेरणा र प्रभाव भई यस क्षेत्रमा सरिक भई अनवरत लागिरहनु भएका छन् ।[५७]

## ३.३.५ गीतकार व्यक्तित्व

याम थुलुङ (राई)ले गजल शेरमा वि.सं. २०६२ सालमा ‘भूगोल’ एल्वम र ‘भाव एल्वम नामक रेकड गरी गीतकारका रूपमा स्थापित भई सकेका छन् । ‘भूगोल’ एल्वममा संगीत तथा स्वर किशोर शिवाकोटी र ‘भाव’ एल्वममा संगीत र स्वर अर्जुन रसाईलीले मीठो संगीत र गला समेत मिसाई उक्त सांगीतिक गजलले चर्चा परिचर्चा कमाई प्रत्येक

---

[५५] **अरक्षित यात्रा गजल सङ्ग्रह**को भूमिकाबाट साभार गरिएको ।

[५६] शोधनायकबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।

[५७] ऐजन ।

स्रोताहरूको ओठ ओठमा गुनगुनाई रहेका छन् । उक्त गीतहरूमा याम थुलुङ समाजमा भएका जातीय विभेदपूर्ण विकृति र विसंगतिप्रति इङ्गित गर्दै जुनले जसरी संसार सबै मान्छेलाई समान रूपले शीतलता दिने गर्दछ साथै आकाश, धर्ती, जुन, तारा, हिरा, मोती सबै साझा रूपमा उपभोग गरिन्छ त्यसरी नै पानीलाई पनि साझा वस्तुको रूपमा प्रयोग गर्न सिक्नु पर्दछ भनी अन्याय पूर्ण कार्यलाई हटाई न्याय पूर्ण समाजको कल्पना गर्नु पर्दछ भनी सुधार उन्मुख सन्देश भूगोल एल्वममा पाइन्छ । साथै भाव एल्वममा शृङ्गारिक धारा अन्तर्गत प्रेममा आधारित रचना गरिएको गजल शेरहरू पाइन्छन् ।

यसरी गजल शेरमा गीत रचना गरी नेपाली गजल गीतलाई उच्च स्थानमा पुऱ्याउन वहाँको महत्वपूर्ण देन पाइन्छ । यो देनले याम थुलुङ भावी पुस्ताका लागि अनुकरणीय व्यक्तित्व बनेका छन् ।

### ३.३.६ धार्मिक व्यक्तित्व

याम थुलुङ (राई) किरात परिवारमा जन्मिएका हुनाले धार्मिक प्रेरणाको स्रोत घर परिवारबाट नै भएको पाइन्छ । जसको फलस्वरूप इलाम जिल्लाको बाँझो गा.वि.स. अन्तर्गत लारुम्बामा किरात धर्म गुरु आत्मनन्द लिङ्देन ज्यूको गुरु माङ्गेनामा सरिक भइ गुरुको प्रवचन ग्रहण गर्ने साथै धार्मिक कार्यहरूमा संलग्न हुने गरेको पाईन्छ ।[५८] याम थुलुङ (राई) धर्मप्रति आस्थावान भएका कारण धर्म भनेको समाज सुधार गर्ने कडीको रूपमा लिनुहुन्छ । साथै धर्मकर्म जाति विशेषको नभई सबै जातिको वर्ग समुदायको आश्रय स्थल हो भन्नु हुन्छ ।[५९] तसर्थ वहाँ विभिन्न धार्मिक कार्यक्रममा सरिक भई धर्मका बारेमा चासो राख्ने र आफ्नो घरमा पनि विहान बेलुका अनिवार्य रूपमा पाठ पूजा गर्ने आफ्नो कूल देवताहरूको दैनिक किरात धर्म संस्कार अनुसार पूजा गर्ने देखिन्छ । तसर्थ याम थुलुङलाई धर्म कर्ममा विश्वासिलो पात्रका रूपमा चिन्न सकिन्छ ।

### ३.३.७ सामाजिक व्यक्तित्व

समाज कल्याणको लागि याम थुलुङको महत्वपूर्ण व्यक्तित्व हो । जुन समाज सुधार गर्नका लागि गरीव असाहय अनाथ व्यक्तिहरूको भलाइमा लाग्नु पर्दछ भन्ने मूल्य मान्यता बोक्ने व्यक्तिको रूपमा लिन सकिन्छ । याम थुलुङ (राई)ले सामाजिक सेवाका लागि विभिन्न संघ संस्थामा संलग्न भई काम गरेको पाइन्छ । जस्तै किरात धर्म तथा साहित्य

[५८] ऐजन ।
[५९] ऐजन ।

उत्थान संघ भूटान सदस्य, नेपाली साहित्य परिषद भूटानका सचिव, नेपाली भाषा उत्थान मञ्च भूटान सदस्य आदि संस्थाहरूमा सरिक भई नेपाली भाषा साहित्यका अतिरिक्त विभिन्न सामाजिक संघ संस्थामा पनि संलग्न भई समाजको उत्थानका लागि सामाजिक सेवामा थुलुङ (राई) ले आफ्नो जीवन कालमा निरन्तर लागि रहेका देखिन्छन् ।[६०] याम थुलुङ गरिब, अशिक्षित र तल्ला जातको मानिस प्रति ज्यादै सहानुभूति राख्ने साथै दीन दु:खीहरूलाई सहयोग र दया गर्ने सहयोगी भावनाका विचार भएका मानिसहका रूपमा याम थुलुङलाई चिनिन्छ ।

## ३.३.८ सांस्कृतिक व्यक्तित्व

याम थुलुङ (राई) आफ्नो जातीय तथा तथा राष्ट्रिय सभ्यता र संस्कृतिको संरक्षण सर्म्वद्धन गर्नु पर्छ भन्ने मूल्य र मान्यता बोकेका व्यक्तिका रूपमा लिन सकिन्छ । जुन उनका कार्यशैली किरात धर्म संस्कार अनुसार गरी ल्याएको देखिन्छ । साथै नराम्रा रूपले जरो गाडेका संस्कृति तथा संस्कार प्रति विरोध गर्ने र राम्रा पक्षलाई समर्थन गरी क्रमश विकसित गर्दै लानु पर्छ भन्ने भाव याम थुलुङ (राई)मा पाइन्छ । उनले अनिवार्य किरात लिपिमा लेखिएका ग्रन्थ तथा पुस्तकहरू अध्ययन गर्ने । आफ्नो घरमा गरिने संस्कारहरू पुर्खाहरूले गर्दै आएको किरात तथा राईहरूको प्राचीन मौलिक संस्कृति अनुसार गर्दै आएको पाईन्छ ।[६१]

## ३.३.९ निवन्धकार व्यक्तित्व

याम थुलुङको प्रमुख विधा गजल विधा भएपनि सहायक विधाको रूपमा निवन्धलाई पनि लिएको पाइन्छ । हाल सम्म पुस्तकाकारको रूपमा छुट्टै निवन्ध सङ्ग्रहको प्रकाशन नगरे पनि वि.सं. २०५८ सालमा भूटान टाईम्स पत्रिकामा प्रकाशित 'यात्रा एक जिन्दगीको' शीर्षकको निवन्ध नै उनको पहिलो निवन्ध हो ।[६२] यसै गरी याम थुलुङको बाँकी निवन्धहरू पत्रपत्रिकाहरूमा प्रकाशित भई सकेका छैनन् ।

## ३.३.१० कथाकार व्यक्तित्व

याम थुलुङ (राई) कथा क्षेत्रमा पनि सक्रियता साथ कलम चलाउने सर्जकका रूपमा चिनिन्छ । वि.सं. २०६४ सालमा 'कथा सम्झना' र 'त्यो दिन कोपिला' नामक शीर्षक कथाहरू भूटान टाईम्स पत्रिकामा प्रकाशित गरी यस विधामा हात लगाउने सफल कथाकार

[६०] ऐजन ।
[६१] ऐजन ।
[६२] ऐजन ।

हुन । उनका यी कथा शीर्षक पहिलो हो । याम थुलुङ (राई) पुस्तकाकारको रूपमा कथा सङ्ग्रह प्रकाशन गर्नु नसके तापनि निकट भविष्यमा पुस्तकाकार कथा सङ्ग्रह प्रकाशन गर्ने प्रयासमा छन् ।

### ३.३.११ समीक्षक व्यक्तित्व

साहित्यकार याम थुलुङ (राई) ले समीक्षात्मक टिप्पणी लेखेर समालोचना विधामा आफूलाई पहिले सर्जकका रूपमा स्थापित गरेको पाइन्छ ।[६३] वि.सं. २०६७ सालमा प्रकाशित गजलकार राजकुमार सुब्बा (अनिश्चित) को 'जिन्दगी छ' नामक गजल सङ्ग्रह र रुवाईकार अशोक बस्नेतको 'तिमीलाई' नामक रुवाई सङ्ग्रहमा याम थुलुङ्ले स्रष्टाहरूका कृतिमा भूमिकात्मक समीक्षा टिप्पणी लेखेर आफ्नो बौदिकता र तार्किकतालाई प्रस्तुत गरी समालोचना क्षेत्रमा दरविलो मूल्याङ्कन कर्ताका रूपमा उभ्याएको देखिन्छ ।[६४] यसका साथै उनको हाल सम्ममा विभिन्न विधामा कलम चलाउने सजृकहरूका कृतिहरूमा समिक्षा टिप्पणी लेख्ने गरेको छ तर पुस्तकाकारका रूपमा समालोचनात्मक कृति प्रकाशन गर्नु भएको छैन । निकट भविष्यमा यस विधामा पनि यम थुलुङले पुस्तकाकारको कृति प्रकाशन गर्ने प्रयासमा रहेको पाइन्छ । [६५]

★

[६३] ऐजन ।
[६४] ऐजन ।
[६५] ऐजन ।

# चौथो परिच्छेद

## साहित्यकार याम थुलुङ (राई) को साहित्यिक यात्रा

### ४.१ पृष्ठभूमि

ललित कलाका विविध हाँगाहरू मध्ये एउटा महत्वपूर्ण शाखा साहित्य हो । यो कुनै पनि सर्जकको मौलिक ढङ्गले तयार गरेका हुन्छ । तथापि जीवन र जगतका विविध अनुभव र अनुभूतिहरूको सौन्दर्यात्मक कल्पना मिश्रित कुनै नवीन कलात्मक रचना वा लिखित अभिव्यक्ति हो भन्ने बुझिन्छ । तसर्थ कतिपय चिन्तकहरूले त साहित्यकारहरुको दृष्टि चेतलाई सूर्यको प्रकाश भन्दा पनि टाढा सम्म देख्न सक्ने वा जहाँ पुग्दैन रवि त्यहाँ पुग्छ कवि भनेर उकासेका पाइन्छन् । धर्म, कर्म काम, मोक्ष प्राप्त नै साहित्यको सारभूत तत्व हो भनेर पूर्वीय आचार्यहरूको काव्य धारणा अनुसार हितोपदेश दिने, दुःख हरण गर्ने आनन्द दिने, धर्मका लागि उपयोगी कीर्ति एवम् आफू र समाजमा भएका विकृति विसंगति आदिलाई पर्दाफास गरेर समाजलाई सुधार्ने सङ्केत भने हरेक सर्जकका साहित्यमा तथा सिर्जनामा पाइन्छ ।

आखिर साहित्यकार कति जीवन्त रहेछ भन्ने कुरा त उसको सिर्जनाहरूको गाम्भीर्यताको आधारमा रहन्छ । साच्चै नै साहित्यकारहरू भावना र मनका धनी हुन्छन् र कोमल पनि त्यही कोमलताकै कारणले सबै वर्गका व्यक्तिहरूका दुःख र पीडा चाँडै बुझ्न सक्दछन् अनि ती पीडालाई आफ्नै पीडा हो भनेर भाषिक कलात्मकताका साथ व्यक्त गरिदिन्छन् । यस्ता सिर्जनाले समाजका धेरै वर्गहरूको प्रतिनिधित्व गर्ने सहास र सामर्थ्य राख्दछन् । त्यसले गर्दा ती कोमल रचनाहरूले पाठक वर्गको मन चाँडै पगाल्दछन् तथा आनन्द र आल्हादित पार्ने अनि जनमानसमा सधैं जीवन्त रहन्छ ।

समग्रमा केलाएर हेर्दा मानिसको जीवन एउटा गतिशील यात्रा हो तर यो यात्रा बैज्ञानिक चमत्कारले ल्याएका उपकरण प्रयोग सहितको यात्रा नभएर खाली खुट्टाले हिड्ने बगरको प्राकृतिक यात्रा हो । जसले विगतका यात्राका पृष्ठभूमिमा पाईला राखेर भविष्यको रेखाङ्कन गर्दछ । साच्चै याम थुलुङ (राई) को साहित्यिक यात्रा पनि खारिएका अनुभवको पुञ्ज नै हो । अनि समाज मूक्तिको लागि शंखघोष पनि । आफ्नो रचना यात्राको शुरुवात हाल सम्म आइपुग्दा आफ्नो फुटकर कवि व्यक्तित्वलाई गजल व्यक्तित्वमा परिणत गरिसक्दा पनि थुलुङ (राई)ले आफ्नो प्यारो मातृभूमि छोडेर शरणार्थी जीवन बिताउनु पर्ने वाध्यताहरू

साथै राष्ट्रियता, मानवीयता वेदना, भोगाई, संघर्ष, जलन, आसा, निरासा, प्रेम र विरोधाभासयुक्त जटिल मनस्थितिलाई समेत उजागर गरेका छन् ।

## ४.२ लेखन कार्यका निम्ति प्रेरणा र प्रभाव

साहित्यकार बन्नका लागि शक्ति तथा प्रतिभाको महत्वपूर्ण स्थान रहेको हुन्छ । तसर्थ पूर्वीय साहित्य चिन्तकहरूले काव्यकार बन्नका लागि प्रतिभा, व्यूत्पत्ति र अभ्यासको जरुरत पर्दछ भनी आफ्ना धारणाहरू अगाडि सारेका पाइन्छ । त्यसैले कोही व्यक्तिमा साहित्यकार बन्ने प्रतिभा छ भने त्यसलाई समयसापेक्ष रूपमा प्रस्तुत गर्ने पूर्ववर्ती एवम् समकालिन साहित्यकारको प्रेरणा र प्रभाव परेको देखिन्छ ।

विद्यालय तहमा अध्ययन गर्दा कवि भूपि शेरचनको 'घुम्ने मेचमाथिको अन्धो मान्छे' कविता सङ्ग्रहमा सङ्ग्रहित सहिद कविता शीर्षक नेपाली पढाउने शिक्षकले लयवोधका माध्यमबाट बाचन गरी दिएपछि कविता लेखनमा प्रेरणा र प्रभाव परेको याम थुलुङ कवि भूपी शेरचन, बुँद राना, प्रकाश आङ्देम्बे, डा. हरिकृष्ण बराल, डा घनश्याम परिश्रमी, ज्ञानुवाकर पौड्याल, विजय सुब्बा, गंगाराम लामिटारे, धनकुटे कान्छा, भक्त प्रसाद घिमिरे जस्ता साहित्यकारको प्रेरणा र प्रभावबाट प्रेरित र प्रभावित भएको अनि तत्कालीन नेपालको परिस्थितिबाट पनि उनी प्रभावित भएको देखिन्छ ।

यसैगरी थुलुङ (राई) लाई हौसला र सहयोग नेपाली भाषा परिषद (भूटान), भूटान गजल मञ्च विशेष सहयोगी श्रीमती निर्मला राईको प्रेरणा पनि उत्तिकै रहेको देखिन्छ । द, भूटान टाईम्समा प्रकाशित 'जीवन घडी' (२०५५) । फुटकर कविता प्रकाशित गरी नेपाली साहित्यिक जगतमा कलम चलाउन थालेका याम थुलुङले थुप्रै पत्रपत्रिकामा फुटकर कविताहरू प्रकाशित गरेका छन् । यसका साथै वि.सं. २०५८ सालमा नेपाली भाषा उत्थान मञ्च (भूटानले दोभान संयुक्त कविता सङ्ग्रह प्रकाशित गरि दिएपछि उनमा अझ ठूलो हौसला मिलेको पाइन्छ ।[६६] याम थुलुङमा त्यसपछि वि.सं. २०६० सालमा 'आँसुका थोपाहरु' नामक गजल सङ्ग्रह पुस्तककाकार प्रकाशित विद्याले थप हौसला मिलेको अनुभूत हुन्छ भने गजल विधाको निरन्तर लगनशीलता र पाठकको स्नेह तथा माया पाएकै कारण उनले वि.सं. २०६२ सालमा 'अरक्षित यात्र' दोस्रो गजल सङ्ग्रह र वि.सं. २०६७ सालमा 'शब्द अस्त्र संयुक्त रुवाई सङ्ग्रह प्रकाशित गरी नेपाली साहित्यमा नयाँ इँटा थप्ने काम गर्नुभएको

[६६] शोधनायकबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।

छ । यी माथिका साहित्यिक पुस्तकाकार सङ्ग्रह हुन् । थुलुङलाई नयाँ शक्ति प्रदान गरी वि.सं. २०६७ सालमा रित्तो आकाश तेस्रो गजल सङ्ग्रह विधा प्रकाशन गर्न पुग्दछन् ।

खासगरी याम थुलुङका गजल सङ्ग्रहहरूमा सामाजिक, समसामयिक, जीवनवादी र आध्यात्मिक चेतनाको पक्षहरू रहेका छन् । मेरा विचारमा गजल शास्त्रीयवादलाई आधार लिनु पर्छ तर शास्त्रीय वादमा नै अल्झिरहनु चाहि रहेछ आधुनिकतामा आएका छौं । आधुनिकता देखि उत्तर आधुनिकताको पनि कुरा गर्न थालेका छौं । त्यसलाई पनि नियाल्नु राम्रो ठान्दछु ।[६७] भन्दै फुटकर कवि व्यक्तित्वदेखि यहाँसम्म आइपुग्दा पाठक, विज्ञ, समीक्षम, आलोचकको माया र गजल कारको ठूलो उत्साहले मात्र यो अवस्थामा वा ठाउँसम्म याम थुलुङ आइपुगेको स्पष्ट हुन्छ ।

## ४.३ कविताको विकासक्रमको सन्दर्भमा याम थुलुङको उपस्थिति र योगदान

नेपाली कविताको विकास ऋम उठान र समयको रूपरेखा हेर्दा वि.सं. १८२६ सम्म आइ पुग्नु पर्ने हुन्छ । उक्त मितिका आधारमा काविताको विकासक्रमलाई निम्न चरणमा विभाजन गरेको देखिन्छ ।

क) प्राथमिक काल (१९२६-१९४०)

ख) माध्यमिक काल (१९४१-१९७४)

ग) आधुनिक काल (१९७५-हालसम्म)[६८]

### क) प्राथमिक काल (१९२६-१९४०)[६९]

प्राथमिक कालिन कविता वीर धाराबाट सुरु भई भक्ति धारामा अवसान हुन पुगेको छ । विशाल नेपालको एकीकरणसँगै थालिएको वीरधारा कविता कवि सुवानन्द दासद्वारा वि.सं. १९२६ तिर लेखिएको ‘पृथ्वीनारायण शाह’ कविता नै यस धाराको पहिलो कविता हो । यस धारामा कलम चलाउने प्रमुख कविहरू सुवानन्द दास, शक्तिवल्लभ आचार्य, उदायनन्द अर्ज्याल, यदुनाथ पोखऱ्यार, गुमानी पन्थ, सुन्दरानन्द वाँणा, राधा वल्लभ अर्याल आदि रहेको छन् यस धारामा सृजना गरिएका कविताहरूमा वीर र तत्कालिन शासकहरूको स्तुति गान र राष्ट्रिय एकताको उच्च भावना राजभक्ति, देशभक्ति मुखरित भएका प्रवृत्ति तथा विशेषता बोकेका कविताहरू रचनना गरे ।

---

[६७] ऐजन ।

[६८] ईश्वरीप्रसाद गैरे, आधुनिक नेपाली नाटक र फुटकर कविता पृ. ३३८ ।

[६९] ऐजन ।

नेपाल कविता यात्रामा भक्ति धाराको उठान नेपाल र अङ्ग्रेज विच भएको वि.सं. १८७२ को सुगौली सन्धिको चोट एक राष्ट्रिय कारण मानिन्छ यसैको फल स्वरूप कविहरूले ईश्वर भत्तिलाई काव्यको मुख्य विषय बनाई कविताहरू रचना गर्न थाले यस धारामा पनि निम्न लिखत तीनवटा उपधाराहरू देखा परे । ती हुन् :

क)	कृष्ण भक्तिधारा
ख)	राम भक्तिधारा
ग)	निर्गुण भक्तिधारा

कृष्ण भक्ति धारामा कलम चलाउने कविहरूले मुख्य विषयको काव्यको स्रोत श्रीमद्भागवत्लाई लिई काव्य तथा कविता सृजना गरेको पाइन्छ । यस धारामा श्री कृष्णको महिमागान एवम् भगवान विष्णुका अवतार रहेका छन् यस धाराका प्रमुख श्रष्टाहरू इन्द्ररस (गोपिका स्तुति), विद्यारण्य केशरी (युगल गीत र द्रौपदी स्तुति) वसन्त शर्मा (श्रीकृष्ण चरित्र) वीरशीला पन्थ (सरस प्रेमवाली) आदि रहेका छन् । यस काव्यहरूमा चरित्र नायक श्रीकृष्ण बन्नु र संस्कृतमा धार्मिक ग्रन्थहरूबाट प्रभावित भई धार्मिक सन्देश फिजाउने उद्देश्य रहेको पाइन्छ ।

राम भक्ति धारा अन्तर्गत मर्यादा पुरुष भगवान श्रीरामलाई आस्थाका केन्द्र बनाई श्रष्टाहरूले कलम चलाएको पाइन्छ । तसर्थ रामभक्तिमा आधारित काव्य रचना भएकाले यस चरणलाई रामभक्ति धारा भनिएको हो । यस धाराका मुख्य कविहरूमा भानुभक्त आचार्य, रघुनाथ भट्ट, राम दास र पतञ्जली गजुऱ्याल आदि रहेका छन् ।

निर्गुन भक्ति धारामा भगवानको निराकार स्वरूपलाई विषयवस्तु बनाई काव्य रचना गरिएको काव्य परम्परालाई निर्गुन भक्ति धारा भनिन्छ । यस धारामा कलम चालउने प्रमुख कविहरूमा शशीधर, अगम दिलदस, अखण्ड दिलदास र ज्ञान दिलदास आदि पर्दछन् । यस धाराका केन्द्रीय प्रतिभा ज्ञान दिलदास हुन् यस धाराको मुख्य स्रोत ईश्वरको निराकार र उपशाना एवम् बैराग्य हो ।

समग्रमा यस धारामा काव्य श्रृजनामा देखिएका प्रवृत्तिहरूमा ईश्वरलाई काव्यको विषय वस्तु र आस्थाको केन्द्र बनाउनु ईश्वरको स्वगुण र निर्गुण दुबै स्वरूपको वर्णन साथै संस्कृत ग्रन्थका अनुवाद नै स्रष्टाहरू केन्द्रित रहेको देखिन्छ ।

### ख)	माध्यमिक काल[७०]

---

[७०] ऐजन ।

नेपाली कवितामा माध्यमिक कालको थालनी मोतीराम भट्टको आगमनसँगै भएको हो । यस युगका प्रर्वतक तथा केन्द्रीय प्रतिभा मोतिराम भट्टहुन । मोतिरामले भानुभक्तका 'सुन्दर काण्ड' छपाएपछि नेपाली कविता मुद्रण युगमा प्रवेश गरेको हो । फलस्वरूप अब कविताका क्षेत्रमा लेखन र प्रकाशन तिब्र प्रतिस्पर्धा हुन थाल्यो त्यसका साथै भट्टले बनारस तथा काठमाण्डौमा मोती मण्डली स्थापन गरी साहित्यिक वातावरणको सृजना गरिदिए जसको फलस्वरूप धेरै स्रष्टाहरू साहित्य तर्फ उन्मुख भए । तत्कालीन समयमा राणा सासनहरू भोगविलास र मनोरञ्जनपूर्ण वातावरणमा लिप्त भएका कारण युगको माग अनुसार श्रृङगारिक कविताहरू मोतिराम भट्टले सृजना गरिदिए । यस धारामा कलम चलाउने प्रमुख कविहरू मोतिराम भट्ट, शम्भूप्रसाद ढुंगेल, केदारनाथ खतिवडा, राजिव लोचन जोशी, शिखरनाथ सुवेदी, रामप्रसाद सत्याल आदि मानिन्छ ।

श्रृङगारिक धाराका कविहरूले मूलतः तत्कालीन दरवारीय संस्कृति, भोगविलासी, प्रवृत्ति आदिलाई विषय वस्तुको स्रोत बनाई कविता सृजना गरेका हुनाले कतिपय कविताहरू श्रृङगारिकताको चरमोत्कर्स सम्मका कविताहरू सृजना भए । यस चरणमा अनुवाद, रूपान्तरणबाट मौलिक लेखन तर्फ अभिरुचि साथै मौलिक लेखन तर्फ साथै कवितामा युगिन परिवेशको वर्णन विवरण र व्याङ्ग्यात्मक किसिमको चित्रण पनि पाइन्छ ।

### ग) आधुनिक काल[७१]

नेपाली कवितामा आधुनिक कालबारे विद्वानहरुका विभिन्न मतमतान्तहरु पाइन्छन् । तिनीहरुबीच जतिसुककै विवाद भएपनि कवि शिरोमणि लेखनाथ पौड्यालको वि.सं. १९७३ सालमा 'ऋतु विचार' खण्डकाव्यको प्रकाशनसँगै आधुनिक नेपाली कविताको सुरुवात भएको धेरै विद्वानहरुको मत पाइन्छ । यस कालमा पनि विभिन्न धारा र उपधाराहरु देखा परेका छन् । जुन यस प्रकार छन् ।

क) परिष्कारवादी धारा (१९७५-१९९०)

ख) स्वच्छन्तावादी धारा (१९९१-२०१६)

ग) प्रयोगवादी धारा (२०१७-२०२९)

घ) समसामयिक धारा (२०३० हालसम्म)

परिष्कारवादी धारा नेपाली कविताको आधुनिक कालको पहिलो चरण हो । यस चरणको प्रवर्तन गर्ने सर्वाधिक शक्तिशाली एवम् अगुवा कवि. लेखनाथ पौड्याल हुन ।

[७१] ऐजन ।

लेखनाथपछि यस धारामा सक्रियता साथ कलम चलाउने अन्य प्रमूख कविहरु कुलचन्द्र गौतम, वालकृष्ण सम, सोमनाथ सिग्द्याल, महानन्द सापकोटा, धरणी धर कोइराला, चक्रपाणि चासिले आदि रहेका छन् ।

यस धाराका प्रमुख प्रवृतिहरु प्राकृतिक, सामाजिक, दार्शनिक, नैतिक र बैज्ञानिक क्षेत्रका विषयवस्तुको स्रोत समावेश, सामाजिक, सांस्कृतिक जागरण, सुधारको,चेतना , सौन्दर्य चेतनाको तीव्रता, शीलपप्रयोग सचेतना भाषा र शैलीमा परिष्कार र परिमार्जन आदि रहेका छन् ।

स्वच्छन्दतावादी धाराको प्रवर्तन लक्ष्मीप्रसाद देवकोटाद्वारा भएको हो । परिष्कारवादी कठोर शास्त्रीय नियम पालनाका विपरित प्रवृतिको वरण गर्नु प्रकृतिका विविध रुपसँग मानवीकरण गर्नु क्रान्तिकारी र विद्रोह चेतना जागृत हुन युगिन विसङगति विकृतिमाथि व्याङग्य र आक्रोश प्रकट गर्दै रायिष्ट्रयता, देशप्रेम र निम्वर्गप्रति सदभाव राख्दै स्वत स्र्फूत भाषाशैली प्रयोग गरिनु यस धाराको प्रमुख विशेषता हो । यस धारामा देवकोटा पछि कलम चलाउने अन्य प्रमुख कविहरु सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल युद्धप्रसाद मिश्र, माधवप्रसाद घिमिरे, भूपी शेरचन, विजय मल्ल, भवानी भिक्षु आदि चर्चित कविहरु हुन् ।

प्रयोगवादी धाराको सुत्रपात गर्ने सर्जक कवि मोहन कोइराला हुन । रुपरेखा (२०१७) पत्रिकामा यिनका घाइते 'युग' कविता प्रकाशित सँगै यस धाराको प्रारम्भ भएको हो ।

परम्परागत मूल्य र मान्यताको विरोध भाव र शैलीमा नवीनताको प्रयोग गर्नु आद्यविम्व, प्रतीक र मिथकको प्रयोग गर्नु अवचेतना एवंम अर्मूत लेखन शैलीको प्रयोग गर्नु र दुर्वोध्यता, जतिलता र बहुअर्थकता आदि यस धाराको मुख्य विशेषता हुन । यस धारामा कोइराला पछि कलम चलाउने कविहरु इश्वर बल्लभ, बैरागी काइँला, पारिजात, जगदीश शमशेर आदि रहेका छन ।

समसामयिक धारा २०३१ देखि हालसम्मको समयलाई लिन सकिन्छ । यस धाराको थालनी नयाँ पुस्ताका युवा प्रतिभाहरुद्वारा भएको हो । वर्तमान समयमा देखिएका विभिन्न राजनैतिक, सामाजिक एवम् अन्य क्षेत्रमा देखिएका विसङगतिप्रति प्रहार गर्दै समसामयिक युगमा परिवर्तनको जागरण आदि यस धाराका प्रमुख विशेषता हो । यस धारामा कलम चलाउने कविहरु मीन बहादुर, विष्ट कृष्ण, भूषण बल, तोया गुरुङ अशेष मल्ल आदि रहेका छन् ।

### ४.३.१ नेपाली कविताको विकासक्रममा याम थुलुङको उपस्थिति र योगदान

नेपाली साहित्यको कविता लेखन परम्परा वीर धाराबाट सुरुवात यो प्राथमिक कालीन कविताको प्रारम्भ हुन्छ र यस कालमा राम भक्ति धारा, कृष्ण भक्ति धारा, निर्गुण भक्ति उप धाराहरुको चरण बारेमा पर्दछन र यी चरणहरु पार गर्दै माध्यमिक कालको सुत्रपात हुन्छ साथै यस कालमा भने शृङगारिक धाराको बाहुल्यतामा कविहरु कलम चलाउनमा रुमलिएको पाइन्छ । यसैगरी शृङगारिक धारालाई त्याग्दै कवि शिरोमणि लेखानाथ पौड्यालले शास्त्रीवादी धारामा कविता रचना गरेर नेपाली कविता लेखन परम्परालाई आधुनिकतातिर धकेलेको पाइन्छ । आधुनिकताको प्रवेश पश्चात पाश्चात्य साहित्यमा देखा परको विभिन्न वादलाई शिरोधार्य गरी कविता सिर्जना गर्ने सर्जकहरु प्रशस्त देखा परे । फलतः नेपाली कविता परम्चरामा परिष्कारवाद स्वच्दन्दतावाद, प्रगतिवाद, अस्तित्ववाद, प्रयोगवाद आदि जस्ता वाद र प्रणालीहरु स्थापित हुँदै आएको पाइन्छ । नेपाली कविता परम्पराको आधुनिक कालमाथि यी वादलाई आधार मानि कविता सिर्जना गर्ने स्रष्टाहरु देखापर्न थाले । यसैगरी कवि याम थुलुङ आधुनिक कालमा देखापरेका एक प्रगतिवादी क्रान्तिकारी कवि हुन । युलुङ (राई) को कविताहरु स्वच्छन्दवादमा आधारित आत्मपरक, भावप्रंवाह कल्पनाशील र मानवतावादको छालहरु तरङमित भएकको पाइन्छ । नेपाली कविताको इतिहासमा प्रगतिवाद परिष्कारवाद, प्रयोगवाद आ-आफ्नै पहिचान बोकेका बाद भने ती सिद्धान्तमा आवद्ध भएर कलम चलाउने प्रतिभावहरु पनि थुप्रै छन् । तथापि आफूले देखेकोभोगको अनुभव गरेका समसामयिक विषवस्तुहरुलाई साहित्यिक तथा कविताको माध्यमबाट विभिन्न सिद्धान्त र प्रणालीमा रही कलम चलाउने एक दविर्लो सर्जकका रुपमा आधुनिक नेपाली कविताको  इतिहासमा स्वच्छन्दतावादी प्रगतिवादी चिन्तन बोकेको स्रष्टाका रुपमा याम थुलुङ (राई) को उपस्थिति रहेको पाइन्छ ।

### ४.३.२ गजल विधाको विकासक्रमको सन्र्दभमा याम थुलुङको उपस्थिति र योगदान

नेपाली गजलको इतिहास खोतल्दा हामी मोतीराम भट्टसम्म पुग्छौं । अत : मोतीराम भट्टलाई नै नेपाली साहित्य जगतमा गजल विद्यालाई भित्रयाउने प्रथम पुरुषका रुपमा हामी पाउँदछौ ।

नेपाली कविताको माध्यमिक काल नेपाली गजल विधाको प्रारम्भिक काल मानिछ । मोतीराम भट्टको अतिरिक्त गजल विधामा अन्य प्रमुख कलम वचलाउने गजलकारहरु नरदेव पाँडे 'साधु' लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, शम्भुप्रसाद ढुङ्गेल आदि हुन । त्यसपछि

झण्डै चालीस वर्ष सम्म नेपाली गजल विधा नेपाली साहिर्तिृयक जगतमा भुसुक्कै निदायो र केही निश्चित सर्जकहरुले मात्र कलम चलाएको पाइन्छ यो समयावधिलाई माध्यमिक काल भनेर चिनिछ यस कालमा स्रष्टाहरुले केवल पत्रपपित्रकाका माध्यमबाट मात्र आफ्नो रचनाहरु प्रकाशन गर्ने गर्थे यस कालमा कलम लगाउने सर्जकहरु तुलसी मेहर, अम्बिका प्रसाद, खडकप्रसाद श्रेष्ठ, प्रेमप्रकाश मल्ल, भूपी शेरचन, गुरुप्रसाद मैनाली, श्यामजी प्रसाद अर्याल, गणेशलाल श्रेष्ठ आदिले यसकालमा गीति शैलीमा गजल विधाको छनक थप्ने काम गरे यसैगरी वि.सं. २०३५-०३६ सालतिर ज्ञानुवाकर पौडेलले मुक्तक शैलीको बाटो पछ्याएर गजल विधामा आधुनिक कालीन परम्पराले गति लियो । त्यसपछि पुस्तकाकार स्वरुपको गजल सङग्रहहरुको प्रकाशन कार्य अनन्त जुटन थाल्यो । यस कालका धेरै जसो जगलहरु संरचनात्मक दृष्टिले सुदृढ देखिन्छ । साथै कलात्मक प्रस्तुति, विषय प्रवृतिमा नविनता र शृङगारिक रसका साथै विविध विषयवस्तुको समकालिन पाइन्छ । यसरी हेर्दा वर्तमान समयमा देखा परेका गजलकार याम थुलुङ (राई) समसामयिक विषयविस्तु राष्ट्रवाद, मानवतावाद, पिडा, प्रेम, हाँसो, रोदन र वर्तमान शरणार्थी जीवनले भोगेका विविध पिडाहरुलाई समेटदै आधुनिक नेपाली गजल विधाको समसामयिक मोडमा निकट रही गजलकारको रुपमा उपस्थिति भएका छन् ।

## ४.४ साहित्यकार याम थुलुङ (राई) को साहित्यिक यात्राको चरण विभाजन

साहित्यकार याम थुलुङ नेपाली साहित्यिको आधुनिक कालमा कलम चलाउने सर्जक हुन । विद्यार्थी काल देखि नै कविता विधामा रुचि देखाउने थुलुङले लगभग २२ वर्षको उमेरदेखि कविता सिर्जनामा सक्रिय बनाएका पाइन्छ । नेपाली गजल विधामा शृङगारिक धारामा उदय भएका साहित्यका र याम थुलुङ वि.सं. २०५५ साल देखि कविता विधामा पहिलो कलम चलाई । हालसम्म तथा ३६ वर्ष को उमेर लाग्दा पनि थुलुङ पनि थुलुङ (राई) काव्य क्षेत्रमा डुबुल्की मारेकाले नेपाली साहित्यलाई धेरै स्तरीय काव्यकृति दिएको देखिन्छ । यसरी लामो समय सम्म साहित्यिक यात्रामा अगाडि बढेकाले उनमा निकै घुम्ती मोडहरु र चरणहरु देखापर्दन । उनका साहित्यिक यात्राका चरणहरुलाई निम्न लिखित रुपमा विभाजन गर्न सकिन्छ ।

४.४.१ पृष्ठभूमिकाल (२०५८ भन्दा अगाडिको समय)

४.४.२ प्रथम चरण (२०५८-६२ सम्मको समय)

४.४.३ दोस्रो चरण (२०६३ हालसम्मको समय)

### ४.४.१ पृष्ठभूमिकाल

वि.सं. २०५८ साल पूर्वको समय साहित्यकार याम थुलुङको पृष्ठभूमिकाल मानिन्छ । यस कालमा थुलुङ (राई) ले नेपाली साहित्यको फाँटका खासै ठूलो योगदान दिन सकेको पाइदैंन । तर नेपाली साहित्यका बारे बुझ्ने सेमिनार गोष्ठीमा जाने, पत्रपत्रिकामा छापिएका हरेक विधाका रचनाहरु पढ्ने भित्ते पत्रिकाहरुमा छोटो कविता, गजल, रुवाई र मुक्तकहरु लेख्ने पढ्ने गर्दथे । यसरी साहित्यिक गोष्ठी र सेमिनारमा गई सहभागी हुँदा वरिष्ट साहित्कार बाइरागी काइँला, बुँद राना, घनश्यम पौड्याल आदिसँग भेटघाट भएकाले साहित्य सिर्जनामा थप बल पुगेको पाइन्छ ।[७२] यसका साथै नेपाली भाषा परिषद (भुटान) नामक संस्थाले आयोजना गरेको साहिस्यिक गोष्ठिमा विविध साहित्यिक व्यक्तिहरुको रचना सुन्न र पढन मौका पाएकोले कविता, गजल आदि विधामा सामान्य रुपमा कलम चलाउने हौसला मिलेकोले समयमा यस समयलाई साहित्यिक अध्ययन र सुरुवातको चरण रुपमा लिन सकिन्छ ।

### ४.४.२ प्रथम चरण (वि.सं. २०५८ देखि वि.सं. २०६२ सम्म)

यो चरण याम थुलुङको नेपाली साहित्यिक जगतमा प्रारम्भ गरेको चरण हो । वि.सं. २०५८ सालमा याम थुलुङ (राई) र नैनसिंह सारु (मगर)को संयुक्त प्रयासमा 'दोभान' नामक कविता प्रकाशन सँगै नेपाली साहित्यको क्षेत्रमा सार्वजनिक रुपले देखापर्छन् । यी कविता सङ्ग्रहरु साहित्यको क्षेत्रमा पुस्तकाकारको रुपमा पहिलो कृति पनि हो । यस कृतिमा स्वच्छन्दतावाद र प्रगतिवादलाई पछ्याएर सिर्जना गरेका कविताहरु रहेको छन् । यसको साथै उनका फुटकर कविताहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्दै यसै चरणमा विभिन्न पत्रिकाको सम्पादन पनि गरेका पाइन्छ । सिलिगुडीमा पढ्दा उनले धेरै फुटकर कविता र गजलहरु रचना गरी विभिन्न ठाउँमा भएको साहित्यिक गोष्टी र सेमिनारहरुमा वाचन गरी आफ्नो प्रंतिभालाई प्रस्तुत गरेका देखिन्छ । यसै समयमा उनले लगभग एक दर्जन जति क्षेत्र स्तरीय प्रतियोगितामा पुरस्कृत भई सम्मान गरिएको उनका सम्मान पत्रबाट लिन सकिन्छ । यही समयमा उनले 'प्रतिविम्ब' भित्ते पत्रिका २०५८ मा आफू प्रधान सम्पादक तथा

[७२] शोधनायकबाट प्राप्त जानकारी २०६९।१२।५, दमक झापा ।

प्रकाशक भई प्रकाशित गरेका पाइन्छ । 'फुलबारी' साहित्यिक त्रैमासिक पत्रिकाको पनि प्रधान सम्पादकको जिम्मेवारी यसै समयमा काम गरेको र यो पत्रिकामा पनि याम थुलुङले आफ्ना लेख रचनाहरु प्रकाशित गरेको पाइन्छ । यसको जगबाट थुलुङ राईले वि.सं. २०६० सालमा 'आशुका थोपाहरु' नामक गजल सङ्ग्रह प्रकाशन गर्न पुगे । यहि जगल शृङगारिक धारामा रहेका प्रवृतिहरु प्रवल रुपमा देखिन्छ । यस जगल सङग्रहमा जम्मा २६ वटा गजलहरु छन् । याम थुलुङको पुस्तकाकरको गजल सङग्रह यो पहिलो हो । यस सङग्रहले भुटानको नेपाली साहित्यलाई एक छुटै एक नवीन आयामको कृतिको रुपमा योगदान पुऱ्याएको याम थुलुङबाट पाइन्छ । यसै समयमा नेपाली साहित्य परिषद भुटान नामक संस्थाको सचिव, भूटान गजल मञ्चको अध्यक्ष, नेपाली भाषा मञ्चको भूटानको सदस्य आदि पदहरुमा कामगरी सकेका थुलुङ (राई) ले यस चरणमा विविध विधामा कलम चलाउने सर्जकहरुको पुस्तकाकार कृतिहरुमा समीक्षात्मक टिप्पणीमा पनि हात हालेको पाइन्छ । यसै चरणमा 'विहानी' साहित्यिक दैमासिक हवाई पत्रिकाको प्रमुख सम्पादन पनि गरे ।

यस चरणमा याम थुलुङको प्रमुख कृतिहरु भनेको (दोभान) संयुक्त कविता सङग्रंह र 'आसुँका थोपाहरु' नाम गजल सङग्रह हुन । यी कृतिहरुबाट नै साहित्यकार याम थुलुङलाई प्रथम चरणको प्रमुख उपलब्धि मूलक साहित्यिक व्यक्तित्वको रुपमा (राई) ले विरोध गरी गजल विधामा बढी कलम चलाएको देखिन्छ ।[७३]

## ४.४.३ दोस्रो चरण (२०६३ देखि हाल सम्मको समय)

यो चरण साहित्यकार याम थुलुङको उत्कर्ष समय मानिन्छ । वि.सं. २०६२ सालमा 'अरक्षित यात्रा' गजल सङ्ग्रह पुस्तकाकारको रुपमा प्रकाशित गरेपछि थुलुङको यो चरण सुरु हुन्छ । यसै चरणमा याम थुलुङले नेपाली साहित्यको रुबाई विधामा पनि कलम चलाएको पाइन्छ । जस्तै शब्द अस्त्र नामक संयुक्त रुबाई सङग्रह रहेको । यसरी विश्व साहितयमा हजारौ वर्ष पूर्व फारषी भाषा साहित्यबाट फैलिएको रुबाई विधा अहिले नेपाली साहित्यमा स्थापित गराउने काम यो सङग्रहले ठूलो भूमिका खेलेको छ । यसका साथै याम थुलुङले यो चरणमा गलज रुबाई र कविताहरु विभिन्न पत्र पत्रिकाहरुमा उनका लेख रचनाहरु प्रकाशित भई सकेका छन् । यसै समयमा वहाँको अर्को नयाँ सयुक्त कविता सङग्रह वि.सं. २०६७ सालमा सम्झानाका खण्डित आकृतिहरु नाम प्रकाशित गरी नेपाली

[७३] ऐजन ।

आधुनिक धाराको समसामयिक चरणलाई  थप बल पुऱ्याएको पाइन्छ । यसरी नेपाली साहित्यमा छुटै पहिचान राखी अविरल संघर्ष गर्दै अघिबढेको गजल साहित्यमा थुलुङ (राई) ले नयाँ इँटा थप्ने काम गर्नु भयो । यो चरणमा प्रकाशित कृतिले याम थुलुङलाई सबै तिरबाट सम्मान र पुरस्कृत भएपछि उनमा नयाँ उमङ्ग, जोश, जाँगर प्रेरणा पाई वहाँले वि.सं. २०६६ सालमा नै अर्को नयाँ 'रित्तो आकाश' नामक गजल सङ्ग्रह प्रकाशित गर्न सफल हुनु भयो । सुरु सुरुमा गफाष्ट, परिहास लगायत् श्रृङगारिकतामा रमाउने गजलकार याम थुलङ यस चरणमा समसामयिक सन्दर्भलाई समेत मुख्य विषयवस्तुको स्रोत लिई गजलहरु रचना नेपाली साहित्यमा नयाँ विधाको रुपमा तिब्र गतिमा फ्रस्टाउदै गएको गजल विधाको आधुनिक काललाई थप इँटा थप्ने काम गरेको पाइन्छ । उनका यस सङग्रहमा जम्मा ४८ वटा गजलहरु रहेकाछन् । हाल आएर गजलकार याम थुलुङ अब एकल रुवाई सङग्रह र ताङ्का विधाको पनि पुस्तकाकार ताङ्का सङ्ग्रह प्रकाशित गर्ने तयारीमा रहेको बुझिन्छ ।[७४]

यसरी समग्रमा हेर्दा थुलुङको नेपाली साहित्य यात्रा पृष्ठभूमिकाल देखि हालसम्म आइपुग्दा भित्ते पत्रिकाबाट लेखरचना प्रकाशित गर्दै आएका याम थुलुङले विभिन्न पत्र पत्रिकाको प्रधान सम्पादक साहित्यिक संघ संस्थाहरुको अध्यक्ष र सदस्य पदमा रही फुटकर कविता देखि लिएर संयुक्त कविता सङग्रह एकल गजल सङग्रह र संयुक्त रुपमा रुबाई सङग्रह पुस्काकार रुपमा प्रकाशित गरी प्रगतिवादी चिन्तन बोकेका एक नयाँ पुस्ताका रुपमा आफूलाई चिनाउँदै पाठकको सदा माया पाउन सफल थुलुङ हाल परिवार सँगै स्रष्टा नामक छापाखानाखोली जीवन यापनको लागि पेशागत रुपमा अंगाल्दै फूर्सदको समयमा साहित्य सिर्जनामा लागिरहेकको बुझिन्छ । हालसम्म याम थुलुङका जे जति कृतिहरु प्रकाशित भएको छन् र ती कृतिहरुले नेपाली साहित्यिक क्षेत्रमा जे जति इटाँ थपेका छन् त्यही नै याम थुलुङले नेपाली साहित्यमा दिएको योगदान रहेको छ ।

★

[७४] ऐजन ।

# पच्छिेद-५

# साहित्यकार याम थुलुङको साहित्यिक कृतिहरु (गजल सङ्ग्रहहरुको) अध्ययन

साहित्यकार याम थुलुङको गजल विधामा विशेष योगदान रहेकोले यहाँ गजलको सैद्धान्तिक पक्षको सामान्य परिचय दिन आवश्यक ठानिएको छ ।

## ५.१ गजल परिचय

गजल शब्दको उद्गम भाषिक भूमि अरवी हो । यसको व्यूत्पति-ग+ज+अल पथहरुको यौगिक विधानबाट गजल शब्दको व्युत्पति भएको हो । अरवी भाषामा "ग" को अर्थ बाणी "ज" को अर्थ नारी र "अल" को अर्थ को वा सँग हुन्छ । भन्ने उल्लेख मनु ब्राजाकीले गरेका छन् ।[७५] यसरी नै डा. ताहिरा नेयरका अनुसार गजल शब्दको व्युत्पति गैन, जि, र लामा यो तीन ओटा अरबी अक्षरहरुको मेलबाट भएको उल्लेख पाइन्छ । गजल शब्दको ब्युत्पति गजालाबाट भएको र अरबीमा गजालाको अर्थ हरिण हुन्छ । हरिणको शावकलाई गजल भनिन्छ । शिकारीको तीरले घायल भएको गजाला अर्थात् मृगशावकको सुरिलो स्वरलाई गजल भनिएको हो भन्ने मान्यता पनि छ ।[७६] त्यस्तै संस्कृतिको कज्जल शब्द अप्रभ्रंश भएर गजलको व्यूत्पति भएको भन्ने मत पनि पाइन्छ । अङ्ग्रेजी शब्द Gazelle जसको अर्थ हुन्छ । अफ्रिका वा एशियामा पाइने एक प्रकारको हरिण भन्ने हुन्छ । अप्रभंश भएर गजल शब्द बनेको हुन सक्ने तर्फ गजलकार याम थुलुङको मत रहेको छ ।

गजल अरबी भाषामा जन्मिएर फारासी, हिन्दी हुँदै उर्दू भाषामा हुर्किएर एकाएक विकसित र लोकप्रिय हुँदै माध्यमिक कालमा नेपाली साहित्यमा प्रवेश गरेको "गजल" अरवी भाषाको स्त्रीलिङ्गी शब्द हो ।

गजलको अर्थ प्रेमीकासँग कुराकानी उर्दु, फारसी कविताको एक प्रकार विशेष जसमा प्राय पाँच देखि एघार सेर हुन्छन् । सबै सेर एकै प्रकारका रदिफ काफियामा हुन्छन् । भने हरेक सेरको विषयबस्तु फरक फरक हुन्छन् । फारस उर्दूमा मुक्तक काव्यको एक शब्दको एक अंग जसको प्रधान विषय प्रेम हुन्छ ।[७७] गजल एक प्रकारको फारसी वा उर्दू

---

[७५] मनु ब्राजीकी-**गजलगाथा, समकालीन साहित्य**, पृष्ठ ४९

[७६] डा. घनश्याम न्यौपाने, **गजल सौन्दर्य मिमांसा**, २०६४

[७७] देवी पन्थी, **गजल सिद्धान्त र समालोचना**, २०५९पृ. १९ ।

छन्दको प्रेम गीत हो ।[७८] विशेषः प्रेमका विषयमा श्रृङ्गार रसका कविता लेखिने एक प्रकारको फारसी छन्द वा त्यसै छन्दमा लेखिएको कविता गजल हो ।[७९]

गजल शब्दको व्युत्पतिगत अर्थ, कोशीय, अर्थ वा शाब्दिक अर्थ जेसुकै होस् परन्तू आज यसको साहित्यिक अर्थ भने एक नौलो, स्वतन्त्र र संशक्त काव्यात्मक विधा बन्न पुगेको छ ।

**निर्ष्कषतः-** बुद्धिभन्दा बढी मानव हृदयलाई छुने शिष्ट शालीन शब्दको प्रयोग, भावको तीब्रता, शैलीमा चमत्कारपूर्णता शुक्तिमयता र आकृति सौष्ठव तथा गौरवपूर्ण अर्थको सहज व्यापकताले युक्त, बहरमा आध्यान्त, आवद्ध, शुद्ध र सन्तुलित काफिया रदिक आदिले सुसज्जित वजनभङ्ग नभएका र स्वतन्त्र अस्तित्व भएका प्रभावकारी सेंरहरुको समष्टि रुप गजल हो । यो आधुनिक नेपाली साहित्यिक जगतमा नौलो विधाका रुपमा विकसित भएर अत्यान्त प्रभावकारी काव्य विधाका रुपमा देखा परेको छ ।

## ५.२ गजल संरचना

गजल विधा स्वतन्त्र विधा भएकोले यसमा विभिन्न कुराहरु मिलेर बनेको एक संरचना हो । यस विधामा संरचना अर्न्तगत मतला, शायरी, मकता, कफिया, रदिफ तखल्लुस र बहरका आधरमा रही अध्ययन गरिएको छ ।

### ५.२.१. मतला (पहिलो भाग)

"मतला" वा "मत्ला" वा "मतलअ" अरवी भाषको पुलिङ्गी शब्द हो । यसको शाब्दिक अर्थ "उदय" भन्ने हुन्छ ।[८०] यसको अर्थ "सुरु" हुनु वा निक्लनु भन्ने पनि पाइन्छ । गजलको प्रारम्भ यसै सरेबाट हुन गएकाले यसको अर्थ "उदय हुनु" वा "सुरु हुनु" वा निक्लनु भनेपनि तर्क सङ्गत नै देखिन्छ ।[८१] गजलको यो पहिलो सेर अर्थात "मतला" प्रारम्भमा रहने भएकाले त्यसै पनि पूर्ण छँदै छ । त्यस भन्दा पनि यसको कार्य अझ महत्वपूर्ण ठहर्छ । मतलाले नै गजलको पूरा रुपलाई नै निर्देशन गर्दछ र सारा गजलको भावदशा निर्माण गर्ने कार्य गर्दछ । यसले गर्दा यसलाई प्रतिनिधित्व सेर उद्घाटित सेर पनि भनिएको पाइन्छ । कसैले यसलाई परिचयात्मक सेर पनि भनेका छन् ।[८२]

---

[७८] ज्ञान मण्डल-**वृहत हिन्दी शब्दकोष** (बाराणसीबाट प्रकाशित) पृ. ३६२ ।

[७९] बालकृष्ण पोखरेल र अरु सम्पा. **नेपाली बृहत शब्दकोश** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान पृ. ३१८।

[८०] कृष्णहरि बराल-**गजल सिद्धान्त र परम्परा,** २०६८ पृष्ठ २२ ।

[८१] ऐजन पृ. २२

[८२] ऐजन

गजलका सेरहरुमध्ये पहिलो सेरका रुपमा आएर खास प्रकारको बहर वा छन्दमा रहने अनि दुबै मिसरामा एउटै अन्त्यानुप्रास वा काफिया तथा धेरै जसोमा रदिफ पनि रहने र यसै बहर तथा अनुप्रासलाई मूल मानेर अन्य सेरहरु पनि त्यसै अनुरुप लेख्नुपर्ने भएकाले यसको महत्व अझ धेरै बढ्न गएको छ । मुसलसल गजल वा एउटै विषयमा बाँधिएका गजलको बहर, काफिया, रदिफको आरम्भको सङ्केतका कथ्यको सूचना वा विषयका आरम्भ वा उठान पनि गर्ने गर्छ । गैह्रमुसलसल गजलमा चाँहि सम्पूर्ण सेरहरु कथ्य वा विषयबस्तुको दृष्टिले स्वतन्त्र रहने हुँदा रुपको नेतृत्व मतलाले गर्ने गर्दछ । यसरी मुसलसल वा गैह्रमुसलसल सम्पूर्ण गजलको प्रारम्भक र निर्देशक सेर मतला बन्न जान्छ । त्यसले यो अत्यान्त प्रभावकारी र आकर्षक हुन पनि वान्छनीय छ । पाठक वा श्रोता मतलाबाट आर्कषित भएर गजलको बाँकी वा मूल अंश पढ्न । सुन्न आतुर रहन्छन् ।

मतला भागमा भएको पहिलो मिसरा वा पंक्तिलाई मिसरा ए. अब्बल र दोस्रो मिसरालाई मिसरा-ए-सानी भनिन्छ ।[८३] गजलका सेरहरुको पहिलो मिसरालाई मिसरा-ए-उला पनि भनिन्छ । यदि गजलमा एउटा मात्र मतला नभई यसको दोस्रो सेर पनि मतला युक्त छ । भने अर्थात दुबै पंक्तिमा काफिया र कदिफ प्रयोग भएको छ । भने त्यस्तो अवस्थामा मतलायुक्त प्रथम सेरलाई मतला ए-उला- र दोस्रो सेरलाई मतला ए-सानी र ए-सानी नै हुने मनु ब्राजाकीले बताएका छन् ।[८४] गजलमा दुई ओटा मतलाको प्रयोग गरिनाको कारण युगल गायनका सन्दर्भमा गायक र गायिकालाई एक-एक ओटा मतला दिनुपर्ने बाध्यताका कारण उत्पन्न भएको हुन सक्छ ।

५.२.२. शायरी (मध्य भाग)

गजलको मतला भन्दा तलतिर र मकता भन्दा माथि रहेका अन्य सेरहरुलाई शायरी वा मध्य भाग अर्न्तगत राखिएको पाइन्छ । गजलमा एउटै मात्र मतलाको प्रयोग भएको छ । भने त्यसभन्दा मुनि र दुई वटा मतलाको प्रयोग भएको भए ती दुई भन्दा मुनि र मकता भन्दा माथिका सबै सेरहरु यस अर्न्तगत पर्दछन् । यसलाई गजलको शरीर पनि भनिएको पाइन्छ ।[८५] यसको तात्पर्य मतला शिर हो भने त्यसको मुनि र मकता भन्दा माथि रहने भएकोले अरु सेरहरु चाँहि शरीर हुन् । गजलको यस भाग अर्न्तगत यति नै सेरहरु हुनुपर्छ भन्ने नियम छैन । तीन सेरका गजलको अस्तित्व स्वीकार्दा त्यसमा एउटा मतला एउटा

[८३] ऐजन

[८४] कृष्णहरि बराल **गजल सिद्धान्त र परम्परा**-पृष्ठ २२

[८५] कृष्णहरि बराल **गजल सिद्धान्त र परम्परा**-पृष्ठ २८

मध्य भाग वा शायरी र अर्को एक मकता हुन आउँछ तर बढी सेरहरु भएर मतलामा एक वा दुईसम्म सेर पर्न सक्ने भए त्यसभन्दा मुनिका मकता माथिका सबैको सेर यस अन्तर्गत पर्न आउँछन् । यस भागमा भएका सेरहरुमा पहिलो पंक्तिहरु वा मिसरा सामान्यतयाः अनुप्रास युक्त हुन्छन् भने दोस्रो पंक्तिहरु वा मिसराहरु अन्त्यानुप्रास वा काफियाका दृष्टिले मतला भागका पंक्तिसँग सम्बद्ध हुन्छन् । यही विषय प्रस्तुतीका आधारमा मुसलसल गजल र गैर मुसलसल गजल हुन जान्छ । गजलमा वर्ण्य विषय भिन्न भएपनि बहर वा छन्द भने मतलामा प्रयोग भएकै हुनु अनिवार्य छ । मतला र मकता जस्तै यस भागका सेरहरु पनि आफै पूर्ण हुन्छन् । अनि पहिलो पंक्तिले कुनै बिषयलाई उठाएर कौतुहल सिर्जना गर्छ भने दोस्रो पंक्तिले चाँहि जिज्ञासालाई साम्य पार्ने काम गर्छ । मतला वा पहिलो भाग परिचयात्मक हुने र मकता वा अन्तिम भाग अत्यन्त वैयक्तिक हुने भएकाले यस भागले नै विविध विषयलाई प्रस्तुत गर्ने गर्दछ ।

गजलका सेरहरुको विभाजनका सर्न्दभमा परिचयात्मक मध्य तथा निष्कर्षमूलक भागको वर्गीकरणको आधार एउटै विषय प्रयोग भएको मुसलसल भनिने गजलमा कथ्य तथा रुपगत  एकरुपता र एउटै विषय प्रयोग नभएका गैह्रमुसलसल गजलमा चाँहि रुपगत एकरुपता हुन्छ ।

गजलमा प्रयुक्त सबै सेरहरु उत्तिकै सशक्त, प्रभावकारी र चिताकर्षक नहुन सक्छन् । यस्तो अवस्थामा गजलमा भएका सेरहरुमध्ये सबैभन्दा उत्कृष्ट सेरलाई बैतअल गजल भनिएको पाइन्छ ।[८६] यसैलाई हुस्न ए-गजल तथा हासिले गजल सेर पनि भनिएको छ ।[८७] गजलमा प्रयुक्त सबै सेर भन्दा उत्कृष्ट कुन छ भन्ने कुरो व्यक्तिको रुचि, योग्यता तथा तत्कालीन समयमा उसमा परेको प्रभावमा पनि भर पर्न सक्छ । तर निर्णय गर्दा भने सबै सेरहरु मध्ये कुन सेरमा भाव, कल्पना, लय, उचित, प्रयोग भएको छ । भन्ने कुराचाँहि विर्सनु हुँदैन ।

५.२.३. मकता

अरवी भाषाको “कम्तूअ” बाट विकसित मकतालाई मक्ता वा मकतअ पनि भनिन्छ । मकताको अर्थ काटिएको भन्ने हुन्छ र गजलमा यसले रचना सकिएको संकेत गर्छ ।[८८] यसमा अर्थमा गजलको अन्तिम सेरलाई मकता भन्न सकिन्छ । तर उक्त सेरमा सायर वा

---

[८६] ऐजन पृष्ठ २९

[८७] ऐजन

[८८] ऐजन पृष्ठ २५

गजलकारको उपनाम वा तखल्लुस छैन भने त्यस सेरलाई मकता नभनी अन्तिम सेर नै भन्नु पर्छ भन्ने शास्त्रीय मान्यता पनि पाइन्छ । आरलेभीले मकतालाई निष्कर्षात्मक सेर भनेका छन् ।[८९] गजलको तखल्लुसयुक्त अन्तिम सेर मकता हो यो व्यक्तिगत विवरणमा आधारित हुन्छ । यसमा गजलकारले व्यक्तिगत कुरो धार्मिक विश्वास, प्रेमीकाको प्रार्थना तथा आफ्नै प्रशंसाद्धारा सन्तुष्टि लिन पनि सक्छन् ।

गजलको मकतामा गजलकारले आफ्नो नामको प्रयोग गर्नु उसको आधिकारिता पनि हो । व्यक्तिगत कुरा भन्नको लागि प्राप्त अधिकार पनि हो । यो उपनाम कतिपय मकतामा लाक्षणिक अर्थ दिने गरी प्रस्तुत हुन्छ भने कतिपय ठाउँमा अभिधा रुपमै पनि आउने गर्छ ।

५.२.४ काफिया

काफिया अरबी भाषाको पुलिङगी शब्द हो । सरदार मुजावरले विनय बाइकरको स्रोत प्रयोग गरेर यसको शब्दिक अर्थ 'पछिपछि हिड्ने' वा वारबार आउने हुन्छ भनेका छन् ।[९०] यसको साहित्यक अर्थ चाहिँ अनुप्रास अन्त्याउनुप्रास वा तुक भन्ने हुन्छ ।[९१] गजलका सन्दर्भमा भने काफियाले सबै अनुप्रासलाई नबुझाइ अन्त्यानुप्रास र रदिफ भन्दा अघि आउने अनुप्रासयुक्त शब्दलाई बुझाउने गर्छ । काफियाको काम निश्चित भएपनि यसलाई विभिन्न नाम दिएको पाइन्छ । यसलाई अन्त्यानुप्रास, मध्यपंक्तिमय, अनुप्रास उप्रन्तय, अनुप्रास वा पूर्वानत्यानुप्रास आदि जे होस् गजलका शेर पुरै आवृत्ति हुने शब्द वा पदावली हो । र रदिफ प्रयोग नभएका शेरमा अन्त्यमा काफिया आउने वा अन्त्यमा अनुप्रसा हुने हुनाले अन्त्यानुप्रास र रदिफ प्रयोग भएका शेरमा रदिफ भन्दा अघि आउने भएकाले यसलाई आन्तरिक अनुप्रास मध्यपक्तिमय अनुप्रास पूर्वान्त्यानुप्रास नाम दिएको हुन सक्छ । यहाँ अनुप्रास के हो ? भन्ने बारे चर्चा गर्नु सान्दाभिक हुन्छ । अनुप्रासको अर्थ पद वा पदावली अन्तर्गत समान ध्वनि भएका एक वा अनेक व्यन्जनबर्णको बारम्बार आवृत्ति हुँदा हुन जाने बसलाई विभिन नाम दिएको पाइन्छ । यसलाई अन्त्यानुप्रसास, मध्य पङक्तिमय अनुप्रसा, आन्तरिक अनुप्रास, उप्रान्त्य अनुप्रास वा पूर्वान्त्यानुप्रास आदि जे होस् गजलका सेर पूरै आवृति हुने शब्द वा पदावली हो र रदिफ प्रयोग नभएका सेरका अन्त्यमा काफिया आउने वा अन्त्यमा अनुप्रास हुने हुनाले अन्त्यानुप्रास र रदिफ प्रयोग भएका सेरमा रदिफ

---

८९ ऐजन

९० ऐजन पृष्ठ २९

९१ ऐजन

भन्दा अघि आउने भएकाले यसलाई आन्तरिक अनुप्रास मध्यपंक्तिय अनुप्रसा - पूर्वान्त्यानुप्रास नाम दिएको हुन सक्छन । यहाँ अनुप्रास के हो ? भन्ने बारे चर्चा गर्नु सान्दार्भिक हुन्छ । अनप्रासको अर्थ पद वा पदावली अर्न्तगत समान ध्वनि भएका एक वा अनेक व्यञ्जनवर्णको बारम्बार आवृति हुँदा हुन जाने शब्दालङकार भनिएको छ ।[९२] पहिले गर्नु अनुप्रास हो । पहिले प्रयोग शब्दको पछाडि उस्तै मिल्दा शब्द प्रयोग गर्नु अनुप्रास हो ।[९३] एकै खालका बर्णबाट मात्र दोहोरिएर शब्दमा आउने चमत्कार तथा एक प्रकारको शब्दलङ्कार ।[९४] अनुप्रास हुँदा दुई शब्दका पछाडिका वर्ण उही हुनु जरुरी हुन्छ भने यिनीहरुमा प्रयुक्त सुरुका व्यञ्जन बर्ण चाँहि भिन्न भिन्न हुन्छन् । यो पद्यमा प्रयोग गरिने महत्वपूर्ण साहित्यिक चलाखी हो ।

निष्कर्ष

काफियाको तात्पर्य तुक हो । गजलमा रदिफभन्दा अघि जुन अनुप्रासयुक्त शब्द आउँछ त्यही नै काफिया हो ।[९५] रदिफ भन्दा अघि आउने शब्द वा स्वरलाई काफिया भनिन्छ ।[९६] त्यो शब्द हो जो मतलाको दुबै पङक्तिमा र हरेक सेरको दोस्रो दोस्रो पङक्तिमा रदिफ भन्दा बढि शब्द नै अनुप्रास वा आंशिक अनुप्रास हो । र यसलाई काफिया भनिन्छ । यो नभई नुहने तत्व हो ।[९७] काफिया रदिफ भन्दा अघि आउने अनुप्रास विशेष हो । गजलका समीक्षकहरुले गजलमा रदिफको अनिवार्य रुपमा गजलमा काफिया आउँछ । काफिया गजलको मतला भागको मतला भागको दुबै मिसरा (मिसर) ए-उला र मिसरा ए-सानी मा अनिवार्य रुपले रहन्छ भने अन्य सेरका दोस्रा दोस्रा मिसरामा एकल अनुप्रासका रुपमा रहने गर्छ अर्थात् गजलका मिसराहरुमा काफियाको अवस्था aa, ba, ca, da, ea, को क्रममा र दुई वटा मतला भएको गजल छ भने चाहिँ aa, aa, ba, ca, da, ea, को क्रममा अनिवार्य रुपमा रहने गर्छ ।[९८] रदिफ भएका गजलमा रदिफ भन्दा अगाडि र नभएका अवस्थामा मिसराहरुका अन्तिममा आउने गर्छ । एउटा बहर वा छन्दमा बद्ध भएका दुई दुई

---

[९२] **नेपाली बृहत शब्दकोष** पृ. ३० ।

[९३] **नेपाली साहित्य कोष** पृ. ४९ ।

[९४] **प्रयोगात्मक नेपाली शब्दकोष** पृ. २७ ।

[९५] डा. कृषणहरि बराल **गजल सिद्धान्त र परम्परा** पृ. ३५

[९६] ऐजन

[९७] ऐजन पृ. ३६

[९८] ऐजन

पङक्ति वा मिसराका सेरहरु गजलमा जति अनिवार्य मानिन्छ । ठीक त्यस्तै एउटै काफियाको प्रयोग हुनु पनि अनिवार्य मानिन्छ । तर काफियामा प्रयुक्त अनुप्रास चाहिँ पूर्ण वा आंशिक दुबै प्रकारको हुन सक्ने देखिन्छ ।

काफियाले गजलमा एउटा निश्चित संरचना प्रदान गर्छ मतला भागमा आएका काफिया कै अनुसार अन्य सेरका दोस्रो मिसरा अर्थात मिसरा ए-सानी रहने यस्तो नभए गजल नै नहुने हुँदा काफियाको प्रयोग गजलमा अनिवार्य भएको छ । गजलमा भएका सेरहरु एउटै हुन् भन्ने निर्क्योल गर्न एउटै बहर (छन्द) ले जस्तै काफियाले पनि सहयोग हुन सक्ने स्वतन्त्रताका कारणले गर्दा झनै यसको महत्व बढ्न गएको छ ।

### ५.२.५. रदिफ

रदिफ अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो र यसको शाब्दिक अर्थ पछिपछि हिड्ने हुन्छ भने साहित्यिक सन्दर्भमा चाँहि यसको तात्पर्य गजलमा काफियाका पछि आउने शब्द वा शब्द समूह हो ।[९९] सरदार मुजावरले विनय बाइकरको सन्दर्भ दिएर उपयुक्त साहित्यिक अर्थका साथै शाब्दिक अर्थका रुपमा यसको अर्थ घोडा वा उँटको पछाडि बसेको व्यक्ति हुन्छ भन्ने बताएका छन् ।[१००]

रदिफ शब्दले पछि आउने वा बस्ने भन्ने अर्थलाई बुझाएकोले गजलको काफिया भन्दापछि बस्ने सर्न्दभलाई पनि यसले सजिलै ग्रहण गर्न सक्छ । सबैजसो समीक्षकले रदिफको परिचय दिँदा यसेको अर्थलाई प्रयोग गरेका छन् ।

गजलको पहिलो सेर वा मतलाको दुवै पङ्क्तिको अन्त्य र अन्य सेरका दोस्रा दोस्रा पङक्तिको तीनवटासम्म शब्दको प्रयोग हुन्छ ।[१०१] प्रत्येक सेरमा काफिया पछि र हरेक सेरको दोस्रो दोस्रो पङक्तिमा जुन शब्द आउँछ त्यसलाई रदिफ भनिन्छ । कुनै गजलमा रदिफ एउटै हुन्छ जुन गजलमा रदिफ हुँदैन त्यस्तो गजललाई गैह्रमुरदफ गजल भनिन्छ ।[१०२]

---

[९९] डा.कृष्णहरि बराल, **गजल सिद्धान्त परम्परा** पृ. ३८ ।

[१००] ऐजन

[१०१] ऐजन

२८ ऐजन

गजलका सेरको अन्त्यमा जुन शब्दको आवृति गरिन्छ । त्यसलाई रदिफ भनिन्छ । यो काफियापछि आउँछ र आफ्नो स्थानमा स्थिर रहन्छ । कहिलेकाँही रदिफको रुपमा एउटै अक्षरमात्र प्रयोग विल्कुलै गरिदैंन त्यसैले यो विशेष अनिवार्य छैन ।[१०३]

रदिफले गजलमा महत्वपूर्ण कार्य गर्ने गर्छ रदिफ नभएपनि गजल गजल हुन्छ भन्ने कुराले मान्यता पाएपनि यसको महत्वलाई भने अस्वीकार गर्न सकिन्छ । रदिफले गजललाई संगीतात्मक बनाउन ज्यादै ठूलो भूमिका बहन गर्छ ।[१०४] कसैले मनलाई समाउन समर्थ स्थानका रुपमा रदिफलाई स्वीकारदै यस अवस्थालाई आरामको अवस्था मानेका छन् । विभिन्न सेरहरुबीच विषयबस्तुको ठूलो दूरी भएपनि सेरको अन्तिम मिसरामा स्रोता र पाठकलाई रदिफ थाहा हुने भएकाले त्यसको आगमन बुझ्न गाह्रो पर्दैन । यति हुँदाहुँदै पनि रदिफ राखेर मुरदफ भनिने गजल र नराखेर गैह्रमुरदफ भनिने गजल लेखिने प्रचलन छ ।

५.२.६. तखल्लुस

तखल्लुस अरबी भाषाको पुलिङ्गी शब्द हो । यसको अर्थ सायर वा कविले आफ्नो कवितामा लेख्ने नाम वा उपनाम भन्ने हुन्छ ।[१०५] सामान्यतया रचनाकारले आफ्नो रचनामा प्रयोग गर्नका लागि अर्थपूर्ण र त्यसमा पनि विभिन्न अर्थ आउने शब्द वा पदावलीयुक्त नाम चयन गरेको हुन्छ र कसैले चाँहि अर्थपूर्ण नभएपनि आफ्नै नामको अघिल्लो र पछिल्लो कुनै भागलाई प्रयोग गर्ने गर्छन् । प्राचीन समयमा अरबी तथा फारसी भाषामा लेखिएका गजलहरु अरु कवितामा शीर्षक नराखिए जस्तै नाममा पनि छुट्टै लेखिदैनथ्यो । त्यसैले गजलको अन्तिम सेरलाई कवि आफ्नो नाम बुन्थे र उक्त रचनामा कविको स्वमित्वलाई जनाउने गर्थ्यो ।[१०६] हिजो आज गजल वा कविताको शीर्षक मुनि कवि वा गजलकारको नाम लेख्न थालिए तापनि गजलको अन्तिम सेरमा वा अन्य सेरमा पनि ऐच्छिक रुपमा उपनाम राख्ने उपनाम राखिएकै पाइन्छ । यसरी उपनाम राखिएको गजलको सेरलाई मकता वा मक्ता भन्ने गरिन्छ । गजलमा तखल्लुस प्रयोग गर्नुको कारण जगलकारले आफ्नो परिचय दिनु र आफ्नो कौसल देखाउनु पनि हो ।

[१०३] बासुदेव त्रिपाठी, **कृसु क्षेत्रबीको गजलयात्रा** पृ. २८ ।

[१०४] डा.कृष्णहरि बराल, **गजल सिद्धान्त परम्परा** पृ. ४१ ।

[१०५] डा. कृष्णहरि बराल, पूर्ववत् पृ. ४३ ।

[१०६] डा. कृष्णहरि बराल, **गजल सिद्धान्त परम्परा** पृ. ४३ ।

तखल्लुसको प्रयोग कवि वा गजलकारले आफैंसँग गुनगुन कुरा गरे झैं गरेर पनि गर्छन् भनिएको पाइन्छ । यस्तो प्रकारको प्रयोगमा कविले आफैंसँग आफ्नो गुनासो गर्नु पर्ने हुन्छ । जस्तैः

बुझाँये फेरि सम्झाये, मनायें भोक देखायें

जहाँ 'इन्दू' समेत थाके कति आँखा तरुँ मैले[१०७]

यस उदाहरणमा प्यारीको मर्जी विना दिल बुझ्न नसकेको र पीर पनि सहन नसकेकोले 'इन्दू' । (उपनाम वा तखल्लुस) को मन थाकेको सन्दर्भ प्रस्तुत गरेर लक्ष्मीद्धत पन्तले आफैंलाई सम्बोधन गरेका छन् ।

५.२.७. बहर वा (छन्द)

अरबीमा छन्दलाई बहर भनिन्छ । बहर वा बह्र अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । यसको अर्थ छन्द हुन्छ ।[१०८] भने अरबी भाषाकै पुलिङ्गी शब्द बज्नले पनि छन्दलाई बुझाउने गर्छ ।[१०९] बहर तथा बज्न त्यो बनोट हो । जहाँ सेरको मिसराका शब्दहरु व्यस्थित हुन्छन् ।

गजल संरचनार्थ बहर अपरिहार्य तत्व मानिन्छ । गजल मूलतः क्लासिकल (परिष्कारपूर्ण) र टेक्निकल (प्राविधिक) साहित्य र सङ्गीतसँग सम्बन्धित काव्य विधा हो । यसको संरचना आधुनिक गीत, कविता जस्तो सहज र मुक्तशैलीमा हुन सक्दैन । बस्तुतः बहर गजलको सर्वोच्च अनुशासन हो । कुनै न कुनै छन्दमा बन्धित हुनु गजलको शास्त्रीय मान्यता हो । संस्कृत बाङमयमा अनेकानेक वार्णित र मात्रिक पिङ्गल छन्दहरु भएझैं इस्लामिक काव्यशास्त्रमा पनि बर्णमात्रामा आधारित अनेक शास्त्रीय बहरहरु छन् । जुन बहरहरुमध्ये कतिपय बहरहरु संस्कृत पिङ्गल छन्दसँग दुरुस्तै मिल्ने खालका छन् भने कतिपय निकै सनिकट देखिन्छ । यसो हुनुमा संस्कृत र फारसी भाषा एकै स्रोतबाट विकसित भएकाले हो अर्थात संस्कृत र प्राचीन फारसीभाषा भारपेली परिवार अर्न्तगत पर्ने सतम बर्गको आयईरानेली शाखाबाट विकसित हुनु नै हो । भन्ने विचार डा. कृष्णहरि बरालले प्रकट गरेको पाइन्छ ।

---

[१०७] ऐजन पृष्ठ ।

[१०८] डा. कृष्णहरी बराल **गजल सिद्धान्त र परम्परा** पृ. ८४ ।

[१०९] ऐजन ।

गजल संरचना गर्दा प्रयोगमा ल्याउने बहरहरुलाई मुफरद बहर र मुरकव वहर गरी जम्मा दुई भागमा विभाजन गरिएको छ ।[११०]

मुफरद बहर (मूल छन्द) सातवटा र मुरम्कव बहर (मिश्रित छन्द) बाह्र वटा छन् भने अर्को तेस्रो बहर पनि छ जसलाई मुजाहिफ बहर (परिवर्तित छन्द) भनिन्छ । यी बाइस प्रकारका छन् । यिनीहरुमा माथि उल्लेखित मुफरद बहर र मुरक्कव बहरको प्रभाव कुनै न कुनै प्रकारले परेको हुन्छ ।[१११]

५.२.७.१. बहरको निर्माणका लागि आवश्यक तत्वहरु

रुक्न

रुक्न भनेको उर्दू/फारसी प्रयोग हुने गण हुन् । पिङगल छन्दमा गण भने जस्तै बहरमा गणलाई रुक्न भनिन्छ ।[११२] फारसीमा पनि मूलरुक्न आठवटै छन् । तर मूल रुक्नको तोडमोडबाट अन्य मिश्रित रुक्नहरु पनि निर्माण भएका पाइन्छ ।

अकार्न भनेको रुक्नहरुको गुच्छा हो अथवा विभिन्न रुक्नहरुको मेल नै र्अकार्न हो । एक भन्दा बढी रुक्नहरु मिल्दा अर्कान बन्छ । अर्कानहरुको मेलबाट नै बहरको निर्माण हुन्छ ।[११३]

५.२.७.२ गजलमा छन्दको स्थान

गजल परापूर्वकालदेखि छन्दमा नै लेखिँदै आएको छ । गजलमा अनिवार्य रुपमा कुनै न कुनै छन्दको प्रयोग हुनुपर्छ भन्ने मान्यता पाइन्छ । यसको उत्पत्ति तथा विकास अरब अनि फारस वा पर्सियामा भएका सर्न्दभमा त्यहीँ प्रयुक्त छन्दहरुको प्रयोग यसमा बढी गरिएको भेटिन्छ । यसर्थ जुन भाषमा गजल लेखिएको छ । त्यसमा नै प्रयुक्त छन्दहरुको प्रयोग पनि यसमा हुने गरेको पाइन्छ । नेपालीमा लेखिएका गजलमा संस्कृतका कतिपय छन्दका साथै लोकछन्द र अरवी तथा फारसी र उर्दूमा प्रचलित छन्दहरुको प्रयोग पनि भएको देखिन्छ । गजलमा छन्दको अनिवार्यता बारे भनिएको छ ।

- गजल लेख्दा छन्दमा ध्यान दिनुपर्छ । गलज गीत जस्तै गाउन मिल्ने हुनुपर्छ । मुक्त पद्य तथा अन्त्यानुप्रास विहीन पद्य गजल लेखिँदैन ।[११४]
- सेरका दुबै पङक्ति एउटै बहर र छन्दमा हुनुपर्छ ।[११५]

---

[११०] देवीपन्थी **गजल सिद्धान्त समालोचना** पृ. ८ ।

[१११] ऐजन ।

[११२] घनेन्द्र ओझा **गजल सिद्धान्त र विबेचना** पृष्ठ-४२ ।

[११३] ऐजन पृ. ४३ ।

[११४] डा. कृष्णहरि बराल पूर्वतन् पृ. ७ र ८ ।

[११५] ऐजन ।

➢ छन्दका अभावमा गजल सम्भव छैन ।

यदि छन्द छैन भने गजल पनि हुँदैन ।[११६]

➢ कविता छन्द विगारेर पनि लेख्न सकिन्छ । तर गजल सकिन्न ।[११७]

➢ गजलका लागि बहरको बन्धन अनिवार्य मानिन्छ । भुलेर पनि गजल बेबहर हुँदैन ।[११८]

उपर्युक्त भनाइबाट पनि गजलमा छन्दको अनिवार्यतालाई प्रस्ट पारिएको पाइन्छ । छन्दले श्रष्टाको भावनालाई गहिराइमा पुऱ्याई मानवीय मूल्यमान्यता, मर्म र चिन्तनसँग परिचित गराउन सहयोग पुऱ्याउँछ । गजलमा एउटै बहर, तुक वा अन्त्यानुप्रासको आवृत्तिले गर्दा यसमा कर्णप्रियता र सङगीतात्मकता विद्यमान रहन्छ । छन्दले गर्दा नै गजलमा लयात्मकता तथा गेयात्मकता प्राप्त हुन्छ । तसर्थ यस विधामा छन्दको स्थान अनिवार्य र महत्वपूर्ण भएको देखिन्छ ।

५.२.८. भाषा प्रयोग

गजलमा भाषाका माध्यमद्वारा अभिव्यक्त हुने कला विशेष हो । भाषा कै माध्यमबाट यसले अस्तित्व प्राप्त गर्छ, स्रोत तथा पाठक गजलमा प्रयुक्त भाषाबाटै अर्थ लगाउने गर्छन् । समालोचकहरु पनि गजलका व्याख्या तथा विश्लेषण गर्दा भाषाको नै सहयोग लिनु पर्छ । गजललाई सङ्गीयतात्मक बनाउन पनि भाषा कै स्वर तथा व्यञ्जन वर्णहरुको भूमिका महत्वपूर्ण हुन्छ । गजला प्रयोग हुने भाव, कल्पना, विम्व, तथा प्रतीकहरु पनि भाषाकै सहयोगद्वारा व्यक्त गरिन्छ । यस अर्थमा भाषा गजलको अनिवार्य तथा महत्वपूर्ण तत्व सिद्ध हुन्छ ।

साहित्य समाजको दर्पण हो । भने भाषा साहित्यको ऐना हो । यसर्थ गजलको ऐना पनि भाषा ठहरिन आउँछ ऐनाको अभावमा अनुहार हेर्न नसकिए जस्तो भाषाको अभावमा गजललाई पनि देख्न सकिन्न वा ऐना धमिलिँदा अनुहार छोपिएझैं भाषाको स्पष्टता बिना गजलले स्पष्ट अर्थ प्रदान गर्दैन ।[११९]

भाषा अभिव्यक्तिको सशक्त माध्यम हो तर साहित्यको भाषा विशिष्ट हुन्छ, कलात्मक हुन्छ र नवीन हुन्छ । गजल पनि साहित्यको प्रमुख अङ्ग नै भएकाले यसमा

---

[११६] ऐजन पृष्ठ ६९ ।

[११७] डा. कृष्णहरी बराल पूर्ववत् ।

[११८] ऐजन पूर्ववत् पृ. ७९ ।

[११९] डा. कृष्ण हरि बराल, **गजल सिद्धान्त र परम्परा** पृष्ठ १२६ ।

प्रयोग हुने तथा गरिने भाषा पनि विशिष्ट कलात्मक र नवीन हुने नै भयो । गजलको भाषा कलात्मक र कव्यात्मक बनाउन निम्न अनुसारको व्यवस्थाको अपेक्षा गरिएको हुन्छ ।

५.२.८.१ काव्यात्मक व्यवस्थापन

गजलमा बर्ण तथा शब्दहरुको काव्यात्मक व्यवस्थापन हुन्छ र यसको अभावमा गजलले आफ्नो स्वरुप धारणा गर्न सक्दैन । पङ्क्ति पङ्क्तिबीच अक्षरहरुको समानुपातिक विवरण हुनु जरुरी हुन्छ । त्यस्तै सङ्गीत सृष्टि गर्ने प्रकारका वर्णहरुको प्रयोग जरुरी हुन्छ । सेर नै पिच्छे एउटा पूर्ण अर्थ दिने अभिव्यक्ति सामर्थ्य पनि गजलमा आवश्यक मानिन्छ । भने सेरहरुमा विम्व प्रतीकहरुको प्रयोग हुन पनि आवश्यक हुन्छ । बोलचालको गद्य भाषाबाट छुट्याउन देखि लिएर सौन्दर्यको सृष्टि गर्न तथा अर्थलाई विस्तार दिनका लागि गजलमा शब्दहरुको उचित व्यवस्थापन अनिवार्य हुन्छ ।

५.२.८.२. विचलन

गजलकारहरु लय मिलाउनका लागि अर्थको विस्तार गर्नका तथा प्रभावकारीता उत्पन्न गर्नका लागि र सौन्दर्य सृष्टि गर्नका लागि भाषाको मूलरुपलाई भाँच्ने पनि गर्छन् । कवि गजलकारहरु यस्तो प्रयोग गर्न प्रायः स्वतन्त्र नै हुन्छन् । आफ्नो अभिव्यक्तिका लागि शब्दकोषमा भएका शब्दहरु अपुग भए नयाँ शब्द बनाउने छुट पनि उनीहरुलाई देखिन्छ । भाषिक विचलन व्याकरणिक नियम, व्याकरणिक कोटि अर्थ, चिन्ह प्रयोग आदिमा पनि हुने गर्छ । यसरी गजलमा यो विचलन स्पष्ट देख्न सकिन्छ । तर यो विचलन अनावश्यक नभई सौन्दर्य सृष्टि गर्ने प्रकारको हुनुपर्छ ।

५.२.८.३. भाषाको सरल तथा स्वभाविक प्रयोग

गजलको भाषा कृतिम नभएर सहज अनि क्लिष्ट नभएर सरल हुन्छ यसमा अलङ्कार, विम्ब तथा प्रतीकको प्रयोग हुँदा पनि यो अर्थ फोर्ने खण्डकाव्य, महाकाव्य आदिका तुलनामा यसमा सरल भाषाको अपेक्षा गरिन्छ । गजल गाइनेकाव्य विशेष भएकोले पनि यसमा सुन्दा सन्दै अर्थिने प्रकारको शिल्प सौन्दर्य आवश्यक ठानिएको हो । गजलमा प्रयुक्त, विम्व, प्रतीक तथा व्यङ्ग्यार्थ पनि सजिलै फुक्ने सुर्केनी जस्तै हुनुपर्छ खोल्दा ज्यादा परिश्रम गर्नुपर्ने गाँठो हुनुहुँदैन ।[१२०]

गजलमा कथ्य भाषाको प्रयोग पनि आवश्यकता अनुसार हुने गर्छ । यो पाठक भन्दा गायनबाट व्यक्तिले भएकाले कथ्य भाषाले पनि गजलमा स्वभाविक रुपभन्दा भिन्न उच्चारण पनि आवश्यकता अनुसार गर्नुपर्ने हुन्छ । लय तथा काफियाहरुलाई मिलाउने क्रममा

---

[१२०] ऐजन पृ. १३२ ।

कतिपय स्थानमा काव्यात्मक उच्चारण पनि आवश्यक हुन आउँछ । गजलको भाषा जति बोलचाको भयो, त्यत्ति नै प्रभावशाली हुन्छ ।[१२१] भन्ने भनाईले गजलमा सरल तथा स्वभाविक भाषा प्रयोगलाई समर्थन गर्छ ।

### ५.२.८.४ सूत्रात्मकता तथा संक्षिप्तता

गजलमा सूत्रात्मक भाषाको प्रयोग हुन्छ । थोरै भन्दा थोरै शब्दा धेरै भन्दा धेरै भन्न सक्नु सुत्रात्मक वा संक्षिप्तता हो । यस्ता सामर्थ्य नभएको भाषा प्रयोग गरेर गजलले उत्कृष्टता प्राप्त गर्न सक्दैन । 'यो गाग्रामा सागर अटाए जस्तै हो' ।[१२२] गजलको खास खुबी यसको संक्षिप्तता हो ।[१२३] कुनै घटनालाई विस्तारपूर्वक वर्णन गर्न नज्मको सहारा लिनुपर्छ । भने कुनै कुरालाई संक्षिप्त रुपमा भन्न गजलको सहारा लिनुपर्छ ।[१२४] थोरैभन्दा थोरै शब्दमा धेरै भन्दा धेरै अर्थ प्रदान गर्नका लागि विम्व तथा प्रतीकले पनि ठूलो सहयोग पुऱ्याउँछ । गजलका प्रत्येक सेरहरु भिन्न भिन्न र मुक्तकसरह हुन्छन् भन्ने मान्यताले पनि गजलमा संक्षिप्तता हुनुपर्ने कुरालाई स्पष्ट पार्छ । गजलका प्रत्येक सेर सयसय श्लोकको भाव व्यक्त गर्न सक्षम हुनुपर्छ ।[१२५] यसबाट के स्पष्ट हुन्छ भने सजिलै बुझ्न सकिने, विम्ब प्रतिकको सहायताद्वारा तथा थोरै भन्दा थोरै शब्दको प्रयोगद्वारा धेरे भन्दा धेरै अर्थ प्रदान गर्न सक्नु गजलको प्रमुख सर्त हो ।

### ५.२.८.५. वर्ण प्रयोग

गजलको रचनामा भावनानुकूल वर्णसंयोजनमा पनि ध्यान पुऱ्याउनु पर्ने हुन्छ । खास प्रकारको भावको अभिव्यक्तिका लागि खास प्रकारका वर्णहरु भूमिका बहन गर्छन् । गजलमा अनप्रसाको प्रयोग पनि भाषाका वर्णहरुको साम्यका आधारमा गरिन्छ । भन्ने सङगीत सृष्टिका लागि पद तथा पदावलीको आवृति पनि हुने गर्छ । पङक्तिको आदि भागमा शब्दको आवृत्ति हुने मात्र होइन, रदिफको प्रयोग भएको गजलमा पदावलीको आवृति पनि हुने गर्छ । छन्द वा बहर निर्माणकालागि पनि बराबर रुपमा भाषाका वर्णहरु प्रयोग गरिन्छ ।

उपर्युक्त विवरणबाट भाषा गजलको महत्वपूर्ण र अनिवार्य तत्व हो भन्ने स्पष्ट हुन्छ ।

---

[१२१] ऐजन ।

[१२२] ऐजन पृ. १३३ ।

[१२३] ऐजन ।

[१२४] ऐजन ।

[१२५] डा. कृष्णहरि बराल, **जुनकीरिको उडान हेर्दा** पृ. ५ ।

गजलको सैद्धान्तिक रुपरेखाको अध्ययनबाट यस्तो निचोड प्रस्तुत गर्न सकिन्छ ।

- गजल आफैंमा पूर्ण दुई दुई पङ्क्तिमा तीन वा तीन भन्दा बढी सेरहरुका संरचित र मुक्तकीय प्रभाव छोड्न समर्थ हुन्छन् ।
- गजलका सबै सेरमा एउटै छन्द प्रयोग गरिन्छ ।
- गजलको संरचनामा काफियाको निश्चित व्यवस्था अनिवार्य हुन्छ र यसले सेरहरुबीच एकत्व प्रदान गर्छ ।
- छन्द, अनुप्रास, रदिफले गजललाई सङगीतमय बनाँउछन् ।
- गजलका विभिन्न सेरमा विभिन्न विषय पनि प्रयुक्त हुन्छन् र यो गजलको मौलिक विशेषता हो ।
- गजल आत्मपरक हुन्छ र यसको भूमिका मकतामा अझै धेरै हुन्छ ।
- गजलमा सतही रुपमा एउटा अर्थ व्यवस्थित हुन्छ ।
- गजल गेय परमपराबाट विकसित भएको हो र अहिलेसम्म पनि गायनसित यसको निकटतम् सम्बन्ध रहँदै आएको छ ।

यी माथिका सैद्धान्तिक रुपरेखाबाट के स्पष्ट हुन्छ भने गजल एक ससंक्त तथा क्रियाशील साहित्यिक विधाका रुपमा लिन सकिन्छ । यो विधा स्वतन्त्र विधा भएकाले यसका आफ्नै संरचनात्मक तत्वहरुबाट सिंगो गजल विधाका अस्तित्व लिएर सिर्जना हुन्छ तसर्थ साहित्यकार याम थुलुङ (राई) को गजल सङ्ग्रहहरु यहाँ विभिन्न दृष्टिकोणबाट विधागत रुपमा अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

५.३.१ 'आँसुका थोपाहरु' गजल सङ्ग्रहको विवेचना

नेपाली साहित्यका अनुरागी साहित्यकार याम थुलुङले सानातिना मुक्तक हाइकु, फुटकर कविता र गजल विधा लेख्ने सुन्ने सुनाउने कामबाट आफ्नो गजलयात्राको बाटो तयार गरेको देखिन्छ । यस्तै प्रयास र प्रयत्नबाट थुलुङ (राई) ले साहित्यको श्रुतिमाधुर्य गजल विधामा कलम चलाउने कार्यप्रति उन्मुख भएका पाइन्छ । विभिन्न पत्रपत्रिका मार्फत वि.सं. २०५५ देखि गजल लेखन र प्रकाशन गर्ने कार्यको थालनी गरी वि.सं. २०६० सम्ममा 'आसुँका थोपाहरु' नामक गजल सङ्ग्रह पुस्तकाकार कृति प्रकाशन गर्न सफल हुनु भयो । यो गजल सङ्ग्रह पहिलो सङ्ग्रह हो । लेखक स्वयम्को लगानीमा प्रकाशित 'आसुँका थोपाहरु' गजल सङ्ग्रह भित्र २६ वटा विभिन्न खालका गजलहरु समावेश गरिएका छन् । यस गजल सङ्ग्रहमा समसामयिक जीवनमा देखेका भोगेका र कल्पनामा रहेका तिनै

अनुभवलाई समेटेर गजलका माध्यमबाट पोखिएको पाइन्छ । उनका २६ वटा गजलहरुलाई शीर्षक साथै संरचनागतरुपबाट आउने काफिया, रदिफ, तखल्लुस आदिका आधारमा तालिकागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

| क.सं. | गजल क्रम | पृष्ठ | सेर संख्या | काफिया | रदिफ | तखल्लुस |
|---|---|---|---|---|---|---|
| १ | पहिलो | १ | ४ | √ | × | × |
| २ | दोस्रो | २ | ४ | √ | × | × |
| ३ | तेस्रो | ३ | ४ | √ | √ | × |
| ४ | चौंथो | ४ | ४ | √ | √ | × |
| ५ | पाँचौ | ५ | ४ | √ | √ | × |
| ६ | छैटौं | ६ | ४ | √ | × | × |
| ७ | सातौं | ७ | ४ | √ | × | × |
| ८ | आठौं | ८ | ४ | √ | √ | × |
| ९ | नबौं | ९ | ४ | √ | √ | × |
| १० | दशौं | १० | ४ | √ | × | × |
| ११ | एघारौं | ११ | ४ | √ | × | × |
| १२ | बाह्रौं | १२ | ४ | √ | √ | × |
| १३ | तेह्रौ | १३ | ४ | √ | × | × |
| १४ | चौथौं | १४ | ४ | √ | √ | × |
| १५ | पन्ध्रौं | १५ | ४ | √ | √ | × |
| १६ | सोह्रौ | १६ | ४ | √ | × | × |
| १७ | सत्रौं | १७ | ४ | √ | × | × |
| १८ | अठारौं | १८ | ४ | √ | √ | × |
| १९ | उन्नाइसौं | १९ | ४ | √ | √ | × |
| २० | बीसौं | २० | ४ | √ | × | × |
| २१ | एक्काइसौं | २१ | ४ | √ | √ | × |
| २२ | बाइसौं | २२ | ४ | √ | × | × |
| २३ | तेइसौं | २३ | ४ | √ | × | × |
| २४ | चौबीसौं | २४ | ४ | √ | √ | × |
| २५ | पच्चीसौं | २५ | ५ | √ | √ | × |
| २६ | छब्बिसौं | २६ | ४ | √ | × | × |

५.३.२ 'आँसुका थोपाहरु' गजलसङ्ग्रहमा उपयुक्त गजलको संरचना

गजल विधा साहित्यको एउटा पूर्णरुप तथा स्वतन्त्र साहित्यक विधा हो । यसमा अन्य विधाका संरचना जस्तै सरचनागत तत्वहरुबाट सिङ्गो विधाका रुपमा उदय भई आफ्नो पहिचान र अस्तित्व कायम गर्ने स्वतन्त्र विधाको रुपमा लिन सकिन्छ ।

गजलको सिङ्गो संरचना यसका फरक फरक संरचक घटनाहरुबाट निर्मित भएको हुन्छ । तिनै आवश्यक घटक तत्वहरुको संयोजनले उचित र गजलको पूर्ण संरचना हुन्छ र

त्यो गजल बन्न पुग्छ । गजलका आवश्यक सेर काफिया, रदिफ, तखल्लुस, बहर र भाव आदि संरचनात्मक तत्वको उपस्थितिले पूर्णता प्रदान गर्दछ । सेर एकीकृत रुपमा आवश्यक सेर सङ्ख्याको विषयमा विद्वानहरुबीच हालसम्म मतैक्यता पाइदैन । पाँच सेरभन्दा कमको गजल राम्रो मानिन्दैन एउटा गजलमा कम्तिमा पनि पाँच सेर हुनुपर्छ भन्ने शास्त्रीय मान्यता छन् । कतिपय उर्दू र फारसी गजलकारहरुले नै चार सेरका गजलहरु पनि रचना गरेको देखिन्छ । अझ गायनका क्रमममा तीनवटा मात्र सेरहरुको प्रयोग भएको प्रशस्त उदाहरणहरु भेटिन्छ ।[१२६] नेपाली साहित्यका गजलपिता मोतीराम भट्टले रचना गरेका गजल सङ्ग्रहमा ३ देखि ११ सेरसम्मका गजल रचना गरेका छन् ।

याम थुलुङका 'आँसुका थोपाहरु' गजल सङ्ग्रहमा सङ्ग्रहित गजलहरुमध्ये ४ देखि ५ सेर सम्मको संरचनामा रचना भएको पाइन्छ । संरचनागत रुपमा चार सेर भएका २५ वटा गजलहरु छन् भने पाँच सेर भएका १ वटा गजल मात्र छन् ।

५.३.२.१ मतला

मतला शब्दबाट 'प्रारम्भ' बा 'उदय' भन्ने अर्थ बुझिन्छ । गजलको पहिलो सेरलाई मतला भनिन्छ । मतलाको दुवै पङ्क्ति वा मिसरा-मिसरा ए-उला र मिसरा ए.सानीमा काफियाको प्रयोग हुन्छ भने रदिफ दोहोरिन्छ । कहिलेकाँही कुनै कुनै गजलकारले दुई मतलाको प्रयोग गरको पनि पाइन्छ वा अन्य पङ्क्तिहरुमा पनि काफियाको प्रयोग दुवै मिसरा र रदिफ दोहोरिएको पनि पाइन्छ । यस्तो अवस्थामा पहिलो पङ्क्तिलाई मिसरा ए-उला र अन्यलाई मिसरा ए सानी नै भनिन्छ ।

मतला गजलको परिचयात्मक सेर हो । यसले गहन भाव प्रस्तुतिद्धारा पाठक श्रोताको आकर्षण गर्नु सक्नु पर्छ । मतला भएका काफिया र लय अनुसार नै गजल प्रभावित भएको हुन्छ ।

यसका आधारमा थुलुङका गजलहरुमा एक भन्दा बढी मतलाको प्रयोग भएको पाइन्छ । एउटा मात्र मतला भएको र दुईवटा मात्र मतला भएको गजलका उदाहरण निम्न छन् ।

हाँसो छरेर बटुलैं भूल पो भए छ क्यार
हासोहरुले पिर्न थाले शूल पो भए छ क्यार ।

[१२६] डा. घनश्याम न्यौपाने, गजल सिद्धान्त मिमांसा ।

रेखा हाँसेको विलाइ गयो क्षितिज देखि नै पर

मुटु चुडेर दिएको माया तुल पो भएछ क्यार ।
मनको बस्ति उजाड भयो सबै उदास पनले
जीवन  त्यसै विसाई दिने टुल पो भएछ क्यार ।

रोदनमात्र साथमा रह्यो हाँसो धेरै टाढा भयो
खुसी सबै पार हुने पुल पो भएछ क्यार । (आँसुका थोपाहरु पृष्ठ ३)
सुख विसाउने पाटी मात्र नसम्झ गजल
दुःख भुलाउने महल पनि हो गजल

प्रेमको गुणगानले मात्र अपूरो छ गजल
समिश्रण सृजनाका लयन पनि हो गजल

दुई आत्माको मेल मात्र नसम्झ गजल
भावना पोख्ने साहित्य पनि हा गजल

सङ्कुचित घेरामात्र नबाँध गजल
सबैतर्फ बग्ने विचार पनि हो गजल (आसुका थोपाहरु पृष्ठ-१)

उपर्युक्त दुई गजलहरुमध्ये पहिलो गजलको सबैभन्दा माथिल्ला सेर मतला हो । यसमा ‘भूल-शुल’ जस्ता काफियाको प्रयोग भएको छ र क्यार क्यार शब्द तथा पदावली शब्दहरु दोहोरिएका छन् । यसलाई रदिफ भनिन्छ । माथिको दोस्रो गजलमा भने पहिलो र दोस्रो सेर दुबै मतलाका रुपमा प्रयोग गरिएका छन् । यिनमा ‘गजल, गजल, गजल  गजल’ शब्दहरु काफिया प्रयोग भएको पाइन्छ ।

५.३.२.२ गजलको मध्यमाग (शायरी)

गजलको मध्यभाग (शायरी) समूह मूलतः गजलको मुख्य कलेवर हो । यसमा मतला र मकता बीचका सम्पूर्ण शायरीहरु समाविष्ट हुन्छन् । प्रत्येक शायरीको दोस्रो मिसरा वा मिसरा ए-सानीमा काफिया र रदिफको प्रयोग हुने  गर्छ । रदिफको प्रयोगलाई अनिवार्य नमानिएपनि काफियाको प्रयोग अनिवार्य भएको हुनुपर्छ । सम्पूर्ण शायरीमा काफिया र रदिफ मतलाकै अनुयायी र सम्बन्धित भएर आएका हुन्छन् । यो भाग वा समूहमा एक भन्दा बढी नै सायरीहरु हुन्छन् तर यति नै हुनुपर्छ भन्ने नियम  छैन । तैपनि पाँचदेखि एघार शेरसम्मको  राम्रो मानिन्छ । भन्ने समालोचकहरुले उल्लेख गरेका छन् । आधुनिक गजलकारहरुले रचना गरेका गजलहरुमा चारदेखि सात सम्मका शेरका रचनाहरु बढी

पाइन्छन् । उनका गजल सङ्ग्रहमा रहेका सेरहरु प्रत्येक मिसरा ए उलाले विषयबस्तुको उठान गरेको छ । भने मिसरा ए-सानीले त्यसको निरुपण वा पृष्टि गरेको छ । गजलका दुबै मिसराबीच अन्योयाश्रित सम्बन्ध छ । गजलका हरेक सेर अर्थका दृष्टिले स्वतन्त्र र अभिव्यक्तिका दृष्टिले पूर्ण छन् ।

जस्तैः

अन्धकारलाई हटाउन एउटा दीप बाल्नै पर्छ
दुध फटाई दही पार्न एउटा जीव पाल्नै पर्छ ।

उनका गजलका हरेक सेर पूर्णभावयुक्त पाइन्छ । पहिलो पङ्क्तिले उठाएको विषयलाई प्रभावकारी ढङ्गले मार्मिकता साथ पुष्टि गरेको छ । (पृ. ५)

जस्तैः-

दिन ढल्यो साँझ पर्‍यो भेटिएन घर
डुलेर नै रात पर्‍यो खोज्न मद्दत गर ।

भेटिएन कहिल्यै पनि आनन्दको ठाउँ
हिडिरहेँ पुगिएन क्षितिज पर-पर ।

बेदनामा तड्पिएर कति बाँची रँछु
मुटु दुख्छ सम्झनामा बाँच्नु पर्ने कर ।

तापसँगै रापभित्र जलिरहन्छ मन
हुन्न रहेछ झुट आशा देखाएर भर । ( पृष्ठ १०)

गजल विधामा सेरहरुमा विषयबस्तुको प्रस्तुतिका दृष्टिले गजल 'गजल मुसलसल र गजल गैह्र मुसलसल गरी दुई प्रकारका हुन्छन् । थुलुङका यस गजल सङ्ग्रहमा एकै किसिमका पाइन्छन् ।

सेरहरुः-

गरिबीपनले सताए पछि
साहुले सँधै नै खटाए पछि ।

रिक्साको पैसाले कहाँ पुग्छ र
दुःखको ज्याला नै नपाएपछि ।

पानीले छाक पो कहाँ टर्छ र
परिवार सबै नै भोकाए पछि ।

गरीबले कहाँ पो पढेको छ र
दुःखले सारै नै सताए पछि । (पृ. २४)

समग्रमा थुलुङका गजलहरुमा विषयबस्तुको प्रस्तुति हेर्दा मुसलसल गजलहरु मात्र पाइन्छ । गजलका सेरहरुसँग अनिवार्य निकटतम् सम्बन्ध राख्ने अन्य उपकरणहरु काफिया, रदिफ, र तखल्लुस हुन् । यी उपकरणहरुका बारेमा थुलुङको गजलमा चर्चा गर्दछु ।

### ५.३.२.३ काफिया

गजलमा काफियाको उपस्थिति अनिवार्य मानिन्छ, त्यसैले काफिया विना गजल माधुर्य बन्न सक्दैन । काफियालाई गजलको मुटु पनि भनिन्छ । जुन नरहे गजल सार्थक नबनेर अरु नै रचना बन्न पुगेको पाइन्छ । मतलाको दुबै पङत्तिमा र हरेक सेरको दोस्रो पङ्क्तिमा रदिफ भए सो पूर्ण र नभए सेरको अन्त्यमा काफिया आउने गर्दछ । याम थुलुङका गजलहरुमा पूर्ण तथा आशिक काफिया दुबैका प्रयोग भएको पाइन्छ ।

सेरहरु

तिम्रो लागि दिनानुदिन सदा सम्झि सम्झि रा'छु
सम्झनामा आँसु झर्छ घुटका बनाई सबै खा'छु ।

एका तर्फि माया गर्नु मेरो ठूलो भूल भयो
मुटु दुख्छ सम्झनामा सपनीमा तिम्लाई पा'छु ।

भेट्छौं भने आजै भेट भोलि जीवन मैझारो छ
मेरो पनि प्रत्येक क्षण तिम्लाई भेट्ने प्रयासमा छु ।

सपनीमा झस्काई दिने कस्तो मन्त्र सिकाई दियौ
विपनीमा तिमी हिड्ने बाटो हेर्ने सदा भा'छु । (पृ. ७)

माथि उल्लेखित गजलमा मतलाका दुबै सेरका रा' छु' खा' छु शब्दलाई काफियाको रुपमा आएका छन् ।

### ५.३.२.४ रदिफ

मतलाको दुबै मिसरा र अरु सेरको मिसरा ए-सानीमा दोहोरीने शब्द वा पदावली तथा वर्ण समूह रदिफ हो । डा. घनश्याम परिश्रमी लगायतका केही गजल सिद्धान्तकार तथा व्याख्याताहरुले रदिफलाई गजलको अनिवार्य तथ्य मानेका छैनन् । तर गजलकार तथा सिद्धान्तकार देवी पन्थीको भनाई अनुसार रदिफको अभावमा गजलको रुप विधुवा युवतीको

जस्तो हुन्छ । सफल गजल निर्माण हुनका लागि काफिया र रदिफ दुवैको प्रयोग अनिवार्य मानिन्छ ।[१२७] रदिफ विना पनि गजल हुन्छ तर काफिया विना गजल हुँदैन ।[१२८]

रदिफ अनिवार्य छैन भनिए पनि यसले गजलमा महत्वपूर्ण कार्य गर्छ । रदिफ नभएपनि गजल हुन्छ भन्ने कुराले मान्यता पाएपनि यसको महत्वलाई भने अस्विकार गर्न सकिन्छ । रदिफले गजललाई सङ्गीतात्मक बनाउन ज्याँदै प्रयुक्त काफिया पछि आउने समान ध्वनि र अक्षर भएका शब्दहरु नै रदिफ हुन् । पूरै गजलमा रदिफ एउटै हुन्छ । रचनाकारको लेखन कला र भावनामा आधारित भई गजल रचना गर्ने क्रममा रदिफको प्रयोगलाई अनिवार्य भने गरेको पाइदैंन । रदिफ  युक्त गजल मुरद्दफ र रदिफ विहिन भए गैर मुरद्दफ भनिन्छ । रदिफलाई पनि काफिया सरह मान्यता दिने याम थुलुङले उनका धेरै जसो गजलहरुमा रदिफको सफल प्रयोग गरेकै पाइन्छ । रदिफ प्रयोग गरिएका शेरहरु

सुंख दिन पाटी मात्र नसम्झन गजल
दुःख भुलाउने महल पनि हो गजल
प्रेमको गुणगानले मात्र अपुरो छ गजल
भावना पोख्ने साहित्य पनि हो गजल ।

याम थुलुङ्गका गजलहरुमा एक शब्द देखि तीन शब्दसम्मका रदिफ प्रयोग भएको पाइन्छ ।  जुन शास्त्रीय दृष्टिले पनि उचित मानिन्छ । तर अन्य गजलकाहरुका जस्तै थुलुङका गजलमा पनि तीन शब्द भन्दा बढी शब्दहरु रदिफको रुपमा प्रयोग भएको पाइन्छ । जसले गजल गायनमा श्रुति माधूर्यता थपेको पाइन्छ । उनका यस्ता गजलका केही शेरहरु उदाहरणका रुपमा हेरौं ।

हाँसो छरेर खुसी बटुलें भूल पो भएछ क्यार ।
रेखा हाँसोको दिलाई गयो  क्षितिजदेखि नै पर ।
मुटु चुँडेर दिएको माया तुल पो भएछ क्यार ।

मनको बस्ती उजाड भई
सबै उदास पनले
जीवन त्यसै विसाई दिने
टुल पो भएछ क्यार ।

रोदन मात्र साथमा रह्यो
हासो धेरै टाढा भयो ।
खुसी सबै पार हुन पुल पो भएछ क्यार ।

---

[१२७] देवी पन्थी गजल **सिद्धान्त र समालोचना** पृ. १२ ।
[१२८] घनेन्द्र ओझा **गजल सिद्धान्त र विवेचना** पृ. ११६ ।

रदिफ प्रयोग नभएका वा र काफियालाई नै रदिफ मानेका गजलका केही सेरहरु

सकिँदैन त्यसै बसी आफ्नो देशमा विकास ल्याउन
मर्नै पर्छ एक दुई जना भविश्यमा शान्ति पाउँन

फालि दिऊ निरङ्कुशलाई जरै देखि उखालेर
अब यहाँ लड्नै पर्छ विकृतिलाई हटाउन

त्यस्तै शिशिरको घाम पनि मेरो सामु आई देऊ
मेरै निम्ति भएपनि एउटा गाईदेऊ ।

झझल्को छ आखाँ भरी तिम्रो तिम्रो तस्वीर  नाचि रा'छु ।
हेरी रा'छु तिम्रो बाटो विश्वास गरी आई देऊ ।

५.३.२.५ मकता वा अन्तिम शेर

मकता गजलको अन्तिम शेर हो यसलाई गजलको टुङ्ग्याउने शेर पनि भनिन्छ । यसैमा गजलकारहरुको नाम वा उपनाम राखिएको हुन्छ । गजलको अन्तिम शेर निष्कर्षात्मक शेर हुने हुदाँ यो निकैं महत्वपूर्ण हुन्छ ।[१२९] मकता नै गजलकारले आफ्नो व्यक्तिगत कुरा पनि भन्छन् । यस्तो भनाई लाक्षणिक अर्थ दिने गरी वा अभिधा रुपमै पनि आउँन सक्छ । गजलकार याम थुलुङको यस गजल संग्रहको मकतामा प्रसस्त मात्रमा तखलुस प्रयोग गरिएको पाइँदैन । केही गजलमा मात्र प्रयोग  गरिएको पाइन्छ । यहाँ उनका गजल संग्रहमा तखलुस प्रयोग सम्बन्धी चर्चा गर्न सकिन्छ ।

५.३.२.६ तखल्लुसको प्रयोग

तखल्लुस भनेको छोटो नाम वा उपनाम हो । याम थुलुङका 'आँसुका थोपाहरु' नामक गजल संग्रहमा एक वटा गजलमा मात्र तखल्लुस प्रयोग भएको पाइन्छ । भने अन्य शेरहरुमा पाइन्दैन । हुन त यो गजल संरचनामा अनिवार्य तत्वको रुपमा मान्दिंन । यो एउटा प्रचलन मात्र मानिन्छ । प्रचलन अनुसार थुलुङका तखल्लुस प्रयोग भएको गजलको अन्तिम शेर निम्न छन् :-

स्वतन्त्रमा बाँच्ने 'याम'  यो कैदी बनि अल्झेको छु ।
गोरेटो र एकान्तमा शान्ति पाउन भुल्दैछु 'म' ।

प्रस्तुत नमुना याम थुलुङका गजलहरुमा प्रयुक्त तखल्लुसको नमुना हो । उनका यस गजल संग्रहमा जम्मा २६ वटा गजलहरुमध्ये एक वटामा मात्र तखल्लुसको प्रयोग गरेका

[१२९] ऐजन ।

छन् । याम थुलुङको आँशुका थोपाहरु गजल संग्रह संरचनागत दृष्टिले हेर्दा यस सङ्ग्रहभित्र अनिवार्य मानिएका तत्वहरुको प्रयोग सही रुपमा  गरिएको छ । उनका यस गजलहरुमा काफिया, रदिफ र तखल्लुसको प्रयोग पूर्ण एवं आंशिक रुपमा प्रयोग गरी गजलको संरचनालाई पूर्ण रुप दिइएको छ । यसरी यस संग्रहलाई संमग्रमा हेर्दा उनका गजलहरु संरचनागत कसीबाट अत्यन्त सफल देखिन्छ ।

## ५.४. आँसुका थोपाहरु गजल सङ्ग्रहमा भावतत्व

भाव गजलको आन्तरिक पक्ष हो । यो हृदयपक्षसँग सम्बन्धित हुन्छ र कवितामा जस्तै गजलमा पनि यसको महत्वलाई स्वीकारिन्छ । विषय छनौटमा श्रृङ्गारिक तरिकाबाट आरम्भ भएर सम-सामयिक विषयबस्तुको उठानको यस दशक सम्म आइपुग्दा विषयपरक ढङ्गले गजलमा कुनै पनि भाव रहन सक्छ । कोमल र प्रभावकारी भाव अभिव्यञ्जन यसैको अर्को आवश्यक पक्ष हो ।[१३०] यसमा निहित सरलता मामिर्कता, वैचारिक उद्‌बोधन गेयात्मक लेखन् नितान्त वैयक्तिक, अनुभूति र अभिव्यक्तिको सार्वजनिकताले गर्दा नै यो लोकप्रिय भएको हो ।[१३१] याम थुलुङका विभिन्न भावका गजलहरुलाई निम्न बमोजिम बुँदागत रुपमा अध्ययन गर्न सकिन्छ ।

### ५.४.१. श्रृङ्गारिक भाव

श्रृङ्गारिक रसलाई गजल विधाको निजी पहिचान नै हो । नेपाली साहित्यमा नौलो विधाको रुपमा प्रवेश पाउँदा नै गजलले श्रृङ्गारिक भावलाई प्राथमिकता पाएको थियो ।

मोतीराम भट्टले नै नेपाली भाषामा गजलको आविष्कार गरे र नेपाली काव्यका क्षेत्रमा श्रृङ्गारिक धाराको पनि थालनी गरे । प्रेमिकासँग बार्तालाप बहन गरेको व्युत्पतिमूल्क अर्थ भाव हो । यसैको अर्थका आधारमा पनि शब्द र अर्थविच सामता पाइन्छ । सम्बन्धित नायक नायिकाको एक अर्काप्रतिको प्रेमको वारेमा चित्रण गरे त्यो गजल श्रृङ्गारिक रस कहलिन्छ । संभोग वा संयोग र विप्रलम्भ वा विरह श्रृङ्गार रसका भेदहरु हुन् ।[१३२] संभोग वा संयोगमा नायक नायिकाको संयोगात्मक प्रेमको वर्णन हुन्छ । यो प्रेम दर्शन, सम्भाषण,

[१३०] डा. हरिकृष्ण बराल, **संदृष्टि** (२०५५, ८५) ।

[१३१] मनु ब्राजाकी, **गजल गंगा** (२०६२, ३५) ।

[१३२] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त** ।

स्पर्श, आलिङगन आदि गरी अनेक, दुःख अवस्थाको वर्णन गरिन्छ । यसका  पूर्वराग मानप्रवाह तथा करुणा चार भेद हुन्छन् ।[१३३]

नेपाली  गजलको प्राथमिकताकालीन इतिहास नै श्रृङ्गार रसले ओतप्रोत पाइन्छ ।

याम  थुलुङका गजलहरुमा श्रृङ्गार रसको दुवै भेदको प्रयोग पाइन्छ ।

विप्रलम्भ श्रृङ्गार भाव र रस प्रस्तुत भएको गजल विछोडिएको प्रेमीकाको सम्झनाले सताइएको प्रेमीको विरह वेदना गजलका सेरमा सजीव भएर आएका छन् ।

आँसु विचामा हाँसो छैन तिम्रो कसम कहाँ गयो ?

आफै माध बाँच्नु पर्ने यस संसरमा के पो भयो ?

सधैं भरि सत्य बोल्ने तिम्रो मिठो बाचा थियो ।

यति छिटो विचार बदलि अर्का पाइला किन लियौ ?

सम्झनामा तड्पी-तड्पी त्यसै आज मर्ने भइयो,

भगवानलाई साक्षी राखी पहिला भने कसम खायौ ।

मेरो माया तिम्रो लागि पौडपि खेल्ने दह भयो

मलाई यहाँ भुलाएर अलिहे तिम्रो कहाँ गयौ ?

(आसुँका थोपाहरु -११)

यसै गरी संयोगात्मक प्रेमको चित्रण गरिएका गजका सेरसहरु थुलुङले आफ्ना भावहरु यसरी प्रस्तुत गर्छन् ।

फूलै फूलले दुईटा आत्मा टालैं जस्तो लाग्यो,

तिम्रो दिलमा एउटा पुल हालौं जस्तो लाग्यो ।

एकोहोरो वग्ने जीवन यो विते दिन गन्दै

भेटै भेटमा सारा दिन यो फालौं जस्तो लाग्यो

भाव यो मनको पो स्पर्शले सदा झस्काई दिन्छ ।

फूलबारीमा एउटा फूल पालौं जस्तो लाग्यो ।

उजाड छ मनको बस्ति भरिक जाने पो हो कि,

अँधेरामा एउटा दीप बालौं जस्तो लाग्यो ।

(आँसुका थोपाहरु-१२)

---

[१३३] ऐजन ।

याम थुलुङका गजलमा श्रृङ्गारिक भावका संयोग र विप्रलम्भ दुवै भेदको कुशल भाव सम्प्रेषण  गरिएको पाइन्छ । आँसुका थोपाहरु गजलसङ्ग्रहभित्र समावेश भएका गजलको मर्म नै श्रृङ्गारिक भाव हो । यसरी हेर्दा यस सङ्ग्रहमा सङ्ग्रहित गजलहरु श्रृङ्गारिक भावबाट उपयुक्त मान्न सकिने आधारहरु थुप्रै छन् ।

५.४.२. विद्रोही भाव

याम थुलुङको गजलहरुका भावमा पाइने अर्को पाटो विद्रोही भाव पनि हो । समाजमा भएका अन्याय, अत्याचार र थिचोमिचोको असन्तुष्टिहरुलाई अन्त्य गर्न आवश्यक पर्ने सामर्थ्य वटुल्न विद्रोहको आवश्यक पर्छ । याम थुलुङका गजलहरुमा  जति श्रृङ्गारिक, कारुणिक, सामाजिक, शान्त भावयुक्त छन् त्यति नै कठोर र सङ्घर्षी पनि छन् । जस्तै

अन्धकारलाई हटाउन एउटा दीप बाल्नै पर्छ
दुध फटाई दही पार्न एउटा जीव पाल्नै पर्छ ।
हरेस खाई कातर बन्न राम्रो कुरा हैन साथी
सफल हुन जहिले पनि एउटा सीप थाल्नै पर्छ ।
लागौँ साथी हटाउन क्रूर शासन यहाँ देखि
हट्नु हुन्न कहिले पछि एउटा खील हाल्नै पर्छ ।
कठिन बाटो हिड्नलाई साथी कहाँ सजिलो छ
धेरै ठक्कर खाए पनि एउटा डिल फाल्नै पर्छ । (आसुँका थोपाहरु-५)

५.४.३ राष्ट्रिय भाव

गजलकार याम थुलुङ श्रृङ्गारदेखि विद्रोहीसम्म बोल्ने उनका गजलहरु राष्ट्र र राष्ट्रियता सम्बन्धी पनि सचेत छन् । भूटानी सरकारले शरणार्थी जीवन विताउन बाध्य पारेका साहित्यकार याम थुलुङले पराई देश बसे पनि आफू जन्मेका राष्ट्रलाई अतितका गोरव गाथा गाउने क्रममा मेरो देश विकासको गतिमा लम्किदा डाँफे मुनाल र कुलागाँङग्री नाची दिने हाँसी दिने साथै सबै बनपाखा नयाँ पालुवा फेरि हरियाली हुने भनी हिमाल, पहाड, तराई, धान गहुँ, मकै कोदो, फलफूलको चित्रण गरी आँत आँतमा राष्ट्रप्रतिको मोह प्रकट गरेका छन् ।

सेर,

मेरो देशमा विकास हुँदा कुलागाँङग्री हाँसिदिन्छ
जम्हालरी मुस्कुराउँदा डाँफे मुनाल नाचिदिन्छ ।
पश्चिम तर्फ रमाइलो छ हरियाल देखिनाले

पूर्वतिर अग्लो हिमाल बर्षौंबर्ष बाँचिदिन्छ ।
धान, गहुँ, मर्कै, कोदो, अँलैची र सुन्ताल
धान, गहुँ, मकै, कोदो फलफूल धेरै फलिदिन्छ ।
(पृष्ठ १३)

यसरी याम थुलुङको गजलमा राष्ट्र राष्ट्रियता राष्ट्रप्रेम जस्ता भावहरु खहरेको पानी बगे जस्तै राष्ट्रिय स्वभिमान र गौरवलाई आफ्ना गजलमा पस्कन पुगेका छन् ।

५.४.४ प्रकृति सम्बन्धी भाव

साहित्यिक जगतमा लागेका सर्जकहरु प्रकृतिमा रमाउने गर्छन् । उनीहरुको लागि प्रकृति सिङ्गो प्रेरणाको भाव हो । कुनै पनि व्यक्ति त्यस्तो नहोला जसलाई प्रकृतिको सुन्दर दृश्यले आकर्षित र मोहित नबनाओस् । सिर्जनाका पारखीहरु जो आफैमा भावनाले पूर्ण रहन्छन् । उनीहरु त सधैं प्रकृतिको विराटतासँग मितेरी गाँस्न पुग्छन् । त्यसरी नै गजलकार थुलुङ पनि प्रकृतिको अनन्त ज्ञानसँग साइनो गाँसी यसरी आफ्नो भावनाहरु गजलको माध्यमबाट पस्कुन पुग्छन् ।

शिशिरको धाम बनी मेरो सामू आइदेऊ
मेरै निमित भएपनि एउटा गीन गाइदेऊ ।
पृष्ठ ६

त्यस्तै अर्को शेर

फूलै फूलले दुईटा आत्मा टालौं जस्तो लाग्यो
तिम्रो दिलमा एउटा पुल हालौं जस्तो लाग्यो ।
पृष्ठ १२

यसरी गजलकार थुलुङले प्रकृतिलाई उपमा र उपयुक्तको माध्यमबाट प्रकृति र मानव वीचको सम्बन्ध सुमधुर रही आएको छ भनी प्रेमका भावहरु व्यक्त गरेका छन् ।

## ५.५ रित्तो आकाश गजल सङ्ग्रहको विवेचना

गजल एउटा सशक्त र क्रियाशील साहित्यिक विधा हो । अतः साहित्यका अन्य विधा झैं स्रष्टाले यसमा पनि अभिव्यक्ति दिएका हुन्छ । गजलकार याम थुलुङको तेस्रो गजल सङ्ग्रहको रुपमा प्रकाशित यो पुस्तकाकार सङ्ग्रह वि.सं. २०६६ सालमा प्रकाशित कृति हो । यस कृतिमा जम्मा ४८ वटा गजलहरु विभिन्न भाव एवम् विचारहरु अभिव्यक्ति गरी समावेश गरिएको छन् । यस गजल सङ्ग्रहमा जीवनमा देखेका जानेका अनुभव गरेका हर्ष, रोदनहरुलाई भावनात्मक रुपमा गजल विधाका माध्यमले पोखिएको पाइन्छ । उनका ४८ वटा गजलहरुलाई शीर्षक साथै संरचनात्मक रुपबाट आउने काफिया, रदिफ, तखल्लुस आदिका आधारमा तालिकागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

| क्र.सं. | गजल क्रम | पृष्ठ | सेर सख्या | काफियता | रदिफ | तखल्लुस |
|---|---|---|---|---|---|---|
| १ | पहिलो | १ | ४ | √ | √ | |
| २ | दोस्रो | २ | ४ | √ | √ | |
| ३ | तेस्रो | ३ | ४ | √ | √ | |
| ४ | चौथौ | ४ | ४ | √ | √ | |
| ५ | पाँचौ | ५ | ४ | √ | √ | |
| ६ | छैटौं | ६ | ४ | √ | √ | |
| ७ | सातौं | ७ | ४ | √ | √ | |
| ८ | आठौं | ८ | ४ | √ | √ | |
| ९ | नवौं | ९ | ४ | √ | √ | |
| १० | दसौं | १० | ४ | √ | √ | |
| ११ | एघारौं | ११ | ४ | √ | √ | |
| १२ | बाह्रौ | १२ | ४ | √ | √ | |
| १३ | तेह्रौं | १३ | ४ | √ | √ | |
| १४ | चौधौं | १४ | ४ | √ | √ | |
| १५ | बन्ध्रौं | १५ | ४ | √ | √ | |
| १६ | सोह्रो | १६ | ४ | √ | √ | |
| १७ | सत्रौं | १७ | ४ | √ | √ | |
| १८ | अठारौं | १८ | ५ | √ | √ | |
| १९ | उनाईसौं | १९ | ५ | √ | √ | |
| २० | विसौं | २० | ४ | √ | √ | |
| २१ | एक्काइसौं | २१ | ४ | √ | √ | |
| २२ | बाइसौं | २२ | ४ | √ | √ | |
| २३ | तेइसौं | २३ | ४ | √ | √ | |
| २४ | चौविसौं | २४ | ४ | √ | √ | |
| २५ | पच्चीसौं | २५ | ४ | √ | √ | |
| २६ | छब्बिसौं | २६ | ४ | √ | √ | |
| २७ | सत्ताइसौं | २७ | ४ | √ | √ | |
| २८ | अठाइसौं | २८ | ४ | √ | √ | |
| २९ | उन्तीसौं | २९ | ४ | √ | √ | |
| ३० | तीसौं | ३० | ४ | √ | √ | |
| ३१ | एक्तीसौं | ३१ | ४ | √ | √ | |
| ३२ | बत्तीसौं | ३२ | ४ | √ | √ | |
| ३३ | तेत्तीसौं | ३३ | ४ | √ | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४ | चौतीसौं | ३४ | ४ | √ | √ | |
| ३५ | पैतीसौं | ३६ | ४ | √ | √ | |
| ३६ | छत्तीसौं | ३६ | ४ | √ | √ | |
| ३७ | सैतीसौं | ३७ | ५ | √ | √ | |
| ३८ | अठ्तीसौं | ३८ | ५ | √ | √ | |
| ३९ | उन्तीसौं | ३९ | ५ | √ | √ | √ |
| ४० | चालीसौं | ४० | ४ | √ | √ | |
| ४१ | एकचालीसौं | ४१ | ५ | √ | √ | |
| ४२ | बयालीसौं | ४२ | ५ | √ | √ | |
| ४३ | त्रिचालीसौं | ४३ | ५ | √ | √ | |
| ४४ | चवालीसौं | ४४ | ५ | √ | √ | |
| ४५ | पैतालीसौं | ४५ | ५ | √ | √ | |
| ४६ | छयालीसौं | ४६ | ५ | √ | √ | |
| ४७ | सतचालीसौं | ४७ | ५ | √ | √ | √ |
| ४८ | अठ्चालीस | ४८ | ५ | √ | √ | |

### ५.५.१ 'रित्तो आकाश' गजल सङ्ग्रहमा उपयुक्त गजलको संरचना

गजल एक विशिष्ट रचना वा संरचना भएको स्वतन्त्र काव्य विधा वा गेय विधा हो । यो लय भएकाले कविताको नजिक र गेय भएकाले गीतको नजिक देखा पर्छ । तर गजलमा गीत र कविताभन्दा भिन्न विशिष्ट र छुट्टै संरचना हुन्छ यही संरचनात्मक वैशिष्ठले गर्दा गजल, गजल भएर चिनिएको हो । गजलको वनोट वा संरचनामा सेरहरुको सम्बन्धको आधारमा गजल मुसलस वा गैद्द मुसलस हुन सक्छन् । गजल संरचनालाई तीन भागमा विभाजन गरी याम थुलुङका गजलहरु (रित्तो आकाशमा सङ्हित गजलहरु) मा काफिया, रदिफ, तख्लुस जस्ता अनिवार्य अवयवहरुको समुचित प्रयोग भए नभएको अध्ययन गरिएको छ ।

### ५.५.२ मतला

गजलमा मतला भन्नाले प्रारम्भ वा सुरुवात भन्ने बुझिन्छ । गजलका प्रथम सेरका दुई पङ्क्ति मतला हुन् । मतलाको दुबै मिसरामा काफिया रदिफ प्रयोग हुन्छ । कुनै कुनै गजरकारहरुले एउटै गजलमा दुई शेरका मतला पनि प्रयोग गरेको पाइन्छ । वस्तुतःमतलाको व्यवस्थापनले गजललाई श्रुतिमधुर बनाउनका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । गायकले गजल गाउँदा खेरि प्रत्येक शेरहरुपछि मतलाको पुनराबृति गर्दछन् ।

जसबाट एक प्रकारको श्रुतिमधुरता र झङ्कारमयता प्रकट हुन्छ । यसर्थ काफिया र रदिफ दुबै मिसरामा सन्तुलित रुपमा प्रयोग भएको मतला हुन् गजलका लागि आवश्यक नै बन्नु उपयुक्त हुन्छ । यस आधारमा यस याम थुलुङका गजलहरुमा काफिया  रदिफ सन्तुलित रुपमा प्रयोग भएको र एक भन्दा बढि मतलाको प्रयोग भएको पाइँदैन ।

जस्तै

टल्किहरने अकबरी सुन जस्तो लाग्छ
उनको मुहार पूर्णिमाको जून जस्तो लाग्छ ।
साँच्चै हाम्रो सम्बन्धको परिभाषा हेर्दा
शरीरमाथि बगिरहने खुन जस्तो लाग्छ ।

यसले विषयबस्तुको विजारोपण गर्नका साथै अन्य सेरमा प्रयोग हुनु पर्ने अन्तयानुप्रास वा काफियाहरुको सङ्केत पनि गरेको छ । जस अनुसार यो मतला भएका गजलमा अन्य काफियाहरु 'धुन', 'सुगुन' र रदिफ 'जस्तो लाग्छ' प्रयोग भएका छन् ।

यसरी गजलको शिर वा मतला भागदेखि नै गजलमा एकरुपता ल्याउन अनिवार्य तत्व काफियाको प्रयोग गरिन्छ । काफियाको शुद्ध र समुचित प्रयोगले नै गजललाई जीवन्त बनाएको हुन्छ । याम थुलुङका धेरै जसो गजलहरुमा मतला भागदेखि नै काफियाको शुद्ध र समुचित प्रयोग भएको पाइन्छ ।

५.५.३ गजलको मध्यभाग (शायरी)

गजलको मध्य भागलाई शायरी पनि भनिन्छ । यो गजलको शरीर हो वा जीउको रुपमा लिने गरिन्छ यसमा मतला र मक्ता बीचमा गजलको मध्य भाग वा शायरी समूहहरु समाविष्ट हुन्छन् । प्रत्येक शायरका दोस्रो मिसरा वा मिसरा ए-सानीमा काफिया र रदिफको प्रयोग हुनु पर्दछ ।

गजलको यो भाग वा समूहमा एक भन्दा बढी नै शायरीहरु हुन्छन् तर गजल विधामा यो समूह यति नै हुनुपर्छ भन्ने नियम छैन । तै पनि गजल विधाका विज्ञहरु अनुसार पाँचदेखि एघार सेरसम्मको राम्रो हुन्छ भनी आफ्ना तर्कहरु अगाडि सारेको पाइन्छ ।

आधुनिक गजलकारहरुले रचना गरेका गजलहरुमा चारदेखि सातसम्मका सेरहरु रचना गरेका देखिन्छन् । गजलकार याम थुलुङका "रितो आकाश" गजल सङ्ग्रहमा चारदेखि पाँच सम्मका सेरका रचनाहरु पाइन्छन् । उनका यस सङ्ग्रहमा अठ्चालीस ओटा गजलहरु मध्ये पैतीस वटाका चार सेर र तेस्रो वटामा पाँच सेरहरु र तेह्र र ओटामा पाँच सेरहरु छन् । चार वटा सेर भएका गजल

घरको छानो फाटेर चुँदैछ

सम्झि घर भित्रि मन रुदैंछ
कसले देख्ने यो मन रोएको
आफन्त मन विरही हुँदैछ
भारी बोकी ऋण तिर्न गाह्रो छ
बल उमेर साहुले दुँदैछ ।
बाध्यतामा परदेशी भएर
बेबारीसे लाष त्यसै हुँदैछ
पृष्ठ ६

यस्तै पाँच सेर भएका गजल

पैशा कमायो मन्दिरमा बसी
मन्दिर लडायौं मन्दिरमा बसी
इई दिन बान्चुन्जेल पैसाको लागि
दुनिया घुमायौं मन्दिरमा बसी
झुटो कुरा लुकाउनेलाई
कसम खायौ मन्दिरमा बसी ।
बर्षे देखिका पापा पखाल्न
फूल चढायौ मन्दिरमा कसी
सबैको सामु अनुधार छोपी
भोगेर आयो मन्दिमा बसी
(पृष्ठ ४८)

गजलका सेरसँग अनिवार्य निकटतम सम्बन्ध राख्ने उपकरणहरु काफिया रदिफ र तखल्लुस हुन् यी उपकरणहरुका बारेमा थुलुङको गजलमा चर्चा गर्दछु ।

५.५.४ काफिया

गजलमा काफिया सर्वाधिक महत्व रहन्छ । काफिया विना गजल बन्न सक्दैन । त्यसैले गजलरुपी शरीरको मुटुको रुपमा काफियालाई लिइन्छ । काफियाको शुद्ध र समुचित प्रयोगले नै गजललाई जीवन्त बनाएको हुन्छ । स्वर मात्रमा अलिकति पनि गडबडी वा असन्तुलन नभएको अनुप्रासयुक्त शब्दांश वा अक्षर नै काफिया हो । यो रदिफ भन्दा पूर्व प्रयोग हुन्छ । मतलाका दुबै मिसरा र अन्य शेरहरुका मिसरा ए सानीमा काफियाको प्रयोग हुन्छ । याम थुलुङको गजलहरुमा पूर्ण तथा आंशिक काफिया दुबै प्रयोग भएको पाइन्छ । तल पूर्ण र आंशिक अनुप्रासका रुपमा प्रयुक्त काफिया प्रयोग भएका उदाहरणहरु दिइएका छन्ः-

पूर्ण अनुप्रासका रुपमा काफिया

परेलीको डिलमा आँसू चुँदै छुट्नु परेको छ ।
कसको के नै लाग्दो रै'छ रुँदै छुट्नु परेको छ । ।(पृष्ठ ९)

आंशिक अनुप्रासका रुपमा काफिया

आउ सँगै बसौं भनी बोलाउन सक्दिन म
त्यसैले यो झुपडीमा सजाउन सक्दिन म

माथि उदाहरणहरु मध्ये पहिलो सेरमा भएका 'चुँदै' तथा 'रुँदै' शब्दमाा "च" बर्ण र "र" पछि "उँदै" को आवृति भएको पूर्ण काफिया परेको छ भने दोस्रोमा भएका "बोलाउन" र "सजाउन" मा क्रमश "ब्" र "स्" पछि क्रमश "ओ" र "अ" परी त्यसपछि "आउन" परेकाले आंशिक काफिया परेको छ ।

गजलकार याम थुलुङका गजलहरुमा काफियाका रुपमा आएका शब्दहरुका अक्षरहरु बराबर भएका र बराबर नभएका काफियाहरु प्रयोग गरेका पाइन्छन् ।

बराबर अक्षर भएका काफियालाई सजा मुतवाजी भनिन्छ र बराबर अक्षर नभएका काफियालाई सजा मुर्तरफ भनिन्छ ।

तल सजा मुतबाजी काफिाय र सजा मूर्तरफ काफियाका रुपमा प्रयोग गरिएका उदाहरण दिइएका छन्:-

सजा मुतवाजी काफिया प्रयोग भएका गजल

जुन आउने घाम हेरै रोएँ
दिवालको तस्वीरसँगै नाम हेरी रोएँ
आखिर जानु थियो गयौ मन रुवाएर
सिरानीको तिम्रो पत्र खाम हेरी रोएँ
टोलाएर हरेक पल तिम्रो सम्झानाले
बलुवामा पैतलाको डाम हेरी रोँ
जुनीभरि सँगै बाच्ने कसम खाएर नै
सँगै फूल चढाएको घाम हेरी रोएँ
घड्कनमा तिम्रो बाचा  जोगाएर राख्दै
सँगसँगै विताएको "याम" हेरी रोएँ
(पृष्ठ ३८)

सजा मूर्तरफ काफिया प्रयोग भएका गजलहरुः

बदली आउने पातसँग डराउने गर्छु ।
त्यसैले म प्रभातसँग डराउने गर्छु ।
(पृष्ठ १०)
जस्तै प्रकाश सम्झि रहन्छु ।
उनीलाई खास सम्झि रहन्छु ।

माथिका उदाहरणमध्ये पहिलो गजलमा काफियाको रुपमा प्रयोग भएर आएका "घाम" "नाम" "खाम" "डाम""धाम" "याम" शब्दहरुमा दुई दुई ओटा अक्षरहरुबाट निर्माण भएकाले सजा मुतवाजी काफियामा पर्दछन् । यस्तै दोस्रो र तेस्रो सेरमा प्रयोग भएका

“पातसँग” प्रभातसँगै प्रकास र खास शब्दहरुमा अक्षर बराबर नभएका काफिया हुन् त्यस कारण यस्ता काफियालाई मूर्तरफ काफिया भनिन्छ ।

५.५.५ रदिफ

गजलमा रदिफलाई महत्वपूर्ण तत्वको रुपमा लिन सकिन्छ । मतलाको दुबै मिसरा र अन्य सेरहरुमा मिसरा ए सानीको अन्तमा प्रयोग हुने उही पद पदावाली अक्षर र अक्षर समूहलाई रदिफ भनिन्छ । यो काफियाको ठीक पछाडिपट्टि प्रयोग हुन्छ । रदिफ गजल हेतु अनिवार्य तत्व मानिदैंन, तथापि गजलमा यसको प्रयोगले सौन्दर्य प्रधानमा महत्वपूर्ण भूमिका खेल्न र गायनमा श्रुतिमधुरता समेत हुने हुनाले अधिकांश गजलकारहरुले यसलाई प्राय प्रयोग गर्ने गर्दछन् रदिफको प्रयोगको आधारमा गजल दुई प्रकारका हुन्छन् ।

१. मुरद्दफ गजल २. गैरमुरद्दफ गजल

जुन गजलमा रदिफको प्रयोग हुन्छ त्यसलाई मुरद्दफ गजल भनिन्छ । र जुन गजलमा रदिफको प्रयोग भएको हुँदैन त्यसलाई गैरमुरद्दफ भनिन्छ । गजलकार याम थुलुङका ‘रितो आकाश’ गजल सङ्ग्रहमा मुरद्दफ गजल बढी मात्र प्रयोग भएको पाइन्छ । भने गैरमुरदफ गजल तीन वटा मात्र यस गजल सङ्ग्रहमा रहेका छन् ।

जस्तै

मुरदफ गजलः

ती सुगन्धित कोपिलामै काँडा भेटे मैले
सबैले भन्ने मैदान तिरै डाँडा भेटें मैले
आफ्नै सम्झी चन्द्रमालाई भ्रममा परेछु
चन्द्रमा त कोशैं कोश टाढा भेटें मैले

यस्तै गैरमुरद्दफ गजलः

स्वदेश गान गाउनु पर्छ हाम्रो गलोले
सपनीमा विउँझाउँछ जन्म थलोले

माथि उदाहरणको रुपमा दिइएका पहिलो गजलको मतलामा वा पहिलो सेरमा प्रयोग भएका “भेटे मैले” “भेटे मैले” दोहोरिएका शब्दहरुलाई मुरद्दफ रदिफ भनिन्छ, भने दोस्रो गजलको पहिलो मतलामा प्रयोग भएका “गलोले” थलोले जस्ता शब्दहरुलाई गैरमुरद्दफ रदिफ भनिन्छ ।

५.५.६ मक्ता वा अन्तिम सेर

गजलको अन्तिम सेरलाई मक्ता भनिन्छ । यस शब्दले “समाप्ती” वा “काटिएको” भन्ने अर्थ बुझाउँछ । यसबाट के स्पष्ट हुन्छ भन्ने ‘मक्ता’ भनेको गजललाई टुङ्गयाउने अवयव वा अन्तिम सेर हो ।

मक्ताका मिसरामा साधारणत कविगत आफ्नो तखल्लुस पनि प्रयोग गर्दछन् । मक्तामा नै गजलकारले आफ्नो व्यक्तिगत कुरा पनि भन्छन् यस्तो भनाई लाक्षणिक अर्थ दिने गरि वा अभिधात्मक मै पनि आउन सक्छ । याम थुलुङका गजलमा आएको मक्ताको एउटा सेर उदाहराण्को रुपमा हेरौं:

धड्कनमा तिम्रो बाचा जोगाएर राख्दै
सँगसँगै बिताएको “याम” हेरी रोए ॥

यहाँ गजलकारले श्रृङगारिक भावद्वारा आफ्ना धड्कनमा प्रेमीकालाई प्रेमका बाचाहरु जीवन्त राख्दै सँगसँगै खेलेको रमाएको यादहरु स्मरण गर्दै अचानक आफ्नो प्रेमीका धोका दिएर विगतका बाचा, बन्धनहरु सम्झना गरी आफ्नो परिचय समेत दिएका छन् ।

५.५.७ तखल्लुस

गजलको अन्तिम सेरमा कवि वा गजलकारको नाम वा उपनाम प्रयोग भएका सेरलाई तखल्लसु भनिन्छ । याम थुलुङका गजलहरुमा खासै मात्रामा तखल्लुसको प्रयोग भएको पाइँदैन । गजलमा काफियालाई अनिवार्य मानिए तापनि रदिफ र तखल्लुस भन्ने अनिवार्य मान्न सकिन्दैन । गजलकारहरुले तखल्लुसलाई आफ्नो परिचय स्पष्ट पार्नुका लागि तथा अर्थको चमत्कारका लागि मात्र प्रयोग गरेको पाइन्छ । याम थुलुङका ‘रित्तो आकाश’ गजल सङ्ग्रहमा तखल्लुस प्रयोग भएका गजलको उदाहरण निम्न छन्:

सेर

‘बेमौसमी’ याम जस्तै सदा पग्लीएर
पीडा मनको फेरी धुन्छु रित्तो आकाश हेरी
(पृष्ठ ४७)

अर्को सेर

धड्कनमा तिम्रो बाचा जोगाएर राख्दै
सँगसँगै बिताएको ‘याम’ हेरी रोएँ ।

प्रस्तुत नमूना याम थुलुङको गजलहरुमा प्रयुक्त नमूना हो । उनका यस गजल सङ्ग्रहमा ४८ वटा गजलहरु मध्ये २ वटामा मात्र तखल्लुसको प्रयोग गरेका छन् । याम थुलुङको रित्तो आकाश गजर सङ्ग्रह संरचनागत दृष्टिले हेर्दा यस सङ्ग्रहमा अनिवार्य मानिएका तत्वहरुको प्रयोग सही रुपमा गरेका छन् । उनका यस गजलहरुमा काफिया,

रदिफ र तखल्लुसको प्रयोग गजलमा हुनुपर्ने संरचना अनुसार प्रयोग गरी गजललाई मूर्तरुप दिएका छन् ।

## ५.६ रितो आकाश गजल सङ्ग्रहमा भाव तत्व

भाव गजलको आन्तरिक तत्व हो । भाव विना गजलका कल्पना पनि गर्न सकिन्न र गजलमा भावलाई मुल मेरुदण्डका रुपमा लिइन्छ । गजलमा कुनै विषयवस्तुलाई जस्ताको तस्तै प्रस्तुत नगरी त्यसलाई भावात्मक बनाएर प्रस्तुत गरिन्छ । यस क्रममा आफ्नो अनुभव अनुभूति र मनोभावहरुलाई गजलकारले गजलमा ढालेर व्यक्त गर्छन् । याम थुलुङमको यस गजल सङ्ग्रहमा विभिन्न भावहरु व्यक्त गरो छन् । यी गजलहरुलाई भावका आधारमा निम्न बमोजिम बुँदागत रुपमा अध्ययन गर्न सकिन्छ ।

५.६.१ श्रृङ्गारिक भाव

श्रृङ्गारिक रसलाई पूर्वीय साहित्य चिन्तनमा रसहरुको राजाको रुपमा स्वीकारेको छ । श्रृङ्गारिक भाव गजलको निजी विशेषता हो । भाव आस्वादन सुखात्मक वा दुखात्मक हुने गर्दछन् । गजलको इतिहासलाई हेर्दा उर्दू हुँदै फारासी भाषाबाट नेपाली भाषामा भित्रिएको गजल नेपाली साहित्यमा नौलो विधाका रुपमा प्रवेश पाउँदा नै गजलले श्रृङ्गारिक रस वा भावलाई प्राथकिता पाएको पाइन्छ । थुलुङका गजलहरुमा श्रृङ्गारिक भावको प्रस्तुति पनि पाइन्छ । उनका गजलहरुमा विप्रलम श्रृङ्गारिक भाव र सम्भोग श्रृङ्गारिक भाव बोकेको गजलहरु रहेका छन् ।

विप्रलम्भ श्रृङ्गार भाव प्रस्तुत भएका गजल विछोडिएको प्रेमिकाको सम्झानाले सताइएको प्रेमीको विरह बेदना गजलका सेरमा जीवन्त भएर आएका छन्:

परेलीको डिडलमा आँसु चुँदै छुट्नु परेको छ ।
कसको के नै लाग्दो रैँछ रुँदै छुट्नु परेको छ ।
विछोडको घातै अर्को पर्नेलाई थाहा हुन्छ
आफ्नो मान्छे पराइको हुँदै छुट्न परेको छ
छातीभरि पीर बोकी के दिउँ म शुभकामना
साक्षी राखी मन्दिर मूर्ति हुँदै छुट्नु परेको छ ।
छाडिएको खाली आँगन घरीघरी हेर्ने गर्छु ।
यो मनमा गहिरो चोट बल्लभ्फउँदै छुट्न परेको छ ।

सम्भोगका गजल सेर:

गजलकार याम थुलुङले नव परिचित प्रेमी बीचमा प्रेमीले प्रेमिकाको उनको मुहार, शरीर, बोलीबाट आर्कषक भई प्रेमिका मुहारलाई पूर्णिमा जस्तै शरीरलाई दुबैको खुन एउटै

भएर बगेको र बोलीलाई बाँसुरीको धुन जस्तो महशुस गरी प्रेमीको लावण्यको गुणगान गाएका छन् ।

जस्तै

टल्कि रहने अकवरी सुन जस्तो लाग्छ
उनको मुहार पूर्णिमाको जुन जस्तो लाग्छ
साँच्चै हाम्रो सम्बन्धको परिभाषा हेर्दा
शरीर भरि बगिरहने खुन जस्तो लाग्छ
माया भन्नु यस्तो रहेछ बल्ल थाहा भयो
बोली पनि बाँसुरीको धुन जस्तो लाग्छ
जसै गरे जे भने नि आफ्नै माया राम्रो
विसै दिए पनि उनले सगुन जस्तो लाग्छ ।
(पृष्ठ १)

यसरी याम थुलुङका गजलरका श्रृङगारिक भावका संयोग र विप्रलम्भ दुवै भेदको कुशल भाव सम्प्रेषण गरिएको पाइन्छ । रितो आकाश गजल सङ्ग्रहभित्र समावेश भएका गजलको मर्म नै श्रृङ्गारिकता वा प्रेम भाव हो । यसरी हेर्दा गजल सङ्ग्रहमा सङ्ग्रहित 'रित्तो आकाश' गजलहरु श्रङ्गारिक भावबाट उपयुक्त मान्न सकिने आधारहरु थुप्रै छन् ।

५.६.२ सामाजिक विसंगति भाव

गजलकार याम थुलुङका गजलहरुमा समाजमा रहेका विकृति र विसङ्गति माथि चोटिलो व्यङ्ग्य प्रहार गरेको पाइन्छ । यिनी सामाजिक विदुषताको पर्दाफास गर्ने र आफूले देखेका भोगेका कुरालाई जस्ताको तस्तै गजलको ऐनामा प्रतिविम्वित गर्न सफल भएका छन् । समाजमा एकले अर्काले खुट्टा तान्ने प्रवृत्तिले गर्दा समाजमाथि उठ्न नसकेको कुराहरु स्वार्थी समाजले गर्दा मानिसको वाहिर रुप सुन्दर भएपनि भित्री आत्मा तथा विचार खराब प्रवृत्ति भएका मान्छेहरुप्रति व्यङ्ग्य गर्न यसरी पुग्छन् गजलकार ।

छाती पिट्दै कसम खादै रुनेसँग डराउँछु
रुप बदली आगो पानी हुनेसँग डराउँछु ।
मिठो-मिठो गफ गर्दै लोभ्याउदै सदादिन
कल्पनाले उडी आकाश छुनेसँग डराउँछु ।
सँगै हुँदा माया साट्ने बेग्लै हुँदा कुरा काट्ने
यस्ता यँहा गोही आँसु चुनेसँग डराउँछु ।
देखासेखि नसहेर आरिसले जली
सफा हुन बाहिरी पन धुनेसँग डराउँछु ।
(पृष्ठ ३५)

याम थुलुङका आफ्ना गजलमा उच्च बर्ग र निम्न बर्गका विचमा हुने फरक र उच्च बर्गले निम्न बर्गमाथि गरेको दुर्व्यवहारको चित्रण पनि पाइन्छ ।

सेरहरु

घरको छानो फाटेर चुँदैछ

सम्झि घर भित्रि मन रुँदैछ

कसले देख्ने यो मन रोएको

आफन्त मन विरही हुँदैछ

भारी बोकी ऋण तिर्न गाह्रो भो

बल उमेर साहुले धुँदैछ

बाध्यतमा परेदशी भएर

बेबारीसे लाश त्यसै कुँदैछ

(पृष्ठ ६)

यसरी थुलुङले आफ्ना गजलका मध्यमबाट समाजमा भएका सामाजिक समस्याका उठान गर्दै व्यङ्ग्य विद्रोह समेत गरेको पाइन्छ ।

५.६.३ प्रकृति सम्बन्धी भाव

गजलकारले प्रकृतिको सौन्दर्यतालाई प्रस्तुत गर्दै प्रकृतिलाई मानवीकरण गरी मानिसले आफ्नो कर्तव्य तथा जिम्मेवारीबाट पछि हटे पछि भोग्नु परेका भावहरु प्रकृति विम्ब बनाएर मानवीय संकिर्णतामा व्यंग्य प्रहार गर्नु पुग्छन् ।

सेरहरुः-

विना बादल पानी पर्नु मेरो गल्ती कहाँ हो र
अचानक चट्याङ झर्नु मेरो गल्ती कहाँ हो र
पानी पर्नु चट्याङ झर्नु हलगोरु सबै मर्नु
प्रकृतिले विनास गर्नु मेरो गल्ती कहाँ हो र
सृष्टिकर्ता मालिकले नै यहाँ विचरा नगरेर
कोपिलामै फूल मर्नु मेरो गल्ती कहाँ हो र
गर्मी जाडो, हुस्सु, कुहिरो खप्न नसकेर
हरके दिन बसाई सर्नु मेरो गल्ती कहाँ हो र
(पृष्ठ २९)

यस्तै

भोलि विहान हुन्छ सूर्य ढलेर के हुनछ
प्रकाश छैन भने, बत्ति बलेर के हुन्छ ।

५.६.४ राष्ट्रिय भाव

गजलकार याम थुलुङका गजलहरुमा राष्ट्र राष्ट्रियता र स्वाभिमानका आवाजहरु सशक्तका साथ उठेको पाइन्छ । विशेष गरी उनका गजलहरुमा आफू जन्मेको मातृभूमिलाई रहरमा नभएर बाध्यताले छोडी भूटानी शरणार्थी भएर बाँच्नु पर्ने र शरणार्थी भएर अर्कोको देशमा जीवन विताउँदा पनि आफ्नो पहिचान राष्ट्र, राष्ट्रियता र मौलिकता रगतका थोपा, थोमा बगि रहेको भावहरु प्रस्तुत भएको पाइन्छ ।

सेरहरु :-

स्वदेश गान, गाउनु पर्छ हाम्रो गलोले
सपनीमा विउँझाउँछ जन्म थलोले
सँगीनी र बेठीसँगै खेती लगाको
दाई गर्न आउ भन्छ खेतको खलोले
कहाँ पुगे हलगोरु कहाँ छन् हली
बारी पर्खी बोलाइरा छ बूढो हलोले
चुहिरएको छानो टाल्न तिमी नआए
मक्किएर झर्छु भन्छ घरको बलोले
(पृष्ठ २४)

त्यसै गरी आफ्नो  परिश्रम र पसिना आफ्नो देशमा बगाउनु पर्छ अर्काको आशमा नवसी स्वयम् आफूले नै मेहनत गरी बाच्नु पर्छ अनि मात्र राष्ट्रियताको सुरक्षा र संवर्द्धन हुन सक्छ भन्ने गहिरो राष्ट्र प्रेम भाव प्रस्तुत भएका सेर

म त आफ्नो गाउँ घर बासमा रमाउने

मिहेनतले कमाएको गाँसमा रमाउने
नलैजाउन धेरै टाढा-टाढा मन चोरी
यो मन सधैं सुन्दर मन्धु मासमा रमाउने
आफै हाँस्न, आफै खेल्न जिउनु आफैं राम्रो
सधैं भरि कति उसको पासमा रमाउने
पिँजरामा नहोस् जीवनम मन खुम्चाएर
जीवन हो खुला नीलो आकाशमा रमाउने
हुन्न साथी यसै बसन यो मन रुवाएर
देला खाउँला भन्दै कति आसमा रमाउन
(पृष्ठ ४३)

यसरी याम थुलुङका आफ्ना गजलमा राष्ट्र राष्ट्रियता, राष्ट्र प्रेम जस्ता कुरालाई विषयवस्तु बनाई राष्ट्रिय स्वभिमान र गौरवलाई गजलमा आफ्ना भावहरु व्यक्त गरेका छन् ।

५.६.५ मानवीय संवेदना सम्बन्धी भाव

बर्तमान समयमा मान्छेमा मानवीय गुण हराएको मान्छेले मान्छेलाई गर्ने व्यवहार कुवाबटोमा बदलिदैं गएको भन्दै मानिसलाई असल, नैतिकवान, र चरित्रवान बनी आफ्नो व्यवहार तथा क्रियाकलापहरु सञ्चालन गर्नु पर्छ भन्ने भाव बोकेका सेरहरु यस प्रकार छन् ।

मनभरि चोट बोकी दुःखी रा'को बेला
दुख्य घाउमा अझ पोल्ने नुन लगायो
(पृष्ठ ३४)

त्यस्तै अर्को सेर

हरेक विहान पूजा-पाठ मन्दिर धाएर
भन्नै पर्दा सुन्दर यौटा गुलाव सम्झि दियो ।
(पृष्ठ ४४)

धर्मको नाममा मानिसले असभ्य तथा अमानवीय प्रवृत्ति र निज स्वार्थमा तृप्त भएका मानिसहरुप्रति दुःख व्यक्त गरेका सेरहरुः-

पैसा कमायो मन्दिरमा बसी
मान्दिरै लडायो मन्दिरमा बसी
दुई दिन बाँचुन्जेल पैशाको लागि
दुनिया घुमायो मन्दिरमा बसी
झुटो कुरा लुकाउनलाई
कसम खायो मन्दिरमा बसी
बर्षे देखिएका  पाप पखाल्न
फूल चढायौ मनिदरमा बसी
सबैको सामु अनुहार छोपी
भोगेर आयो मन्दिरमा बसी
(पृष्ठ ४८)

५.६.६ व्यावहारिक जीवन सम्बन्धी भाव

व्यावहारिक जीवनमा आइपर्ने समस्याहरुलाई गजलकार याम थुलुङले गजलका माध्यमबाट देखेका, जानेका, सुनेका, अनुभव गरेका कुराहरलाई साधारणीकरण गर्दै आफ्ना भावहरु प्रस्तुत गरेका सेरहरुः

हिउँद जस्तो बर्खा हुन्न भन्थे बूढापाकाहरु
आफू जस्तो अर्का हुन्न भन्थे बूढापाकाहरु
कति दिन हेर्छौ तिमी गाई भैँसी यहाँ
सधै गोठ खर्का हुन्न भन्थे बूढापाखाहरु
भन्नलाई जे भने नि हुँदो रहेछ यहँ ऐले
गफाडिलाई टार्का हुन्न भन्थे बूढापाकाहरु
गरिवले च्यापेपछि भल बनी बगि जाने
पसिनो धर्का हुनन भन्थे बूढापाकाहरु
(पृष्ठ ५)

गरिव निमुखा मानिसहरुले भोग्नु परेका पीडा र चिन्ताहरु साथै धनीले गरिवमाथि अन्याय, अत्यचार, शोषण, दमन थगरि बाध्य भएर बेबारीसे लाश जस्तै परदेशी भएर जीवन विताउनु परेका भाव व्यक्त भएका सेरहरुः

घरको छानो फोटर चुँदैछ
सम्झि घर भित्रि मन रुँदैछ।
कसले देख्ने यो मन रोएको
आफन्त मन विरही हुँदैछ
भारी बोकी ऋण तिर्न गाह्रो भो
बल उमेर साहुले धुँदैछ।
बाध्यतामा परदेशी भएर
बेबावरीसे लाश त्यसै कुँदैछ।
(पृष्ठ ६)

जन्म दिने संसार देखाउने हुकाउने बढाउने र असल नागरिक बनाउने माया गर्ने आमालाई सदा सर्वदा मातृस्नेह गर्नु हाम्रो परम धर्म हो र कर्तव्य हो भन्ने भाव इक्त भएका सेरहरुः-

पहिलो गाँस भातको सितो खुवाउने आमा नै हो
साँच्चै पो त आकाश धर्ती देखाउने आमा नै हो ।
बालपनलाई हुँकाउन हरेक कष्ट सहेर त
फोहोर मैला बसै सबै नुहाउने आमा नै हो ।
जतिसुकै बढे पनि हामी साँच्चै सानै थियौ
ताते गरी यस धर्तीमा टेकाउने अमा नै हो ।
जस्तो भए जे भएनि मातृस्नेह पक्का हुन्छ
ठेस लागि लड्या बेला उठाउने आमा नै हो ।

(पृष्ठ २३)

५.६.७ राजनीतिसम्बन्धी भाव

गजलकार याम थुलुङले नेपालको अस्थिर राजनीतिक वातावरणको विषयबस्तु बनाई राजनैतिक अस्वास्थ्यता र अवसरवादी चरित्र आदिलाई समेटेदै देशमा राजनीतिक परिवर्तन भएपनि नेपाली जनताले भोग्नु परेका आङ्तक दुख पीडा साथै कानूनी राज्य मानव अधिकारको प्रत्याभूति गर्न नसकेका गुनासाहरु व्यक्त भएका सेरहरु यस प्रकार छन्:

बीच जंगलतिरै गाडी रोक्दै जान्छ आजभोलि
नमाने त गोली सम्म ठोक्दे  जान्छ आजभोलि
कहाँदेखि चढ्छन् कुन्नि गाडीभित्र यस्ताहरु
जबरजस्ती पैसा सामान बोक्दै जान्छ आज भोलि
किन जलाउँछ पूरै गाडी कि त तोडगफोड गर्छ गर्छ ।
केही नगरे नि चन्दा तोक्दै जान्छ आज भोलि
बोल्न केही पाउँदैन बीचमा बोल्न खोज पनि
ज्यानै लिन्छु तेरो भनी खोक्दै जान्छ आज भोलि
एक ठाउँको विनास गरेपछि अर्को गर्नलाई
पूँजीपति धनीको नाउ घोक्दै जान्छ आज भोलि

(पृष्ठ १९)

## ५.७ अरक्षित यात्रा गजल सङ्ग्रहको विवेचनम

याम थुलुङ (राई) भूटान जन्मेर कर्मथलोको रुपमा बध्यता स्वरुप शरणार्थी जीवन बिताउँदै नेपाली साहित्य फाँटबाट उदायमान आकार भई नेपाली साहित्यमा एउटा विशिष्ट पहिचान बनाउन अघि बढ्दै गएको गजलकार थुलुङको दोस्रो गजल सङ्ग्रहको रुपमा प्रकाशित यो पुस्तकाकार गजल वि.सं. २०६२ मा प्रकाशित कृति हो । यस संग्रहमा जम्मा ४९ ओटा गजलहरु रहेका पाइन्छन् ।

यस गजलमा गजलकारले हास परिहासदेखि लिएर नेपाली मूल भएर पनि वाध्यतावश भूटानी शरणार्थी भएर कष्टपूर्ण जीवन भोग्नु परेका आत्मकथा तथा भावहरु गजल विधामा व्यक्त गरेका छन् । उनका यस गजललाई शीर्षक साथै संरचनागतबाट रुपबाट आउने काफिया, रदिफ तखल्लुस आदिका आधारमा तालिकागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

| क.सं. | गजल क्रम | पृष्ठ | सेर सख्या | काफिया | रदिफ | तखल्लुस |
|---|---|---|---|---|---|---|
| १ | पहिलो | १ | ६ | √ | √ | × |
| २ | दोस्रो | २ | ४ | √ | √ | √ |
| ३ | तेस्रो | ३ | ५ | √ | √ | |
| ४ | चौथो | ४ | ४ | √ | √ | |
| ५ | पााचौ | ५ | ४ | √ | √ | |
| ६ | छैटौं | ६ | ४ | √ | √ | |
| ७ | सातौं | ७ | ४ | √ | √ | |
| ८ | आठौं | ८ | ४ | √ | √ | |
| ९ | नवौं | ९ | ५ | √ | √ | |
| १० | दशौं | १० | ४ | √ | √ | √ |
| ११ | एघारौं | ११ | ५ | √ | √ | |
| १२ | बाह्रौं | १२ | ४ | √ | √ | |
| १३ | तेह्रौ | १३ | ४ | √ | √ | |
| १४ | चौधौं | १४ | ५ | √ | √ | |
| १५ | पन्ध्रौं | १५ | ५ | √ | √ | |
| १६ | सोह्रो | १६ | ४ | √ | √ | |
| १७ | सत्रौं | १७ | ५ | √ | √ | |
| १८ | अठारौं | १८ | ४ | √ | √ | |
| १९ | उनाइसौं | १९ | ४ | √ | √ | |
| २० | बीसौ | २० | ४ | √ | √ | |
| २१ | एकाइसौं | २१ | ५ | √ | √ | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | बाइसौं | २२ | ५ | √ | √ | |
| २३ | तेइसौं | २३ | ४ | √ | √ | |
| २४ | चौविसौं | २४ | ५ | √ | √ | |
| २५ | पचिसौं | २५ | ४ | √ | √ | |
| २६ | छविसौं | २६ | ५ | √ | √ | |
| २७ | सताइसौं | २७ | ४ | √ | √ | |
| २८ | अठाइसों | २८ | ४ | √ | √ | |
| २९ | उन्नीसौं | २९ | ५ | √ | √ | √ |
| ३० | तीसौं | ३० | ५ | √ | √ | |
| ३१ | एक्तीसौं | ३१ | ४ | √ | √ | |
| ३२ | बत्तीसौं | ३२ | ४ | √ | √ | |
| ३३ | तेत्तीसों | ३३ | ४ | √ | √ | |
| ३४ | चौतीसौं | ३४ | ४ | √ | √ | |
| ३५ | पैतीसौं | ३५ | ५ | √ | √ | |
| ३६ | छतीसों | ३६ | ४ | √ | √ | |
| ३७ | सैतीसौं | ३७ | ६ | √ | √ | |
| ३८ | अठ्तीसों | ३८ | ४ | √ | √ | |
| ३९ | उन्नतीसौं | ३९ | ४ | √ | √ | |
| ४० | चालीसौं | ४० | ७ | √ | √ | |
| ४१ | एकचालीसौं | ४१ | ६ | √ | √ | |
| ४२ | बयालीसौं | ४२ | ४ | √ | √ | |
| ४३ | त्रिचालीसौं | ४३ | ४ | √ | √ | |
| ४४ | चवालीसों | ४४ | ५ | √ | √ | |
| ४५ | पैतालीसौं | ४५ | ५ | √ | √ | |
| ४६ | छयालीसों | ४६ | ४ | √ | √ | |
| ४७ | सतचालीसौं | ४७ | ५ | √ | √ | |
| ४८ | अठचालीसौं | ४८ | ५ | √ | √ | |
| ४९ | उन्नचालीसौं | ४९ | ५ | √ | √ | |

### ५.७.१ अरक्षित यात्रा गजलसङ्ग्रहमा उपयुक्त गजलको संरचना

गजल एउटा निश्चित विधान अन्तर्गत रहेर रचना गरिने काव्यको एउटा महत्वपूर्ण दीर्घ विधा हो । अर्थात् गजलको स्वभाव, स्वरुप र स्वाद विभिन्न निजी संरचक एंव घटकहरुको संरचनाबाट निर्माण हुन्छ । गजलका आवश्यक सेर काफिया, रदिफ, तखल्लुस,

बहर र भाव आदि संरचनात्म तत्वको उपस्थितिले पूर्णत प्रदान गर्दछ । गजलमा सेरको सङ्ख्या यति हुनुपर्छ भन्ने मान्यता विद्धानहरु विच एकमत पाइदैन । शास्त्रीय मान्यता अनुसार गजलमा कम्तिमा पनि पाँच सेर हुनुपर्छ भन्ने भनाई पाइन्छ । कतिपय फारसी र उर्दू गजलकारहरुले नै चार सेरका गजलहरु पनि रचना गरेको देखिन्छ ।

याम थुलुङका अरक्षित यात्रा गजल सङ्ग्रहमा सङ्गहित गजलहरुमध्ये ४ देखि ६ सेर सम्मको संरचना भएको पाइनछ । संरचनागत रुपमा चरा सेर भएका, तीस, पाँच सेर भएका सोह्र, गजलहरु छन्, भने ६ सेर भएका तीस ओटा गजलहरु छन् ।

५.७.२ मतला

गजलकार याम थुलुङका यस गजल सङ्ग्रहमा मतलाको प्रयोग एक भन्दा बढी सेरहरु पाइँदैन साथै काफिया र रदिफको प्रयोग सन्तुलित रुपमा प्रयोग भएको पाइन्छ । जस्तै ।

भलबाढी बढि जाने खोला रहेछ जीवन
धर्मकर्म पाप बोक्ने झोल रहेछ जीवन
आसुँ हाँसो दुख बीच सधैं चलिरहेछ
समयलाई बुझ्दा घडी पोला रहेछ जीवन
(पृष्ठ १६)

उपयुक्त दुई सेरहरुमध्ये पहिलो सेर मतला हो यसमा खोला, झोला जस्ता काफियाको प्रयोग भएको छ र रहेछ जीवन, रहेछ जीवन शब्द तथा पदावली दोहोरिएका छन् । यसलाई रदिफ भनिन्छ । यसरी गजलको शिर वा मतला भागदेखि नै गजलमा एकरुपता ल्याउन अनिवार्य तत्व काफिया को प्रयोग गरिन्छ । काफियाको शुद्ध र समुचित प्रयोगले ने गजललाई जीवन्त बनाएको हुन्छ । थुलुङका धेरै जसो गजलहरुमा मतला भागदेखि नै काफियाको शुद्ध र समुचित प्रयोग भएकै पाइन्छ ।

५.७.३ मध्य भाग (शायरी)

गजलकार थुलुङको यस संग्रहमा मध्यभाग (सायरी) चार देखि छ सेर सम्मको संरचना पाइन्छ । उनको यस सङ्ग्रहमा ४९ वटा गजलहरु छन् । त्यसमध्ये ४ सेर भएका ३० वटा ५ सेर भएका १६ र ६ सेर भएका ३ वटा गजलहरु रहेका छन् ।

चार सेर भएका उदाहरण

महामारी काल रात्री मौलो हुकिँदै छ ।
कोत पर्व मकै पर्व पौल हुकिँदै छ ।
एकले अर्को समूहलाई दवाउने जोड
अशान्तिले देश डुब्ने खौलो हुकिन्दै छ ।
हिजो आज दिनानु दिन मानिस भोकै हुन्छ ।
गरिब मरे धनिकोमा जौलो हुकिन्दै छ ।
अनौठो रोग लाग्यो मानसिक चिन्ता सँगै
जोखानामा ढोल ढ्याग्रो कौलो हुकिन्दै छ ।
(पृष्ठ १६)

पाँच सेर भएका उदाहरण:

मिर्मिरे मै शान्ति हाँस्दै झऱ्यो आँगनीमा
विहानसँगै घामको झुल्को पऱ्यो आँगनीमा
शान्तिलाई विरोध गर्थे अशान्तिले सधैं
इर्ष्यालु ती विचारहरु मऱ्यो आँगनीमा
संघर्ष गरेर नै बल्ल तल्ल अचेल
दुख सबै अलि पर सऱ्यो आँगनीमा
खुसि छर्दै चाड बाडमा रमाइलो गर्न
यत्रतत्र हाँसो खुसी भऱ्यो आँगनीमा
घरछिमेकी दाजु भाई सबै भेला भई
झिलिमिली देउसी भैलो गऱ्यो आँगनीमा ।
(पृष्ठ १९)

६ शेर भएका उदाहरण

तिम्रो साथ गजल लेखी आएँ फेरि आज
गजलसँगै अटुट नाता लाएँ फेरि आज
गाउँ बेसी तराइ-पहाड धाएर नै मैले
गजललाई जीवनमा गाएँ फरि आज
नेपाली साहित्यमा गजल मौली आएको छ ।
गजलबाटै भेट गर्न पाएँ फेरि आज
साहित्यको खेती गर्ने रहर गरी यहाँ
असार मासको हिलो माटो साँए फेरि आज
सबै मिलि बास बस्ने रमाइलो यो घर
बर्षा हुँदा चुहिन्छ भनी धाएँ फेरि आज
ठीक बेठीक सत्य कुरा पढि छुट्याई देउ
पाठक सामु भन्दै मुख बाएँ फेरि आज
(पृष्ठ १)

माथि दिएका उदाहरणहरुमा ४ सेर भएका गजलमा दोस्रो, तेस्रो, पाँचौ सेरमा दोस्रो, तेस्रो र चौंथो र ६ सेरका गजलमा दोस्रो, तेस्रो, चौथो र पाँचौ मध्यभाग अन्तर्गत पर्दछन् । यसरी उनका गजलका मतला भागको मिसरा ए-उलाले विषयबस्तुको उठान गर्ने र मिसरा ए सानीले त्यसको निरुपण वा पुष्टि गरेको छ । गजलका दुबै मिसराबीच अन्योन्याश्रित

सम्बन्ध छ । गजलको सेरहरुसँग अनिवार्य सम्बन्ध राख्ने अन्य उपकरणहरु काफिया, रदिफ र तखल्लुस प्रयोगको चर्चा मकता भागमा गरिनेछ भने थुलुङका गजलमा काफिया र रदिफको प्रयोगको चर्चा यहाँ गर्दछु ।

५.७.४ काफिया

काफिया गजलको आन्तरिक उपकरण हो । यहाँ थुलुङका गजलहरुमा पूर्ण र आंशिक काफिया (अनुप्रास) का आधारमा रही अध्ययन गरिएको छ ।

पूर्ण काफिया प्रयोग भएका सेर

अब जागौं जागौं जागौं साथी
बाटो लागौं लागौं साथी
(पृष्ठ ४४)

आंशिक सेर भएका गजल

परिश्रमले कमाउ धन बृद्धा भत्ताको आश नगर
थिम्पु पारो पुनारखामा कलकत्ताको आश नगर

माथि उदाहरणहरु मध्ये पहिलो गजलका मतला भागमा प्रयोग भएका “जागौं” र लागौं शब्दमा ‘ज’ वर्ण र ‘भ’ पछि ‘आगौ’ प्रत्यय शब्दको आवृत्ति भएकाले पूर्ण काफिया (अनुप्रास) प्रयोग भएको छ भने दोस्रो गजलमा प्रयोग भएका ‘भत्ताको’ ‘कलकत्ताको’ मा भ र क वर्ण पछि क्रमश ‘ताको’ ‘लकताको’ शब्द आएकाले आंशिक काफियाकाले प्रयोग भएको छ । यसरी उनका यस गजल सङ्ग्रहमा पूर्ण र आंशिक अनुप्रासको प्रायेग प्रयाप्त मात्रामा भएको पाइन्छ ।

५.७.५ रदिफ

रदिफको परिभाषा अगाडि नै गरिसकिएकाले यहाँ थुलुङका यस गजल सङ्ग्रहमा रदिफको प्रयोग सम्बन्धी विवेचना गरिएको छ ।

याम थुलुङ्ले रदिफलाई पनि काफिया सरह मान्यता गरेकाले उनका यस गजल सङ्ग्रहको धेरैजसो गजलहरुमा रदिफको सफल प्रयोग पाइन्छ । उनका केही गजलमा एउटा मात्र अक्षर रदिफ कुनै गजलका आधा भन्दा धेरै पंक्ति नै रदिफको रुपमा आएर पाठक वर्गका मन छुन सक्षम भएका छन् । केही गजलमा रदिफ नै छैन वा काफियालाई नै रदिफ मानेको पाइन्छ । एक अक्षरमात्र रदिफका सेरहरु :

गाउँ बस्तिमै हुर्के बढें गाउँ बस्तिमै रमाउँदै छु
खेती गर्ने रहरमा हलो कुटो समाउँदै छु

मैले लेखें गीतहरु लेखिरहें गजल पनि
आज पनि गजल देखी तिम्रो हातमा थमाउँदै छु

उमेर छँदा घुमिए छ अहिले बुढो भै'यो क्यार
बल्ल तल्ल बुद्धि खुल्यो सानो डेरा जमाउँदै छु

पहाडमा बस्यो हजूर लिसो पासो थाप्यो हजुर
पहिला धेरै पाप गरें अहिले धर्म कमाउँदै छु
(पृष्ठ ३३)

व्यस्तै थुलुङका धेरै जसो गजलहरुमा एक शब्द देखि ६ शब्द सम्मका रदिफको प्रयोग भएको पाइन्छ । जुन शास्त्रीय दृष्टिले पनि उचित मानिन्छ । अर्थात उनका कुनै-कुनै गजलमा मिसरा ए सानीमा आधा भन्दा धेरै पंक्तिमा रदिफको प्रयोग पाइन्छ । जसले गजल गायनमा श्रुतिमधुरता थपेको पाइन्छ । जस्तै एक शब्द मात्र रदिफ भएको गजल :

जीवन खोल झैं बस्त्र फेरें मैले
आफ्नै मुटुलाई भित्रि बेरें मैले

रहेछ जीवन झरि जाने फूल
झरेको फूल नै टिपी हेरें मैले

मूर्ति जस्तो ढलेको शरीरलाई
सुरक्षित राख्न अनि घेरें मैले

भूलेर पहिला हतारिन्दै ऐले
सोधाइहरुमा 'याम' खेरें मैले
(पृष्ठ १८)

त्यस्तै आधा भन्दा धेरै रदिफ प्रयोग भएका गजलहरु :

साना भुप्राहरु गन्दै बस्नु भन्दा अलि अघि बड्नु निको
भिखारी यहाँ बन्दै बस्नु भन्दा अलि अघि बड्नु निको

निष्पट अस्तित्वसँग सिंगौरी खेल्ने आफ्नो सपनाहरुले
लाश गाड्ने खाल्डो खन्दै बस्नु भन्दा अलि अघि बड्नु निको

देश विदेशमा विलौना गर्दै गाँस-बासको आसा पछारी
सहयोग गर भन्दै बस्नु भन्दा अलि अघि बड्नु निको

बोली चालीमा मात्र आफ्नो देशमा अधिकार लिन्छु भन्दै
यसो-उसो गरी कन्दै बस्नु भन्दा अलि अघि बड्नु निको
(पृष्ठ ४६)

रदिफ प्रयोग नभएका वा काफिया नै रदिफ मानेका गजलका केही सेरहरु :

आँसु तप्प तप्प चुन्छ

अलि पर पर हुन्छ

हाल मुख मिलाएर
आँखा चिम पारी छुन्छ

अर्कालाई सम्झाउने
आज अफै आफै रुन्छ

वाध्यतामा परेर नै
साथी पुर्ने खाल्डो खन्छ
(पृष्ठ ३६)

५.७.६ मकता वा अन्तिम सेर

गजलको मकता उपकरणको परिभाषा पेज नं. ७६ र ७७ मा गरिएकाले यहाँ थुलुङका 'अरक्षित यात्रा' गजल सङ्ग्रहमा मकता वा अन्तिम सेरको प्रयोग बारे चर्चा गरिएको छ । गजलकार थुलुङले प्रायः केही मकतामा व्यक्तिगत कुरा सँगसँगै लाक्षणिक अर्थ दिनेगरी वा अभिदा रुपमा पनि अर्थ बोक्ने सेरहरु रचना गरेको पाइन्छ । थुलुङका गजलमा आएको एउटा सेर उदाहरणको रुपमा हेरौं :

पत्र कोर्दै सपनीमा मध्यरात झस्की
गाउँ घर बजाएको ऐले याद आयो (पृ. ५५)

यहाँ थुलुङले श्रृङ्गारिक भावबाट देखावटी प्रेम गर्ने मानिसप्रति व्याङ्ग्य गर्दै गाउँ घरमा समाजसेवा गर्ने व्यक्ति हुँ भन्दै अगुवाई गर्दै हिड्ने मानिसले आफ्नो निज स्वार्थमा लिप्त भएको विचार अगाडि सादै समसामयिक परिवेशमा सामाजिक, आर्थिक, विकृति प्रति मुख्य विषय बनाएर गजल रचना गरेका छन् ।

५.७.७ तखल्लुस

तखल्लुस गजलकारहरुले गजलको अन्तिम सेरहरुमा आफ्नो उपनाम प्रयोग गर्ने शब्द हो । यस गजल सङ्ग्रहमा थुलुङले केही गजलहरुमा मात्र तखल्लुसको प्रयोग गरेको पाइन्छ । जस्तै :

हावासँगै बगिरहने म त याम हैन

नखोज है दाह्री जुँगा राईको कहाँ छ र

(पृष्ठ १०)

भूलेर पहिला हतारिन्दै ऐले

सोधाइहरुमा याम खेरैं मैले

(पृष्ठ १८)

मोज मस्ति र दूराचारी बढेका छन् यहाँ

समाजको कुप्रथा याम ले भन्छ हुनु हुनु हुन्न

(पृष्ठ २९)

पीर खपी बस्दैनन् है त्यसै अब याम

बोझ भयो पहाडले थिचिएर यहाँ

(पृष्ठ ३७)

प्रस्तुत नमूना थुलुङका यस गजल सङ्ग्रमा भएका प्रयुक्त नमूना हो । उनका यस सङ्ग्रहमा ४९ ओटा गजलहरु मध्ये ४ ओटा गजलमा मात्र तखल्लुसको प्रयोग भएको पाइन्छ । थुलुङको अरक्षित यात्रा गजल सङ्ग्रहमा संरचनागत रुपमा हेर्दा यस सङ्ग्रहमा अनिवार्य तत्वहरुको रुपमा प्रयोग हुने तत्वहरु सही रुपमा प्रयोग भएको पाइन्छ । उनका सबै गजलहरुमा आवश्यक मात्रमा पूर्ण एवम् आंशिक काफिया रदिफ र तखल्लुसको प्रयोग गरेको पाइन्छ । यसरी हेर्दा उनका गजलहरु संरचनागत कसीबाट अत्यन्त सफल देखिनछ ।

## ५.८ अरक्षित यात्रा गजल सङ्ग्रहमा भाव तत्व

भाव गजलको आन्तरिक पक्ष हो । यो हृदय पक्षसँग सम्बन्धित हुन्छ । विषय छनौट श्रृङ्गारिक तरिकाबाट सुरु भएर विभिन्न विषयवस्तुको उठान गरी त्यही विषयवस्तु परक ढङ्गले गजलमा कुनै पनि भाव रहन सक्छ । कोमल र प्रभावकारी भाव अभिव्यञ्जन यसैको अर्को आवश्यक पक्ष हो । यसमा निहित सरलता मार्मिकता भाव सधनता गहिरो तर अतिरिक्त बैचारिक उद्बोधन गेयात्मक लेखन नितान्त वैयाक्तिक अनुभूति र अभिव्यक्तिको सार्वजनिकताले गर्दा नै यो लोकप्रिय भएको हो । ६१ याम थुलुङका विभिन्न भावका गजलहरुलाई निम्न बमोजिम बुँदागत रुपमा अध्ययन गर्न सकिनछ ।

### ५.८.१ श्रृङ्गारिक भाव

प्राथमिक नेपाली गजल विधाको प्रारम्भ श्रृङ्गारिक भावबाट सुरुवात भएको हो । यस धाराका प्रवर्त्तक कवि मोतिराम भट्ट हुन् । उनका गजलहरुमा श्रृङ्गारिक भावका संयोग

प्रणय र विप्रलम्भव प्रणयले अभिव्यक्ति भएका पाइन्छ । यसरी नै थुलुङका गजलहरुमा श्रृङ्गारिक भाव प्रस्तुत भएका पाइन्छ । तर ती गजलहरु शिष्ट र श्लील श्रृङ्गारका परिधिमै रहेर रचना गरेका छन् ।

विप्रलम्भ श्रृङ्गार भाव प्रस्तुत भएको गजल

फड्के साँधु तर्न सकिन्न
तिम्रो सामु पर्न सकिन्न
तिम्रो त्यसै त्यसै बस
धेरै माया गर्न सकिन्न
समयको चित्रकार हुँ
मैले रङ्ग भर्न सकिन्न
कालो बादल बीचदेखि
बर्षाबनी झर्न सकिन
(पृष्ठ ५९)

त्यस्तै प्रेमिकासँगको वियोगको पिडाले प्रेमी व्यथित हुन पुगेको र मिलनका लागि प्रस्तुत गरिएका सेरहरु:

किन किन तिम्रो छेउमा आउन मान लाग्यो
तिम्रो दिलको सुन्दर छानो छाउन मन लाग्यो
साझा विहान घाँस दाउरा मेलापात जाँदा
तिम्रै घरको बाटो भई धाउन मन लाग्यो
अजम्बरी हाम्रो माया बनाइ राख्नलाई
धड्कनमा पल-पल चलाउन मन लाग्यो
जून तारा साक्षी राखी देवी देउता भाकी
सधैं भरी तिमीलाई पाउन मन लाग्यो ।
(पृष्ठ ५४)

यसरी उनका यस गजल सङ्ग्रहमा श्रृङ्गारिक भावका संयोग र विप्रलम्भ दुबै भेदको कुशल भाव सम्प्रेशन गरिएको पाइन्छ ।

५.८.२ क्रान्तिकारी भाव

थुलुङका गजलहरु क्रान्तिकारी भावहरु पनि व्यक्त भएका पाइन्छ । उनका गजलमा जन्मभूमिको स्वतन्त्र, स्वाधीनता र सम्प्रभूताको निम्ति साथै सावभौमिकताको लागि राष्ट्र बचाउन सघर्ष गर्नुपर्छ भने भाव बोकेका सेरहरु

देशलाई बचाउन लड्नु परे लडौं
बरु हामी देशकै निम्ति मर्नु परे मरौं
कहिले पछि सर्ने छैन देशका बीर छोरा
बम बन्दुकमा गोली बारुद भर्नु परे भरौं

(पृष्ठ ४८)

यसरी नै देशमा निरङ्कुश शासन र भ्रष्टचार विरुद्ध मातृभूमिका वीर योद्धाहरुले क्रान्ति गर्नु अनि मात्र देशमा शान्तिको अनुभूति गर्न सकिन्छ भन्ने भाव प्रस्तुत भएका सेरहरुः

निरङ्कुश र भ्रष्टचार धुलो पारी फेक्न
बरु अहिल्यै विद्रोहमा सर्नु पर सरौं
अलिकति क्रान्ति गर्दा धेरै शान्ति आए
देशको निम्ति सघर्ष नै गर्नु परे गरौं

(पृष्ठ ४८)

त्यस्तै हक र अधिकारको कुरा गर्दा एकतन्त्रीय तथा निरङ्कुश शासकहरुको उनीहरुको टाउँको दुख्छ भने साथै गमेको सार्वभौमिकतालाई माग्दा शोषकहरुको टाउँको दुख्छ भने सच्चा देशभक्त योद्धाहरुले सार्वभौमिकता प्रति खुनको खोली बगाउन पनि पछि पर्दैनन् भन्ने भाव प्रस्तुत भएका सेरहरुः

अधिकारको कुरा गर्दा देश दुख्छ भने

विपद्मा पीडा  हेर्ने टोली बग्न सक्छ
मध्य राती सपनीमा आँसु चुहाएर
नारी तिम्रो भेषभुषा चोली बग्न सक्छ
एक तन्त्रीय विचारले थिचो गरे पछि
इच्छाहरु मलामसँगै डोली बन्न सक्छ
माग्दा पाए आफ्नो पन आरम बसी खाउ
नत्र लड्दा लड्दै खुनको खोली बग्न सक्छ

(पृष्ठ ५३)

५.८.३ साहित्य सम्बन्धी भाव

याम थुलुङले नेपाली साहित्यमा छुट्टै पहिचान दिने गजल विधालाई आत्मसाथ गरी गजलको माध्यबाट नेपाली साहित्यलाई उज्ज्वल पार्न पुन पाठक वर्ग सामु उपस्थित भई नेपाली साहित्यमा गजल विधा गाउँ, बेसी, तराई, पहाड तथा बस्ती बस्तीमा मौलिन सकियोस् भनी शुभकामना व्यक्त गरेका सेरहरुः

तिम्रो साथ गजल लेखी आउँ फेरिल आज
गजलसँगै अटुट नाता लाएँ फेरि आज
गाउँ बेसी तराई पहाड धाएर नै मैले
गजललाई जीवनमा गाँए फेरि आज
नेपाली साहित्यमा गजल मौली आएको छ
गजलबाटै भेट गर्न पाएँ फेरि आज
साहित्यको खेती गर्ने रमाइलो यो घर
असार मासको हिलो माटो साँए फेरि आउ

(पृष्ठ १)

५.८.४ राष्ट्रियतासम्बन्धी भाव

थुलुङका यस गजल सङ्ग्रहमा शरणार्थी जीवनमा भोग्नु परेका पीडाहरुलाई राष्ट्रिय भावमा व्यक्त गरी अर्काको साहारामा जीवन गुजार्दै भुटानीहरुको जीवनमा बास नपाएको बटुवा जस्तै अलपत्र भएर बाँच्नु पर्ने बाध्यताहरु साथै माउ विनाको बच्चा भएर जीवन गुजार्नु पर्ने भाव व्यक्त भएका सेरहरुः

बटुवाको बास बस्ने ठाउँ कहाँ छ
आधा बाटो साँझ्रा पऱ्यो गाउँ कहाँ छ ।
बगरको चीसो हावा रात काट्दै साह्रो
तारी देउन माझी दाइ नाउँ कहाँ छ
कर्मको खेल हो कि शत्रुताको झेल
बाच्छु त्यसै माथि पुगी सक्यो अर्काको ऋण
धेरै माथि पुगी सक्यो अर्काको ऋण
व्याजै तिर्न पनि गाह्रो साउँ कहाँ छ ।
(पृष्ठ १२)

त्यस्तै राष्ट्रियता अस्तित्व र स्वाभिमानको लागि व्यक्त भएका सेरहरुः

ए ! साथी तिम्रो जिउमा भेष छ कि छैन
यसो बसी गफ गर्ने देश छ कि छैन ।
(पृष्ठ ३०)

उनका गजलमा आफ्नो पुरानो सम्बन्धलाई उजागर गर्दै हाँसोको दुखाइभित्र पिल्सिएर पुरानै घाउलाई आनन्दको अनुभूति लिँदै नेपाली मातृभूमि प्रति व्यक्त भएका सेरहरुः

समयको चित्रकार हुँ
मैले रङ्ग भर्न सकिन
कालो बादल बीच देखि
बर्षाबनी झर्न सकिन
(पृष्ठ ५१)

५.८.५ व्यङ्ग्य भाव

देशमा बढ्दै गएको राजनैतिक सामाजिक आर्थिक साँस्कृतिक विकृति विसङ्गति प्रति अति चासो राख्दै याम थुलुङले व्यङ्ग्य प्रहार गरेका छन् । समाजमा ठूलावडाले समाज सेवाका नाममा व्यक्तिगत स्वार्थमा मात्र तलिन रहेका व्यक्तिमा व्यङ्ग्य प्रहार गर्न पुग्छन् ।

अर्कालाई निस्तो बसाएर छाक
आफू मात्र पेट भर्दै हिड्छौ किन
(पृष्ठ ४२)

आज भोलि मानिसहरु दिनानुदिन । आफ्नै स्वाभिमानलाई विर्सि तथा जन्मेको ठाउँलाई छोडी सहर पस्ने स्वार्थी व्यक्तिहरु माथि गजलकार व्यङ्ग्य प्रहार गर्न पुग्छन् ।

सेर

गाउँलाई भूलि हिजो आज शहर तिर पुग्छन् ।
पूर्ख्यौली ठाउँ भूल्न हुन्न जन्म दिने गाउँ दुख्छ
(पृष्ठ ५२)

त्यस्तै राजनैतिक अस्थिरताले गर्दा, विभिन्न पार्टीका नामबाट बन्द र हड्ताले सेवा ग्राही माथि प्रभाव हुँदा व्यापारीलाई मात्र फाइदा पुगेको यस्ता राजनैतिक विकृति प्रति व्यङ्ग्य प्रहार गरेका सेरहरुः

शहर बन्द बजार बन्द जतातते बन्द भयो
दिनानु दिन बन्द भैले व्यापारीको मात्र भाउँ दुख्छ ।
(पृष्ठ ५२)

आजभोलि आधुनिकताको नाममा युवा युवतीमा फेसनले ल्याएको विकृतिप्रति व्यङ्ग्य प्रहार गरिका सेरहरुः

गाई चराउने चरण पनि हिजो आज शहर भयो
धोती बान्ने कन्धनीलाई फेसन ल्याउने रहर भयो ।
इज्जत बर्बाद पार्नलाई भित्ती हजुर न भै देऊ
तिम्रो चटक हेर्नेलाई मान्छेहरुको लहर भयो ।
हाइड्रोजन र कानमा कुण्डल लुगा जुत्ता भाडामा छ
रातदिन मस्कि हिड्दा हिड्दै साँझको यो पहर भयो
हिजो भन्दा आज धेरै नयाँ नयाँ फेसन अयो
फेसनको होडढ बाजीमा नाङ्नी सक्ने ठहर भयो
(पृष्ठ ३५)

यसरी गजलकार थुलुङको गजलमा सामाजिक आीर्थक राजनीतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गति प्रति विद्रोही भावको व्यङ्ग्य प्रहार व्यक्त गरेको पाइन्छ ।

५.८.६ समसामयिक भाव सम्बन्धी

नेपालमा दश बर्षे जनयुद्ध लाई उठान गरी शाीन्तको देश भनी चिनिने राष्ट्र द्वन्द्वमा फसी बुद्धको देश आज हत्या र हिंसामा बदलिँदा विदेशीले आज नेपाललाई विद्रोहीको देशको रुपमा चिन्ने गर्दछ भनी व्यक्त भएका सेरहरुः

पूर्व मेची दुखी रुदा पशि्चमकाली सुकिदिन्छ
हत्या हिंशा कोलाहलले सगरमाथा झुकिदिन्छ
दाङ मनाङ खोटाङतिर विस्तारित हुन पर्दा
शान्ति खोज्ने बाबु छोरा यात्रा बिचै लुकिदिन्छ
रोल्पा डोल्पासँगै अछाम अचानोमा परेपछि
इलाम झापा हल्ला आयो कोशी त्यसै चुकिदिन्छ ।
आफ्नै सन्तान गैडा ढुडी मरी दिने कस्तो चलन
नेपालीको चलन देख्दा विदेशले थुकिदिन्छ
बुद्धको देश शान्ति नेपाल सबैले नै भन्ने गर्थे

अझै पनि यस्तै रहे शान्ति सबै फुलिदिन्छ ।
(पृष्ठ ३२)

## ५.९ दोभान संयुक्त कविता सङ्ग्रहमा सङ्ग्रहित कविताको अध्ययन र विश्लेषण

१३ ओटा कविताको संगालोको रुपमा आएको दोभान कविता सङ्ग्रह भित्रका कविताहरुको क्रमश अध्ययन तथा विश्लेषण गर्दै यहाँ प्रकाशन गरिएको छ ।

जीवन घडी

साहित्यकार याम थुलुङको 'जीनघडी' कवितामा असमान पंक्तिका ६ वटा श्लोकमा रचना गरिएको प्रतीकात्मक गद्य कविता कविता हो । यस कवितामा कविले समय प्रवल गतिशील महत्वपूर्ण हुन्छ भनी समयलाई मुख्य विषयवस्तु बनाइएको पाइन्छ । समय मानिसभन्दा प्रवल भएकोले यसलाई सही रुपमा प्रयोग गर्नुपर्छ भन्ने आशय लुकेको पाइन्छ । तसर्थ कविको विचारमा समयलाई मानिसले फर्काउन नै सक्छ न रोक्न नै सक्छ त्यसैले मानव जीवन घडीको चालमा सार अल्झेर डोर्‍याईरहेको साथै जीवनको एक अंश बोकी आफ्ना यात्रामा नरोकिकन निरन्तर घुमिरहेको आशय प्रकट यसरी गर्नु हुन्छ ।

हेर्दा ती काँटा न हो
तर काँटाले जीवन डोर्‍याई रहेछ
घडीको चालमा सार अल्झेको छ ।
(पृष्ठ १)

कविका विचारमा हामीले कुनै पनि काम भोलि गर्दा वा थाँती राखेर काम गर्ने हाम्रो परम्परामाथि पनि व्यङ्ग्य गरेका छन् । भोलिको पखाईले बसेर विद्यमान सारा योजनाहरु पर सार्दै गएको छन् भोलिको कुराइमा झूली रहेर उमेर ढल्की सकेको छ भनी आफ्ना भाव यसरी व्यक्त गर्न पुग्छन् !

भन्छौं पक्का सबै काम भोलि गर्छु सारा
तर भोलि कहाँ ? र कहिले आउँछ
यसरी भोलि भन्दा भन्दै दिनहरु वित्दैछ
वितेका दिनहरु ती कसले रोकेर फर्काउन सक्छ
फेरि पर्खन्छन् आउँदो समयहरु
ती क्षणिक समयको कुराईमा
अझै कति दिन भुलि रहेन
अब त आधा उमेमर ढल्की सकेछ
(पृष्ठ १)

यसरी कविले हाम्रो संस्कृति र सामाजिक व्यवहारमाथि पनि खरो व्यङ्ग्य गर्दै समय गतिशील भएकोले समयले मानिसहरुलाई पर्खेर बस्न न रोक्न नै र समय सधैं आफ्नो गतिमा हिडिरहेको हुन्छ । समय मूल्यवान र महत्वपूर्ण भएकोले यसलाई खेर जान दिनु हुँदैन । समयसँगै मानिसको जीवन चलेको छ भन्दै कविले आफ्नो भाव प्रकट गरेका छन् ।

‘विडम्बना’

कवि थुलुङद्वारा रचित यस कवितामा प्राकृतिक बस्तुलाई मुख्य विषय बनाइएको छ । कविको विचारमा यस कवितामा प्राकृतिक सुन्दरतालाई फूलले चोरी दिँदा कोपिला दङ पर्नु अनमोल सुन्दरताको मोल तिर्न खोज्दा पालुवाले सर्घष गरी दिनु भनी प्रकृतिको सन्दर्भ माथि स्वयंम् प्राकृतिक बस्तुबाट नै नष्ट गर्ने वस्तु उत्पन्न भएको भन्दै भूटानी नेपालीहरु आफ्नो देशमा स्वतन्त्रताका साथ बाँच्ने आफ्नो राष्ट्रलाई हराभरा बनाउने सपना बोकेको सयौं भूटानी नेपालीहरु शरणार्थी बन्नु परेका पीडाहरु भूटानी स्वयंम् निरङ्कुश सरकारबाट भएको हो भन्दै यस कवितामा  आफ्ना विचारहरु व्यक्त गरेका छन् ।

पानी हुँदाको  एक नानी पोखरी आज
खक्रक्क भएर सुकिसकेछ
हरियाली भनेर चिनिने ठाउँलाई अब
मरुभूमिमा परिणत हुन बाध्य भएछ
(पृष्ठ २)

कविले यस कवितामा तत्कालीन र वर्तमान समयमा आफ्नो मातृभूमिलाई हरियाली बनाउने आशाहरु प्रशस्त सपनाहरु हुँदाहुँदै ती सपनाहरुमा किरा लागेको महशुस गर्दै भूटानी नेपालीहरुमा राष्ट्रपतिको अगाध प्रेम आत्मिय र राष्ट्र निर्माणको लागि जोड जाँगर आँट र साहसहरु टुक्रिएको कारण निराश र पागलपनमा इच्छाहरु रुपान्तरण भएको आशय व्यक्त गरेको पाइन्छ । साथै यस कवितामा कविले कुनै समयमा नामी पोखरीको रुपमा चिनिएको भूटान देश खक्रक्क भएर सुकी सकेको र हरियाली सुन्दर भनि चिनिने देश मरुभूमिमा परिणत हुन पुगेको भनी भूटान सरकारको क्रुरर निरङ्कुश शासनले भूटानी नेपालीहरुलाई अन्याय अत्यचार शोषण गरेको र आफ्नो देश खोक्रो बनाई सकेको भाव यस कविता पाइन्छ । सरल सहज भाषाशैलीमा रचिएको यस कवितामा प्रकृतिका विभिन्न विम्व र प्रतिकहरुका माध्यबाट कथ्यलाई जीवन र गतिशिल तुल्याएको पाइन्छ ।

सुगन्ध

यस कवितामा चार पाउमा आवद्ध एक श्लोक भएको छ श्लोकमा संरचित कविता हो । कविले यस कवितामा फूलको मिठो सुवासलाई मुख्य विषय बनाएर क्रान्तिको रुपमा उभ्याई अन्ध्याँरा तथा असभ्य मानव समाजलाई आफूमा भएका मिठो बासनालाई चारैतिर फिजाएर उज्यालो पार्नु पर्छ भनी कविले कवितामा क्रान्तिकारी अभिव्यक्त भाव गरेका छन् ।

बेली चमेली तिमी फूल न हौ
चम्पाको बासना लिएर अब आऊ
कोपिला मात्र भएर हुँदैन तिमी

फूल भएर प्रकाशमा अब आऊँ
(पृष्ठ ३)

कविले समाजमा भएका विकृति र विसङ्गतिमाथि व्यङ्ग्य गर्दै परिवर्तनको आवाजहरु खरो रुपमा प्रस्तुत गर्दै हरियाली लालीगुराँस बनपाखामा ढक्कमक फल्दा वन जंगलको वातावरण रमझम र नयाँ परिवेशमा परिवर्तन भई नयाँ उमङ्ग जोस् जाँगर र उर्जा थप्ने गरी मानवमा भएका विकृतिका धारणाहरु धोइपखाल गरी स्वच्छ पवित्र आत्मको विकास गर्नु पर्छ भनि सुधार उन्मुख सन्देश व्यक्त गरेका छन् ।

सबैमा रमझम बनाउने हिम्मत छ तिम्रो
सबैमा काउकुती ल्याउने शक्ति छ तिम्रो
सबैमा हलचल ल्याउने रुप छ तिम्रो
सबैमा खलबल ल्याउने सुगन्ध छ तिम्रो
(पृष्ठ ३)

यसरी कविले यस कवितामा "सुगन्ध" लाई उर्जा स्फूर्ति हिम्मतको रुपमा प्रगतिशील क्रान्तिकारी र अन्यायलाई न्याय दिलाउने मार्गदर्शन महात्मको संकेत दिदैं निडर निभीर्क शक्तिशाली उज्यालो प्रकाश फिजाउँने परिवर्तनकारी दस्ताका रुपमा कविले चिनाउने काम गर्नु नै यस कविताको मूल आशय हो ।

भूटान हो मातृभूमि

'कवि याम थुलुङको 'भूटान हो मातृभूमि' शीर्षकको कवितामा सुन्दर आकर्षित हृदय स्पर्शी भूटानको प्रकृतिको गुणगान प्रस्तुत गरी राष्ट्रप्रेमको भाव गहन रुपमा प्रस्तुत गर्नु भएको छ । भूटान प्रकृतिका सुन्दर धरोहर मानिएका हिमालको हिउँ, पहाड, मैदान, भन्ज्याङ, देउराली, सुनकोश, खोला, सुन्तला, स्याउ र लालीगराँसको सौन्दर्यताले भूटानको प्राकृतिक सुन्दरतालाई महिमागान गर्दै भूटान देश हामी सबै जाति, भाषा, धर्म र साँस्कृतकि साझा पहिचान हो । तसर्थ हामी भूटानी जनता मिलिजुली हिमालको हिउँ झैं स्वच्छ आत्माले बसी देशको रक्षा हेरविचार र संबधोन गर्नु हामी सबै भूटानी जनताको परम कर्तव्य हो भन्दै देशभक्ति सन्देश दिनु नै यस कविताको मूल आशय हो ।

यसका साथै बहुजाति, बहुभाषिक, बहुधार्मिक र बहु साँस्कृतिकको एउटा साझा बगैंचा हो । जहाँ सयौं थरीका फूलहरु फूल्ने गर्दछन् । तसर्थ साझा बगैंचामा अनेकताको एकतामा बाँधिएको फूलको माला झैं एक आपसमा मिलि राष्ट्रको पीडा र दुःखमा सहभागी भई राष्ट्र निर्माणमा अघि बढ्औं अनि मात्र भूटान राष्ट्रले चिन्ने गर्दछ भनी कविले देशभक्ति भाव कविता मार्फत पुष्टि गर्नु हुन्छः

भूटान हो मातृभूमि भूटान हो देश

हामी सबै  मिलिजुली स्याहार्ने छौँ केश
हिमालको हिउँ झैं स्वच्छ हाम्रो देश
धेरै जाति बस्ने गर्छन् धेरै धर्म भेष
(पृष्ठ ४)

साथै कविको विचारमा जसरी भगवान् बुद्धले आफैं कठोर तपस्याबाट ज्ञान प्राप्त गर्न सफल भई सो ज्ञानलाई प्रचार प्रसार गर्न स्वयम् बुद्ध आफैं चेला भुलालाई उपदेश दिँदै हिँडेको स्मरण गराउँदै हामी भूटानी जनता पनि हाम्रो देशको स्वाभिमान र अस्तित्वलाई विश्व सामु चिनाउन साथै समुन्नत राष्ट्र बनाउनको लागि हामी भूटानी जनता विदेशमा गई आफ्नो पसिना बगाउने होइन आफ्नो स्वदेशमा नै हाम्रो पसिना बगाएर परिश्रम गरी तथा आफ्नो माटोमा खनी खोर्सी खेतबारीमा अलैंची फलाउँ भनि देशभक्तिपूर्ण भावनाले प्रेरित भई मार्मिक सन्देश गर्दै कविताले आफ्ना भावनाहरु कविताबाट व्यक्त गर्नु हुन्छः

भन्ज्याङ र देउरालीले परिचय दिन्छ
बुद्ध आफैं उपेश सुनाउँदै हिड्छ
खनी खोर्सी खेतबारी अलैंचली फलाउँ
आफ्नो देश भूटानलाई जय जय मनाउँ
(पृष्ठ ४)

यसरी कविले राष्ट्र उन्नतिको लागि तथा देशलाई खुसी पार्नका लागि आफ्नो देशमा बसेर पसिना बगाई समुन्नत राष्ट्र बनाउनु हाम्रो कर्तव्य हो । हामी सबै देशको भलो हुने काममा लाग्दा हामी मरेर गयौं भने पनि देश बाँचिरहन्छ भन्दै आफूमा रहेको राष्ट्रप्रेमको चेतनालाई प्रस्तुत गरेका छन् । राष्ट्रिय भक्तिभाव केन्द्रीय कथ्य रहेको यस कविताको सन्देश पनि एकजुट भएर राष्ट्रको भागि बफदारीका साथ लाग्नु पर्छ भन्ने नै देखिन्छ । लोकछन्दको पद्य ४ पक्तिको ५२ श्लोकको संरचनामा रचित यो कवितमा तत्सम, तद्भव र झर्रा नेपाली शब्दको प्रयोगले र सरल सरस भाषाशैलीले कविता श्रुतिमाधुर्य बन्न पुगेको छ ।

अणुबम

याम थुलुङद्वारा रचित 'अणुबम' शीर्षकको कविता तीन पङ्क्तिपुञ्जमा छयालीस पङ्क्तिमा लेखिएको गद्य कविता हो । यसको पहिलो पङ्क्तिमा दश पङ्क्ति तथा दोस्रोमा नौ र तेस्रोमा सताइस पङ्क्तिमा संरचित छ ।

प्रस्ततु कवितामा प्रगतिवादी क्रान्तिकारी भावहरु छताछुल्ल भएर पोखिएका छन् । कविले यस कवितमा विश्व नै व्यक्तिगत नीज स्वार्थमा चुर्लुम्म डुवेको दृश्य देख्दा विश्व सामु दुःखी हुनु पुगेका आवजहरु पोखेका पाइन्छ । तसर्थ आजको समाजको उदार गर्नु क्रान्तिको आवश्यकता छ । त्यसैले अणुबम निडर र निर्भीक भई पीडामा पिल्सिएका मानिसहरुको हक अधिकार सुनिश्चित गराई दिन क्रुर शासकहरुको खण्डर तोडी दिन

आउनु पर्छ अनि मात्र समाजमा व्याप्त अन्याय । अत्याचार, विकृति र विसङ्गति भागेर जान्छ भन्दै कविको विद्रोहात्मक आवाज खरो रुपमा प्रस्तुत भएको छ । साथै यस कवितामा शक्तिशाली राष्ट्रले कमजोर राष्ट्रमाथि गरेका अन्याय अत्याचार माथि पनि कविले व्यङ्ग्य गरेका छन् ।

सबै शक्तिशाली देशहरुलाई
एकै साथ, निमोठनामठ पारिदैं
तैले यो संसार उजाड पारिदे
संसार परिवर्तन यो हो । तँ त ।
(पृष्ठ ५)

यसरी क्रान्तिकारी भावहरु व्यक्त गर्दै अन्याय र अत्याचारको लागि नयाँ प्रगतिशाली विचार बोकी परिवर्तनको सवाहक बन्नु पर्छ अनि मात्र संसारमा गरिब दीन दुखीहरुको उज्यालो प्रकाश आउँछ तव मात्र समावेशी समाजको विकास, गर्न सकिन्छ र संसारमा नयाँ घाम उदाउँछ चन्द्रमा र ताराहरुले प्रकाश दिने गर्छ भनि कविले क्रान्तिकारी भाव खरो रुपमा प्रस्तुत गर्दै अणुबमलाई परिवर्तनको संवाहक हो भनी आफ्नो भावहरु प्रस्तुत गरेका छन् ।

आमाको सपना

आमाको ममता कवितामा असमान पङ्क्तिमा पाचँ श्लोकमा संरचित कविता हो । पहिलो, दोस्रो र चौथोमा चार, चार पङ्क्तिमा तेस्रो श्लोकमा ६ पङ्क्ति र पाँचौ श्लोमा पाँच पङ्क्तिमा रचित यो कविता पतीकात्मक कविता हो ।

यस कवितामा कविले जन्म दिने आमाले भोग्नु परेका पीडाहरु मुख्य विषयवस्तु बनाएका छन् । आमा भनेको समुन्द्र हो । त्यसैले आमाले भोग्नु परेका कारुणिक पीडाहरु माथि हामी संवेदनशील बन्नु पर्छ । हामी आमाको कोखबाट हुर्केका बढेका सन्तान हौं उहाँप्रति साहनूभूति प्रकट गर्नु हाम्रो मूल कर्तव्य हो । आमाको सुख र दुखमा सहभागी भई मलमपट्टी लगाई उदार गर्नु हाम्रो परम जिम्मेवारी हो भन्ने भाव यस कविताको पाइन्छ । जस्तै

यस्ता के के कुराहरुले बार हालेर
कसलाई कुरिरहेको तिमीले आमा ?
तिम्रो ती अँजुली भरी मायाको पोकाहरु
मेरो नयनले चोरिरहेछ आमा
तिम्रो मुटु भरिको माया स्नेहरु
मेरो हृदयमा अटाई सकेछु आमा
(पृष्ठ ७)

कवि बच्चा हुँदा आमालाई धेरै दुख कलङ्कहरु दिने गरेको तथा ती पीडाबाट आफू प्रायश्चित भई आमामाथि माफ माँगी सकेको र आमाको दुखको आँसुलाई हर्षित आँशुमा परिवर्तन गर्ने छु भनी कविले आफ्नो भावहरु व्यक्त गरेका छ्न । साथै आमाबाट आएका उपदेशात्मक ममतामय शब्दलाई शिरोधार्य गरे मेरो लक्ष्यमा कम्मर कसेर अगाडि बढ्ने छु भन्दै जन्म दिने अमाप्रति सहानुभूति श्रद्धा ब्यक्त यसरी  गर्छन् ।

दुखको आँशु गम्भीर खसाल्ने नयनले
हर्षित आँशु बर्षाउने छन् आमा
तिम्रो ममतमाय शब्दहरुलाई
शिरोधार्य गर्न कम्मर कसेको छु आमा
कम्मर कसेको छु ।
(पृष्ठ ७)

यसरी कविले जन्म दिने आमालाई सम्बोधन गरी आफ्ना विचारहरु व्यक्त गर्दै मातृभूमिप्रति अगाध माया, प्रेमका आवाजहरु अभिव्यक्ति भएका छन् ।

ओभ्फेल परेपछि

कवि याम थुलुङको 'ओभ्फेल परेपछि' शीर्षकमा कवितामा लामा छोटा ६ पङ्क्ति पुञ्जका ३९ पङ्क्तिमा लेखिएको छ । गद्य कविताका ढाँचामा प्रस्तुत गरिएको यस कवितको पहिलो र दोस्रो पङ्क्ति पुञ्ज ५/५ पङ्क्ति तेस्रो चौथो, र पाँचौ पङ्क्तिमा ४/४  छैटौंमा सत्र पङ्क्तिमा संरचित कविता हो ।

यस कवितामा कविले समाजमा कुनै एक व्यक्तिले प्रगति गरेको देख्न नसकेर खुट्टा तान्ने प्रवृत्तिले मानिस कहिले पनि आफ्नो लक्ष्यमा पुग्न नसक्ने भन्दै यो समाजको कलङकले तथा विकृति र विसङ्गतिले सभ्य समुन्नत समाजको कल्पना गर्न सकिन्दैन तसर्थ यो हाम्रो परम्परागत विकृतिपूर्ण संस्कृतिलाई जरादेखि नै उखेलेर हाम्रो मन माष्तिष्कबाट हटाउनु पर्छ भन्ने अभिव्यक्त  यस कवितामा कविको भाव पाइन्छ । जस्तै

आगोका लप्काले लपेटिएर
आधा मरी आएको बेला
विचविचैं ऐया ! आत्थाको आवाजले
लटपटिएर ठेलम्ठेल घुइचोसँग
अर्कालाई अघि बढ्न नदिएर
(पृष्ठ ८)

साथै कविको विचारमा यस्ता कहाली लाग्दो चिच्याहट पूर्ण समाजमा नयाँ संसारको कल्पना गर्न नसकिने र समाजको विभिन्न अंग एंवम् घर व्यवहार समेत संस्कारको रुपमा

विकास भएको समाजमा दिनानुदिन खुट्टा तान्ने प्रवृत्तिले जरा गाडेको छ । निर्धार निर्वल र निमुखा मानिसले यो संस्कारबाट गंगन चुम्मी आशा र हिमाल चढ्ने लक्ष्यका साथ कहिले पुग्न नसकिने साथै आफ्नो यात्रामा सयौं कष्ट पनि उभि दिएको एक निर्वल मानिस सवल मानिसको अगाडि सूर्यको किरणको माझ उज्यालोले प्रतिस्पर्धा कहिले पनि गर्नु नसक्ने भएका कारण इमान्दार र असल चरित्रवान् मानिस षड्यन्त्रकारी मानिसको विच सधैं ओझेल पर्छ भन्दै कविले एकले अर्कालाई प्रगतिको पथमा बढ्न नदिने मानिसको प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गर्नुभएको छ । जस्तै

जीन्दगीको हरेक क्षणहरुमा
परिस्थितिले ओझेल परेपछि
सूर्य किरणको माझ दीपको प्रतिस्पर्धा झैं
कस्को के लाग्दो छ ओझेल परेपछि ।

(पृष्ठ ८)

मलाई वाक्क लाग्छ

कवि याम थुलुङले 'मलाई वाक्क लाग्छ' शीर्षक कविताको रचना चार पाउको एक श्लोक भएका पाँच श्लोकमा गरेका छन् ।

प्रस्तुत कवितामा कविले वर्तमान् युगीनसमयमा आधुनिकताका नाममा युवा युवतीले परम्परागत आफ्नो मौलिकता तथा स्वाभिमान र अस्तित्वलाई चटक्कै विर्सेर अर्काको संस्कृतिमा भुलेको दृश्य देख्दा साथै विदेश गएर आफ्नो देशको स्वभिमान गमाएर लाहाचार भएका मानिस र प्रशासनिक कार्यमा कर्मचारीले सेवाग्राहीको काम ढिलो गराई दिँदा तथा संसार नै वा लोक नै व्यक्तिगत स्वार्थमा लिप्त भई आफ्नो दुनो सोझाउन कम्मर कस्दाकविको मन खिन्न वाक्क भएर आउँछ ।

जस्तैः-

आजको ढाँचा र भेषभूषा देख्दा
बोलीचाली र रहनसहन देख्दा
युवक युती र बालबालिका देख्दा
दृश्य यो देख्दा मलाई वाक्क लाग्छ

(पृष्ठ १०)

सबै काममा बिलम्व र सुस्ती प्रक्रियाले
प्रत्येकको आ-आफ्नो दुनो सोझाउने

मनले ठूलाले सानालाई दवाउने पनले
यस्तै पनले मलाई वाक्क लाग्छ ।
(पृष्ठ १०)

यसरी कवितामा गैर जिम्मेवारीको बाटोमा विस्तारै विस्तारै लम्किएका नीज स्वार्थ समाज माथि खरो व्यङ्ग्य गर्दै समाजको बढ्दो विकृति विसंगतिले भ्रेलिएका संरचित समाजमा कविको आत्म चिन्ताजनक देखिन्छ । यस्तो रहस्यमय खिच्चातानीले मानव मानव बीचमा डर लाग्दो कलङ्क वातावरण सृजना भएको र एकले अर्काको मान सम्मान गर्ने बानी क्रमश आएको काटाकाट र मारामारको वातावरणको सृजनाले संसारमा एउटाको कार्यमा अर्काको विरोध गर्ने परम्पराले समाज संकिर्ण सोच र विचारमा पथ प्रर्दशक हुन लागेकोमा कविलाई वाक्क दिक्क मनदेखि नै भएर आउँछ ।

अन्धो मान्छे

कवि याम थुलुङले ‘अन्धो मान्छे’ शीर्षक कवितामा लामा छोटा गी पैँतीस पङ्क्तिमा रचना गरेका छन् । यस कवितालाई पाँच भागमा विभाजित गरिएको छ । पहिलो पङ्क्तिमा आठ दोस्रोमा चार, तेस्रोमा एघार, चौँथोमा पाँच र पाँचौ पङ्क्तिमा सात पङ्क्तिमा प्रस्तत् गरिएको छ ।

यस कवितामा कविले आँखा गुमाएका असक्त अन्धो मान्छेको कारुणिक स्थितिको वर्णन् गर्दै त्यसका बारेमा कविको आफ्ना आत्मधारण पनि व्यक्त गरेका छन् । यस कवितामा कविले वर्णन गरेको अन्धो मान्छे अर्काको सहयोगमा डोऱ्याउँदै छामछुम गर्दै एकपछि अर्का पाइलाहरु चाल्दै भित्री आँखाले संसार हेर्ने एक कारुणिक तथा दयनीय अवस्थाको रुपमा चित्रण गरिएको छ । जस्तैः

सहयोगीकै भरमा छामछुम गर्दै
एकपछि अर्को पाइलाहरु चाल्दो हो
आन्तरिक आँखाले संसार हेर्ने मान्छे
कठै कहाँ पुगी मर्नु पर्दो हो ।
(पृष्ठ ११)

ऊ भिनो आशा संगालेर अर्काको भरमा जीवन गुजार्न ठूलो आशाको साथ भिक्षा माँगी जीवन यापन गर्न विवश भएको एक निर्धा तथ निमुखा मानिसको रुपमा पनि कविले चित्रण गरेका छन् । जस्तै कविको विचारमाः

अर्का कै भरमा जीवन गुजारा गर्ने मान्छे
ठूलो आशा लिएर भिक्षा माँग्दो हो ।

(पृष्ठ ११)

यसरी जीवन  यापनको क्रममा भिक्षा माग्नु पर्दा त्यसको प्रति उत्तरमा तीतो बोली बचत सुन्नुपर्दा कविको मन खिन्न भएर आएको महशुस गर्नु पुग्छ । साथै अर्काको सहारामा हिड्ने अपाङ्ग अन्धो मान्छेलाई उसको अगाडि तरवार, भाला देखाएर पनि भो मरुभूमिलाई हरियाली भने पनि भयो हात्तीलाई भित्ता भन्दा पनि भयो एकातिर बोलाएर अर्कालाई गए पनि भयो भन्दै उसका अगाडि जसले जस्तोसुकै व्यवहार गरे पनि हुन्छ भनि युगीन सामाजिक असमानताप्रति असन्तोष व्यक्त गर्दै मानवतावादी आर्दश विचारको प्रतिपादन गरिएको छ ।

यस कवितामा समाजमा भएका सामाजिक असमानताप्रति आक्रोश व्यक्त गर्दै मानिसले मानिसलाई मानिसका रुपमा हेर्ने मानवतावादी दृष्टिकोण मानवोचित व्यवहार गर्नुपर्ने सन्देश दिएका छन् ।

चट्याङ्ग

कविको यस कवितमा चार पाउको एक श्लोक भएका चार श्लोकमा संरचित रहेको छ । यस कवितामा कविले समसामयिक विचारहरु व्यक्त गरेका छन् । कविको विचारमा चट्याङ्गलाई नीच सर्किण विचार भएको स्वार्थी मानिसको रुपमा लिएर प्रतीकात्मक विचारहरु अघि सारेको पाइन्छ । आज भोलिका मान्छेहरु समाज सेवाको नाममा कोरा आश्वासश देखाएर आफ्नो पेट भोर्ने स्वार्थी समाजलाई व्यङ्ग्य गर्दै चट्याङ्गलाई बर्षादमा मात्र आउने नगरेर हिउँदमा पनि आउने गर साथै कानमा शब्दमा मात्र आउने नगर सबैको घर घरमा आउने गर भनी जो समाजमा आफ्नो हितको लागि मात्र सोच्ने भनाउँदा स्वार्थी व्यक्ति प्रति व्यङ्ग्य गर्दै देश र जनताको हितको लागि अगाडि लम्किने सन्देशका साथ कविले श्लोककाबाट पुष्टि गराउन चाहान्छ । जस्तै

बर्षादमा मात्र नआऊ चट्याङ
हिउँदमा पनि आउन सिक
कानमा शब्द मात्र नआउ चट्याङ्ग
विश्व अघि आँखामा आउन सिक

(पृष्ठ १३)

त्यस्तै कविको विचारमा भलाई गर्ने नाममा अर्काको स्वतन्त्रता र स्वाभिमानलाई आँच पुग्ने काम नगरी साँचिकै अरुको अधिकारलाई दिलाउन यथार्थ रुपमा प्रस्तुत भई मरुभूमि जस्तै जीवन विताउने गरिब दीन दुखीहरुको सेवा गर्ने उद्देश्यले उनीहरुको पीडामा

संलग्न भई उज्यालो प्रकाश दिने गर भनी समाजमा देखिएका संर्किण विचार र स्वार्थी भावमा लिन भएका मानिसहरुप्रति भण्डाफोर गर्नु नै यस कविताको मूल आशय पाइन्छ । सरल सहज शैलीमा रचना गरिएको यस कवितामा प्रकृतिलाई विम्ब र प्रतीकका रुपमा उभ्याएर काव्यलाई सुन्दर बनाई 'सिक' र चट्याङ्ग शब्दहरु पुनरावृत्ति भएकाले कवितालाई लयात्मक र गेयात्मक तुल्याएको छ ।

विरोध

कवि याम थुलुङ्गद्वारा रचित 'विरोध' शीर्षक कविता चार पङ्क्तिमा एक श्लोक भएका सात ओटा श्लोकमा संरचित छ ।

यस कवितामा कविले राजनीतिक दलको नाममा 'विरोध' बन्द हड्ताल चक्काजाम जस्तो आन्दोलनले सर्वसाधारण जनतामाथि परेको दुःख तथा पीडालाई यर्थाथ रुपमा लिएर उठान गरिएको मुख्य विषयबस्तु हो । कविको विचारमा हक अधिकारको नाम बेचेर राजनैति दलहरुले बन्द हड्ताल चक्का जाम गर्छन् तर यो विरोध वास्तवमा स्वतन्त्रता र हक अधिकार तथा अन्याय अत्यचार शोषण, दमन गर्ने र भ्रष्टचारीलाई मात्र फाइदा हुने गरेको जो अन्य र अत्याचारमा परेर पिल्सिएका मासिनहरुको हकहितको अधिकार विरोधले अझ कुण्ठित गरेको भन्दै कविताबाट कविले आफ्नो विचार यसरी पुष्टी गर्नु हुन्छ ।

विरोध गर्छन् यता-उता
म त पर्छु छक्क
विरोधैले सवका काम
पर्ने गर्छन् धक्का
(पृष्ठ १४)

साथै  देशमा विरोधका नाममा अशान्तिको बादलले ढाकेको छ जतातत‍ै भय, हत्या, हिंसा र क्रुरता बढेको बढेकै छ । तसर्थ विरोधले वास्तवमा सेवा सुविधा दिने होइन प्राप्त सेवा सुविधा पनि गुम्ने  खतरामा छ त्यसैले जहिले क्रान्ति र आन्दोलनका नाम जपेर आउँदा देश शान्ति नभएर भयबाह हुने गर्छ भनी कविले यसरी पुष्टी गर्नु हुन्छ ।

वर विरोध पर विरोध
विरोध माथि विरोध
केही छैन सुःख शान्ति
एक आपसको कोरो
(पृष्ठ १४)
विरोध गर्छन् सबैतिर
सुविधालाई धक्का
(पृष्ठ १४)

यसरी विना उपलब्धिको विरोध तथा क्रान्तिले जनतालाई मात्र दुःख हुने र प्राप्त सेवा सुविधा पनि हराएर जाने भएकोले लक्ष्य विहिन आन्दोलन होइन लक्ष्य प्राप्त मात्र क्रान्ति गर्न आवश्यक छ भन्नु नै यस कविताको मूल आशय पाइन्छ ।

सरल सुगम भाषाको प्रयोग साथै भाषा छनोटमा पनि कलात्मक तरिका भएको कारण कविता सुन्दर रहेको पाइन्छ ।

यस्तै छ मेरो हजुरहरुलाई

कवि याम थुलुङद्वारा रचित यस कवितामा पाँच पङक्तिको एक श्लोक भएका चार वटा श्लोकमा संरचित छ ।

प्रस्तुत कवितामा कविले देश र जनताको लागि बलिदान दिने महान योद्धाहरुलाई सम्झना स्वरुप हार्दिक प्रकट गरी बलिदान दिने योद्धाहरुको योगदानलाई कदर नगरी व्यक्तिगत स्वार्थमा लिन भएका मानिसहरुप्रति पनि व्यङ्ग्य गर्नु नै यस कविताको मुख्य विषयवस्तु हो ।

कविले यहाँ देश  र जनताको मुक्तिको लागि हाँसीहाँसी गोली थापी प्राण त्याग्ने राष्ट्रभक्ति सच्चा क्रान्तिकारी व्यक्तिलाई सम्मान गर्न परम कर्तव्य हो भन्दै कविले कविताबाट यसरी अभिवादन गर्नु पुग्छन् ।

क्रान्तिको आवाज उठाउनेहरुलाई
देशको निमित बलिदान दिनेहरुलाई
आफ्नै काँधमा अणुबम बोकी हिड्नेहरुलाई
बैरीको मुटु चिर्नेहरुलाई
सलाम छ मेरो हजुरहरुलाई
(पृष्ठ १५)

त्यसरी नै शोषण, दमन, अन्याय र अत्याचार गर्ने दानवरुपी दुस्मनसँग लड्ने वीर योद्धाहरु साथै राष्ट्रको अस्तित्व, स्वाभिमान र पहिचानलाई जीवन्त राख्ने साँस्कृतिक योद्धाहरुलाई सलाम छ भनी मौलिक पहिचानलाई गुमाउन हराउनु हुँदैन आफ्नो अस्मितालाई संरक्षण र सम्बर्धन गर्नु पर्छ यो हाम्रा जातिको गौरव हो भनी कवि मार्फत यसरी पुष्ठि गर्नु चाहना हुन्छ ।

अत्यचारको विरुद्ध लड्नेहरुलाई
दुश्मनको गोली छातीमा थाप्नेहरुलाई
संस्कार संस्कृतिको जगेडा गर्नेहरुलाई
(पृष्ठ १५)

राष्ट्रलाई केही बनाउँछौ भनेर अगाडि बढेका तर व्यक्तिगत स्वार्थमा मात्र पेट भर्ने राजनेता भनाउँदाहरुप्रति पनि कविले सक्रियता साथ व्यङ्ग्य प्रहार गर्न पुगेका छन् यस

साथै अर्काले गरेको प्रगतिप्रति आँखा लाउनेहरु आँफै लगनशील नभई अरुको श्रममाथि आँखा गाड्ने प्रवृत्ति समाजमा भए गरेका विकृति र विसंगतिप्रत पनि कविले सशक्त आवाज उठाएका छन् ।

यसै गरी कविले आफ्नो देशमा श्रम र पसिना बगाएर राष्ट्रको उन्नति र प्रगति चाहाने तथा देश सिर्गानु सपना बोकेका स्वावलम्वी जनतालाई र देशप्रतिको गहिरो प्रेमको भावना लिने सच्चा देशभक्ति इमान्दार नागरिकलाई राष्ट्रप्रतिको माया तथा स्नेह सलाम छ भनी कविता मार्फत आफ्ना भावनाहरु व्यक्त गर्न पुग्छनन् ।

आन्दोलित मन

राष्ट्र परिवतर्वन गर्न भौतिक श्रम सँगै मानसिक श्रमको पनि उत्तिकै आवश्यकता पर्दछ । तसर्थ आन्दोलनको लागि बन्दुक र बारुदले मात्र संभव हुँदै त्यसको लागि साहित्यका, पत्रकार, बौदिक व्यक्तित्व र जनताको साथले मात्र क्रान्ति सफल हुन्छ यसका साथै आन्दोलनबाट ज्वाराभाट ल्याउन यसका साथै आन्दोलनकारीको अन्तरमनबाट नै जोस् जाँगर र उत्साह जागेर आउनु पर्छ । तब मात्र देशले नयाँ मुहार फेर्ने छ अनि मात्र सबै नागरिकहरुको साझा संविधान बन्न सक्छ र साझा राष्ट्रको परिकल्पना गर्न सकिन्छ । साथै गाउँबस्ती सहरहरुमा देखिएका अध्याँराहरु क्रमश हटाउँदै उज्याला किरणहरुले साथ दिएर जानु पर्छ अनि मात्र खुसीले बोकेको तरवार, वारुद्ध र कलमको सार्थक हुनेछ भनि कविले कविताबाट प्रष्ट पार्न हुन्छ ।

वारुद्धले भरिएको क्रान्ति सँगै
कलमको पनि आन्दोलन चाहिन्छ
(पृष्ठ १६)
करले टेकेको बैसाखीसँग होइन
खुसीले बोकेको तरवार हुनुपर्छ ।
(पृष्ठ १६)

कविको विचारमा भुटानको निरङ्कुश राजाले हजारौं भुटानी नागरिकहरुलाई शरणार्थी बनाई माऊ विनाको चल्ला बनाएर तेस्रो भुलुकमा राखेको छ । तसर्थ हामी अन्याय र अत्याचारमा तथा शोषण र दमनमा परेका भुटानी नागरिकहरु अपेक्षित भएर बाँच्नु परेको दुःख लाग्दो जीवनलाई राष्ट्र नभएको जनता भएर हिड्नु परेकोले निरङ्कुश भुटानी राजासँग क्रान्ति गर्नु भुटानी बफादारी क्रान्तिकारी योद्धाहरु पहाड, डाँडा र मैदानबाट लाया लागेका अन्धकारलाई हटाउन एकजुट भएर आन्दोलनको ज्वारभाटा ल्याउनु पर्छ भनी कविता मार्फत विचार कविले यसरी व्यक्त गर्नु हुन्छ :

अपेक्षित मन अघि सार्नुलाई
आन्दोलनको ज्वाराभाट चाहेको छ
आँकुराहरुमा लाभालाग्ने बेला भो
आर्दशको नवीकरण आवश्यक छ ।

यसरी यस कवितामा कविले क्रान्ति नर्ग केवल एउटा हातले मात्र सम्भव हुँदैन त्यसैले लक्ष्य पूरा गर्न लाखौं जनताको लामबद्ध चाँहिन्छ अनि मात्र कुनै पनि क्रुरर शासकहरुलाई ढाल्न सकन्छि भन्ने भाव रहेको पाइन्छ । तत्सम् तत्सव, र झर्रो नेपाली शब्दहरुको प्रयोग सरल ढंगले हुँदा कविता रसिलो र लयात्मक बन्न पुगेको छ ।

सांराश

यसरी कवि याम थुलुङले यस कविता सङ्ग्रहमार्फत समसामहिक र सामाजिक सन्दर्भका कथ्यलाई यस कवितासङग्रहका मूल्य बनाउँदै उनले देखेका भोगेका यथार्थ र इच्छा गरेका अनुभूतिलाई कविताका विभिन्न शीर्षकमार्फत रस र अलङकारको उचित प्रयोग गरी बर्तमान अवस्थाको लेख्ने काम गरेका छन् । कविले काव्यकलाको माध्यमबाट समाजका विसंगति, विकृति र मानवीय संवेदना यस कवितासङग्रहमा कविको अन्तरचेतनाका सहज र सम्वेदति भाव विम्व निक्कै क्रियाशील बनेर प्रस्तुत भएका छन् । यस कवितासङग्रहमा कविको आफ्नो प्रौढोक्तिमा भाव र निवप्रौढोक्ति पनि कविका विचारहरु यसमा उत्कृष्ट रुपमा रहेका छन् । यस्ता नवप्रतिभाबाट नयाँ नयाँ कार्य सिर्जना हुने अपेक्षा सम्पूर्ण कविता प्रेमीको रहने छ र सर्जकले पाठकको हृदय रसाउन मन पगाल्न सकेमा नै सर्जक र सिर्जना जीवित रहने छन् । त्यस्तै नयाँ पुस्ताका नवप्रतिभा थुलुङको काव्यकारिताले अझ मौलाउने मौका पाउनेछ भन्न सकिन्छ यदि सर्जकले साहित्यिक यात्रामा विश्राम नलिएमा ।

★

# छैटौ परिच्छेद
# उपसंहार

## ६.१ साहित्यकार याम थुलुङको समग्र मूल्याङ्कन

कुनै स्रष्टाले नयाँ वस्तुको सिर्जना गर्नु छ भने दृढ इच्छाशक्तिले मात्र आफ्नो गन्तव्यमा पुग्न सफल हुन्छन् । उनी कुनै सानातिना संकट तथा कठिनाई र अभावसँग पछि नहटी ती चुनौतीहरुलाई सामना गर्दै सफलताको शिखरमा पुग्न सक्छन् । तसर्थ कुनै एउटा सफल व्यक्तिको जीवनभित्र विविध दुःख पीडाका अनेकौं कथा व्यथा लुकेका हुन सक्छन् जीवनयात्रामा आफ्ना पाइला गतिमान बनाउँदैजानेले सानातिना अवरोध देखेर रोकियो भने आफ्नो गन्तव्यमा पुग्न सक्दैन ।

यसरी हेर्दा एउटा सामान्य शिक्षित मध्यम वर्गीय परिवारमा पिता धनप्रसाद थुलुङ (राई) र माता लाखमति सावदेन (राई) को कोखबाट वि.सं. २०३३ साल असोज २५ गते आइतवार दोभान गाउँ निचुला ब्लक सर्भाङ जिल्ला दक्षिण भूटान देशमा कान्छो छोराको रुपमा जन्मेका थिए । उनको जीवनीका विविध खुड्किला र उनका व्यक्तित्वका बहुविध पाटाहरु तथा कृतित्वका बारेमा अघिल्ला परिच्छेदमा विस्तृत रुपमा चर्चा गरिसकिएको छ । उपयुक्त अध्ययनको निष्कर्ष अनुसार याम थुलुङको शिक्षा आर्जनको क्रममा घर परिवारबाट अक्षराम्भ गरी ५ वर्षको उमेरबाट औपचारिक शिक्षा नेपालबाट पास गरी उच्च शिक्षाका लागि भारतको सिलिगुडीमा अवस्थित नेपाली साहित्य परिषद्बाट साहित्य अलङ्कार (BA) सम्म हासिल गर्न पुगे । यसरी शिक्षा आर्जन गर्ने क्रममा भूटानी शरर्णाी भई जीवन यापन गर्ने कठिन समस्याले गर्दा भौतारिनु पऱ्यो तर पनि थुलुङ आफ्नो लक्ष्यमा पुग्न निरन्तर सक्रिय भई विभिन्न पत्रपत्रिकाको सम्पादन गर्दै आएका छन् भने नेपाली साहित्यको विकास क्रममा पनि सक्रिय भएर लागेका छन् ।

विशेष गरी भारतको सिलिगसुडीमा अध्ययन गर्दा साहित्य सिर्जनाका लागि वातावरण पाई प्रभावित भएका थुलुङ पढाइका अतिरिक्त साहित्यिक पत्रकारिता र शिक्षण पेशा गर्दै हाल वर्तमान अवस्थामा निरन्तरता लागि रहेका छन् । कवि भूपी शेरचनको घुम्ने मेचमाथिको अन्धो मान्छे कविता सङ्ग्रहमा सङ्ग्रहित एक उत्कृष्ट कविता 'सहिदहरुको सम्झना'बाट प्रभावित भई साहित्य लेखनमा प्रेरणा जागेको थुलुङ त्यसको फलस्वरुप "द भूटान टाइम्समा" "जीवन घडी" शीर्षक कविता प्रथम पटक प्रकाशित गर्न पुगे । तल्लीन भई सो गतिविधिमा लागि रहेका छन् ।

याम  थुलुङको काव्य सिर्जनामा आफूलाई निरन्तर समादित गरिरहन सकेकाले एकपछि अर्को गर्दै सफलताको सिंढीहरुमा उक्लन सकेका छन् । हालसम्म उनका प्रकाशित पुस्तकाकार रुपमा प्रकाशित कृतिहरु “दोभान” कविता सङ्ग्रह संयुक्त (२०५८), “आँसुका थोपाहरु” गजल सङ्ग्रह (२०६०) “अरक्षित यात्रा” गजल सङ्ग्रह (२०६२) र “रित्तो आंकाश” गजल सङ्ग्रह रहेका छन् । भने थुप्रै फुटकर रचनाहरु विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित भएका छन् ।

याम  थुलुङका व्यक्तित्वका विविध रुपहरु देखा परेका छन् । साथी भाइसँगको उनको व्यवहार सरल, सहज रहेको देखिन्छ । थुलुङको व्यक्तित्वलाई २ रुपमा हेर्न सकिन्छ । साहित्यिक व्यक्तित्व र साहित्येत्तर व्यक्तित्व । साहित्यिक व्यक्तित्वमा कवि, गजलकार, ताङ्का गीतकार, कथाकार र रुवाइकार व्यक्तित्वका रुपमा परिचित छन् । साहित्येत्तर व्यक्तित्वमा सम्पादक व्यक्तित्व, धार्मिक, साँस्कतिक र व्यवसायक व्यक्तित्वका रुपमा थुलुङलाई लिन सकिन्छ । यो मध्ये उनको साहित्यिक व्यक्तित्व नै बढी मौलिएको देखिन्छ ।

नेपाली साहित्यिक विधाको विविध क्षेत्रमा कविता विधाबाट सुरु गरेका थुलुङले संयुक्त कविता सङ्ग्रह प्रकाशित गर्न सफल भए । यस कविता सङ्ग्रहमा कवि थुलुङको १३ वटा कविताहरु सङ्ग्रहित छन् । उनका यस कविताहरुमा समस्याबाट ग्रस्त जीवनका कारुणिक र मार्मिक पक्षलाई उद्घाटन गरेका छन् भने कतै अल्लारे भावुकता पनि उत्तिकै बगेको हुनाले कुनैपनि कविता भाषण र नाराका रुपमा देखिएका छन् । कविताको वाक्य गठनमा त्यत्ति ध्यान नपुऱ्याएको पनि शब्द चयनमा राम्रो ध्यान पुऱ्याएको छन् । गद्यात्मक शैलीलाई प्राथकिता दिई भुटान र भुटानीको समस्यालाई बनाएर लेखिएका कविताका महत्वपूर्ण पक्ष मौलिकता सरलता, लयात्मकता, मार्मिकता र नवीनताहरु रहेको पाइन्छ ।

“दोभान” संयुक्त कविता सङ्ग्रह लिएर आएपछि चर्चित बन्नु पुगेका थुलुङको हालसम्म तीन वटा गजल सङ्ग्रह प्रकाशित छन् । उनको पहिलो पुस्तकाकारको गजल सङ्ग्रह “आँसु” गजल सङ्ग्रह हो । यो कृति आकारका दृष्टिले केही सानो देखिए तापनि विषयवस्तुको दृष्टिले महान रहेको छ । संक्षिप्तता भित्र विस्तृत रहेको छ । जम्मा २६ वटा विभिन्न खालका गजलहरु समावेश गरिएका छन् । यस गजल सङ्ग्रहमा समसामयिक जीवनमा देखेका, भोगेका र कल्पनामा रहेका तिनै अनुभवहरुलाई समेटेर गजलका माध्यमबाट पोखिएका पाइन्छ । उनका यस कृतिमा भुटानी युवाहरुका छट्पटी, तृष्णा आँसु र हाँसोलाई पनि सहज रुपमा उठान गरेका छन् । यसका साथै प्रेम र नारी सौन्दर्यलाई पनि

उनका यस सङ्ग्रहमा ससक्त रुपमा प्रस्तुत गर्न पुगेको छ । थुलुङका यस संग्रहमा संरचनागत रुपमा मतला, मध्यभाग, मकता गजल विधाको विधान अनुसार प्रयोग भई सफल गजल बन्न पुगेको पाइन्छ । साथै विषयवस्तु उठान गर्ने क्रममा यस गजलमा शेर अनुसार विविध किसिमका पाइन्छ । साथै सेर संख्या ४ देखि ५ वटा संख्या सम्म संरचित रहेका छन् । सेर सख्या साथै अनिवार्य तथा निकट्तम सम्बन्ध राख्ने अन्य उपकरणहरु काफिया, रदिफ तखल्स को प्रयोग पनि गजल विधान अनुसार प्रयोग भएको छ ।

उनको दोस्रो प्रकाशित कृति गजल विधा नै रहेको छ । यो गजल सङ्ग्रहको नाम “अरक्षित यात्रा” हो । यस सङ्ग्रहमा ४९ वटा गजलहरु छन् । उनको यस सङ्ग्रहमा सामाकिज, समसामयिक, जीवनवादी र आध्यात्मिक चेतनाको पक्षलाई प्रखर रुपमा पस्कन देखिनु हुन्छ । यसका साथै राज नेताहरुमा देखिएका विसङ्गति र विकृति उपर पनि चुटकिला व्यङ्ग्य प्रहार गर्न उद्यत देखिन्छ । यति मात्र नभएर उनका यस गजल सङ्ग्रहमा गजल विधामा पाइने मुख्य विशेषता श्रृङ्गारिक धारालाई पनि उत्तिकै प्राथमिकता दिएको पाइन्छ । यस गजल सङ्ग्रहमा मानव जीवनका जटिलतालाई कोट्याउने र सरल भाषाशैलीका माध्यमबाट प्रस्तुत गर्ने गरेको पाइन्छ । साथै गजल विधामा संरचनागत विधानलाई हेर्दा काफिया, रदिप र तखल्लुसको प्रयोग सही ढंगले भएको पाईन्छ । साथै सेर संख्याको आधारमा हेर्दा ४, ५ र ६ सेर संख्या भएको पाइन्छ । विषयबस्तुको प्रयोगमा पनि विविधता रहेको छ । यसरी उनको यो दोस्रो कृतिमा पहिलो कृति भन्दा केही विकास भई विगतभन्दा परिमार्जित र संशोधित भएको देखिन्छ । बाहिय तथा आन्तरिक संरचनाको फ्रेम कसिलो पार्न गजलकार व्याकरणगत वर्णविन्यासमा केही उपस्थिति रहेको पनि पाइन्छ ।

गजलकार थुलुङ गजल विधालाई विशेष चासो राख्ने स्रष्टा भएकाले उनले तेस्रो सङ्ग्रहको रुपमा पुग्न “रित्तो आकाश नामक गजल सङ्ग्रह प्रकाशन गर्न पुगे । यो सङ्ग्रहमा ४८ वटा गजलहरु रहेका छन् । भने सेर संख्या ४ देखि ५ वटा सम्म छन् । यस सङ्ग्रहमा गजलकार याम थुलुङले श्रृङ्गारिक सामाजिक विकृति, राष्ट्रिय प्रेम, प्रकृति चित्रण र राजनीतिक भाव आदि बोक्ने गजलहरु सिर्जना गरेका छन् । यसका साथै गजल भित्र आवश्यक तत्वहरु जस्तै काफिया, रदिफ र तखल्लुसको प्रयोग समग्रमा थुलुङ जस्ता चिन्तन र कला सौन्दर्यको प्रयोग धर्मी बौद्धिक साहित्यकारका हातबाट आजको नवीनता चाहने बौदिक पाठकहरुको आशा गरे अनुसार हुनसके नेपाली साहित्यको हरेक विधाले आवश्य फड्को पार्ने छ । थुलुङले हालसम्म जति रचना प्रकाशित गरे त्यसले नेपाली

साहित्यमा एउटा इटाँ अवस्य थपिदैं जानेछन् । कवि, गजलकार, सम्पादक गीतकार, कथाकार, रुवाई र ताङ्का साहित्यिक व्यक्तित्व लिएर भुटानी नागरिक भएपनि नेपाली मूल नागरिकका कारण नेपाली भाषा र साहित्यलाई आफ्नो मौलिक पहिचान बोक्ने अस्तित्व ठानेका थुलुङका रचना संख्यात्मक रुपमा थोरै प्रकाशन भएपनि गुणात्मक रुपमा प्रवल नै देखिन्छ । नेपाली साहित्यको फाँटमा विशेषतः कविता विधाबाट कलम चलाएका थुलुङ हाल आएर नेपाली साहित्यमा छुट्टै पहिचान बोक्ने गजल विधामा विशेष अनुराग राख्ने थुलुङको सिर्जनशीलता र लगनशीलताले गतिरोध नपाओस् । नेपाली साहित्यिक समाजले उनको साहित्यिक योगदानको कदर गर्न नभुलोस् भन्ने कामना गरिन्छ ।

## ६.२ सम्भाव्य शोध शीर्षकहरु

साहित्यकार तथा गजलकार याम थुलुङ्ग (राई)का बारेमा पुनः अध्ययन अनुसन्धान गर्न चाहने शोधार्थीहरूले निम्न लिखित शीर्षकहरूमा शोधकार्य गर्न सक्नेछन् ।

१. याम थुलुङ्गको गजलकारिता अध्ययन ।

२. याम थुलुङको गजल सङ्ग्रहहरुको कृतिपरक अध्ययन ।

३. गजल सिद्धान्तका आधारमा उनका समग्र गजल कृतिहरुको अध्ययन विश्लेषण ।

★